
"शुद्ध बुद्ध ऋषि मन, समृद्ध नगर सुखी नगरबासी हाम्रो अभियान"

१७औं नगरसभाबाट स्वीकृत

वार्षिक नगर विकास योजना

(नीति तथा कार्यक्रम, बजेट, विनियोजन ऐन तथा आर्थिक ऐन)

आ.व. २०८३/०८४



लुम्बिनी साँस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रुपन्देही, लुम्बिनी प्रदेश

नेपाल

वेबसाइट: www.lumbinisanskritikmun.gov.np | ईमेल: lumbiniculturalmunicipality@gmail.com



राष्ट्रिय गान !

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ॥
प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल ।
वीरहरूको रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय ! जय ! नेपाल ॥

लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही

मन्तव्य



लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को १७औँ बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी र गौरवको अनुभूति भएको छ। यस महत्वपूर्ण अवसरमा नगरपालिकाको समग्र विकास, समृद्धि, सुशासन र जनसेवाप्रतिको हाम्रो प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यस नीति तथा कार्यक्रमले नगरवासीका आवश्यकता, आकांक्षा तथा प्राथमिकतालाई केन्द्रमा राख्दै उपलब्ध स्रोत–साधनको अधिकतम र प्रभावकारी उपयोगमार्फत समुन्नत नगरपालिका निर्माण गर्ने हाम्रो साझा संकल्पलाई प्रतिबिम्बित गरेको छ। लुम्बिनी साँस्कृतिक नगरपालिका विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको काखमा अवस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अत्यन्त महत्वपूर्ण नगरपालिका हो।

यहाँको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनको विकास, स्थानीय अर्थतन्त्रको सुदृढीकरण र नगरवासीको जीवनस्तरमा सुधार ल्याउनु हाम्रो प्रमुख दायित्व हो। लुम्बिनीको विश्वव्यापी पहिचानलाई नगरको समग्र विकाससँग जोड्दै स्थानीय उत्पादन, कृषि, पर्यटन, संस्कृति, हस्तकला तथा उद्यमशीलताको प्रवर्द्धन मार्फत रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्न आवश्यक पहल गरिनेछ। यस बजेट, नीति तथा कार्यक्रमले **"समृद्ध नगरपालिका, सुखी नगरवासी"** को मूल भावनालाई आत्मसात् गर्दै शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ, सडक तथा पूर्वाधार, पर्यटन, महिला तथा बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा पछाडि परेका समुदायलाई प्राथमिकतामा राखेको छ। गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा आधारभूत स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। साथै कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक र उत्पादनमुखी बनाउँदै किसानको उत्पादनलाई बजारसँग जोड्ने तथा कृषि उद्यमशीलता प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ। नगरपालिकाको दिगो विकासका लागि भौतिक पूर्वाधारसँगै सामाजिक तथा आर्थिक विकासलाई पनि समान महत्व दिन आवश्यक छ।

सडक, पुल, नाला, खानेपानी, सिंचाइ, विद्युत् तथा सार्वजनिक संरचनाको विकास र स्तरोन्नतिसँगै वातावरण संरक्षण, सरसफाइ तथा हरियाली प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ। विकास निर्माणका कार्यहरूलाई गुणस्तरीय, पारदर्शी र परिणाममुखी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ। हाम्रो नगरपालिका विविध जातजाति, भाषा, धर्म, संस्कार र संस्कृतिको साझा फूलबारी हो। यहाँको मौलिक कला, संस्कृति, परम्परा तथा सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा

आपसी एकतालाई थप मजबुत बनाउने कार्यक्रमहरू सञ्चालन गरिनेछन् । लुम्बिनी क्षेत्रको धार्मिक तथा सांस्कृतिक पर्यटनसँग नगरका अन्य ऐतिहासिक तथा प्राकृतिक क्षेत्रलाई जोड्दै पर्यटकको बसाइ अवधि बढाउने र स्थानीय समुदायलाई पर्यटनबाट प्रत्यक्ष लाभ दिलाउने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ । यसैगरी, महिला, बालबालिका, युवा, दलित, जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न र सीमान्तकृत समुदायको सशक्तीकरणका लागि लक्षित कार्यक्रमलाई निरन्तरता दिइने छ । युवालाई सीप, प्रविधि र उद्यमशीलतासँग जोड्दै वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतालाई क्रमशः न्यूनीकरण गर्ने तथा स्थानीय स्तरमै रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्ने दिशामा नगरपालिका अघि बढ्नेछ । महिला तथा युवाको नेतृत्व विकास र आर्थिक आत्मनिर्भरतालाई समेत प्राथमिकता दिइनेछ। सुशासन, पारदर्शिता र जवाफदेहितालाई नगरपालिकाको विकासको आधारस्तम्भका रूपमा लिइएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, छिटो र नागरिकमैत्री बनाउँदै प्रविधिको अधिकतम प्रयोग गरिनेछ। नगरपालिकाबाट प्रदान गरिने सेवामा पारदर्शिता कायम गर्न, भ्रष्टाचार तथा अनियमितता न्यूनीकरण गर्न र जनप्रतिनिधि तथा कर्मचारीबीच प्रभावकारी समन्वय कायम गर्न आवश्यक संस्थागत सुधारका कार्यहरू अघि बढाइनेछ । नागरिकको गुनासो तथा सुझावलाई विकास निर्माण र सेवा प्रवाह सुधारको महत्वपूर्ण आधारका रूपमा ग्रहण गरिनेछ ।

बजेटका सीमित स्रोत–साधनलाई अधिकतम प्रतिफल दिने क्षेत्रमा परिचालन गर्दै दिगो, समावेशी र सन्तुलित विकासमा जोड दिइएको छ । संघीय सरकार, प्रदेश सरकार, विभिन्न सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, सहकारी संस्था, विकास साझेदार तथा नगरवासीको सहकार्य र साझेदारीबाट मात्र नगरपालिकाको समग्र विकास सम्भव हुने भएकाले सहकार्यको वातावरणलाई थप मजबुत बनाइनेछ । अन्त्यमा, १७औँ बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्पूर्ण नगरवासी, निर्वाचित जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार क्षेत्र तथा सम्पूर्ण सरोकारवालाहरूबाट रचनात्मक सहयोग, सुझाव र सहकार्य प्राप्त हुने विश्वास लिएको छु। हाम्रो साझा प्रयास, इमानदार प्रतिबद्धता र सकारात्मक सोचबाट लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सुन्दर, समुन्नत, समावेशी, आत्मनिर्भर तथा विश्वस्तरीय धार्मिक–सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिनेछ। नगरपालिकाको विकास र नगरवासीको समृद्धिका लागि हामी सबै एकताबद्ध भएर अगाडि बढौँ । समृद्ध, सभ्य र सुशासनयुक्त लुम्बिनी साँस्कृतिक नगरपालिका निर्माण गर्ने हाम्रो अभियान सफल बनाऔँ।

धन्यवाद !

कल्पना हरिजन
कार्यवाहक नगरप्रमुख
लुम्बिनी साँस्कृतिक नगरपालिका
रुपन्देही

लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी, रुपन्देही

मन्तव्य



विकास, सुशासन र सेवाप्रवाहमा अग्रस्थानमा रहने स्थानीय सरकार नागरिकका दु:ख, अभाव, पीडा, असन्तुष्टी र आक्रोशको समेत हिस्सेदार हो।सुशासन, सेवाप्रवाह र रोजगारीका सम्बन्धमा पछिल्लो समयमा देशमा भएको आन्दोलन, राजनीतिक उथलपुथल र त्यस पश्चात्का नागरिकका मत तथा अपेक्षाको अन्तर्यलाई स्थानीय सरकार भएको नाताले सम्वोधन गर्नु अझ थप दायित्वको बिषय हो । जनप्रतिनिधिले नीति, कार्यक्रम तथा बजेटमार्फत र कर्मचारीले सेवाप्रवाह र सुशासनमार्फत ती अपेक्षाको देखिने गरी सम्वोधन गर्नु दुवैको प्रमुख जिम्मेवारी हो । यही दायित्व र जिम्मेवारीलाई आत्मसात गर्दै लुम्बिनी साँस्कृतिक नगरपालिकाले आफ्नो कार्यसम्पादनमा अझ बढी चुस्त व्यवस्थापनका साथ काम गर्ने प्रयत्न गरिरहेको छ । यिनै आधारहरुमा रहेर यस बर्षको नीति तथा कार्यक्रम र बजेटलाई थप परिष्कृत तथा नागरिकमुखी बनाउने प्रयास गरिएको छ ।

देशमा पछिल्लो समयमा भएको परिवर्तन, युवा तथा किशोरकिशोरीहरुका अपेक्षाजस्तै सकभर तत्काल र छिटो एवं सहज सेवा दिने सम्बन्धमा नगरपालिका थप सुधारको बाटोमा छ । यसका लागि नियमित दैनिक प्रशासनिक र व्यवस्थापकीय कार्यहरुका अतिरिक्त सेवाहरुको डिजिटलाईजेशन, निरन्तर रुपमा कर्मचारीहरु बीचको आपसी समीक्षा, छलफल, परामर्श एवं निर्देशन समेतका आधारमा सेवाप्रवाह छिटो छरितो, नागरिकमैत्री एवं परिष्कृत बनाउँदै जनगुनासो कम गर्ने दिशामा सदैव तत्पर रहेका छौं। यसैक्रममा नगरपालिकाबाट सम्पादित प्रमुख उल्लेखनीय कार्य तथा उपलब्धीहरुको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम कक्षा (१-८) तयार गरी यसै शैक्षिक सत्रबाट लागू गरिएको छ भने सबै पाठ्यपुस्तक तयार गरी प्रत्येक विद्यार्थीका हातमा पुर्याउने गरी बजेट विनियोजन गरिएको छ । शिक्षाक्षेत्रमा नवीन कार्यक्रमको रुपमा पालिकामा रहेका सामुदायिक विद्यालयहरुका बालबालिकाको स्वास्थ्य तथा सरसफाईको विकास तथा चेतना अभिवृद्धि गर्न नमूना रुपमा विद्यालय नर्स कार्यक्रम शुरुवात गरिनेछ । लुम्बिनी प्रवेशको द्धारका रुपमा रहेको कक्रहवा बोर्डरमा रहेको गेटमा आकर्षक रंगीन बत्तीहरु जडान गरी रात्रीकालीन आकर्षण सहितको पर्यटकीय मार्ग तयार गरिएको छ भने सार्वजनिक शौचालयको व्यवस्थापन र नियमित सरसफाई गरिएको छ ।

एसियाली विकास बैंकसँगको लगानी सम्झौता अन्तर्गत लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य भईरहेको छ । महिलवार बजारदेखि झुलनीपुरसम्म र मोगलहा देखि मसिना सडकको पुन: बोलपत्र सूचना प्रकाशन भई मूल्यांकनको चरणमा रहेको छ । यसैगरी, वडा नं. १० मा बसपार्कको निर्माण


गर्न आर्थिक बर्ष २०८३/०८४ भित्र बोलपत्र प्रक्रिया अगाडी बढाई सम्झौता गरिनेछ । सरसफाई अध्ययन केन्द्रमा थप भौतिक व्यवस्थापन, सडकको व्यवस्थापनका साथसाथै हरित पार्कको बिस्तृत अध्ययन प्रतिवेदन (DPR) स्वीकृति तथा हरितपार्क निर्माणको शुरुवात गरिनेछ ।नगर अस्पताल निर्माण सम्पन्न भईसकेकोले उक्त अस्पताल सञ्चालन गर्ने सम्बन्धमा आवश्यक स्वास्थ्य पूर्वाधार, जनशक्ति व्यवस्थापन लगायका बिषयमा संघीय सरकारसँग समेत छलफल तथा समन्वयका साथै सबै तयारी गरिनेछ। लुम्बिनीको मुख्य पर्यटकीय प्रवेश केन्द्र पर्सा चोकमा बुद्धमूर्ति सहितको पार्क निर्माणकार्य यसै बर्षभित्र सम्पन्न गरिनेछ।


विश्व बैंकसँगको सहकार्यमा Greater Lumbini Area Development (GLAD) परियोजनाको सम्झौता भई पञ्चबर्षीय कार्यक्रमका रुपमा बजेट विनियोजन भएको र नगरपालिकाको कार्यक्रम अन्तर्गत पर्सा र महिलबार बजारको सबै आधारभूत तथा पर्यटकमैत्री पूर्वाधार सहितको भौतिक विकास तथा सुन्दरीकरण कार्यक्रम शुरुवात गरिनेछ।


पर्यटनमा सहकार्य गर्न लुम्बिनी साँस्कृतिक नगरपालिका, पोखरा महानगरपालिका र भरतपुर महानगरपालिकाबीच पर्यटन प्रवर्द्धन, विकास, असल अभ्यास आदानप्रदान र पारस्परिक सहकार्यका लागि सिल्भर ट्रयाङ्गल (SILVER TRAINGLE) सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । तीनवटै स्थानीय सरकारबाट संयुक्त रुपमा सरोकारवालाहरुसँग समन्वय गरी थप कार्यक्रमहरु अगाडी बढाइनेछ।


लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, बजेट तथा योजना र आवश्यक अन्य बिबरणसहितको यो पुस्तक तयार गर्न अनवरत लागिपर्ने सबै शाखा प्रमुखहरु; बिशेष गरी आर्थिक प्रशासन शाखा, शिक्षा शाखा, कर्मचारी प्रशासन शाखा प्रमुखहरु एवं सबै राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहान्छु।कार्यसम्पादनका सिलसिलामा विभिन्न सुझाव, सल्लाह र मार्गदर्शन प्रदान गर्नुहुने कार्यवाहक नगर प्रमुख, कार्यपालिका परिवार एवं सबै जनप्रतिनिधिज्यूहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसैगरी, सामाजिक, राजनीतिक तथा शैक्षिक क्षेत्रका अग्रणी व्यक्तित्वहरु, चिन्तनशील र सहयोगी स्थानीय युवाहरु, सञ्चारकर्मीहरु, सुरक्षा निकायहरु, नागरिक समाज र सम्बद्ध सबैलाई हार्दिक धन्यवाद छ । आगामी दिनहरुमा हाम्रोतर्फबाट गर्नुपर्ने थप सुधारका लागि सुझावको अपेक्षासहित प्रस्तुत पुस्तक हजुरहरुसमक्ष पेश गरेको छु।

तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क नम्बर: ९८५७०८३१११
सम्पर्क इमेल: gyawalitara200@gmail.com









विषय सूची

क्र.सं.	विषय	पृष्ठ
१	लुम्बिनी साँस्कृतिक नगरपालिकाको संक्षिप्त परिचय	१-२
२	आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम	
३	लुम्बिनी साँस्कृतिक नगरपालिकाको विनियोजन ऐन, २०८३	
४	लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक ऐन, २०८३	
५	लुम्बिनी साँस्कृतिक नगरपालिकाका विभिन्न निर्णयहरु	
६	खर्च मापदण्ड	
७	लुम्बिनी साँस्कृतिक नगरपालिकाको पदाधिकारीहरुको विवरण	
८	लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यरत कर्मचारीहरुको विवरण	
९	स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य प्रमुख तथा कर्मचारीहरुको विवरण	
१०	नगरसभाको उपस्थिति विवरण	

■ ■ ■

लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय, रुपन्देहीको संक्षिप्त परिचय

लुम्बिनी साँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकय क्षेत्र हो । सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो । करीब ११२।२१ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा गाउँपालिका, पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई गाउँपालिका र भारत तथा पूर्वमा कोटहीमाई र मायादेवी गाउँपालिका रहेका छन् । लुम्बिनी साँस्कृतिक नगरपालिकालाई २०७१ बैशाख १५ गते नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरु रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरी जम्मा २१ वडा कायम गरेको थियो । मिति २०७३ फाल्गुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साविकका २१ वडाहरुलाई घटाएर १३ वडाहरु कायम गरिएको छ । यस नगरपालिकामा ९ वटा सामुदायिक मा.वि., ५ वटा संस्थागत मा.वि., २ वटा धार्मिक मा.वि., २३ वटा सामुदायिक आ.वि., ३६ वटा आधारभूत मदरसा, २५ वटा संस्थागत आधारभूत विद्यालय संचालित छन् ।

रुपन्देही जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै विकासको सम्भावना बोकेको नगरपालिकाको रुपमा लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको छ । यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरित नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मुसलमान जाति २९,४६१ जना (३३.७%), दोस्रोमा यादव ११६४८ (१३.३%) र तेस्रोमा लोध ७०९५ (८.१%) हरूको बसोबास रहेको छ । यस नगरपालिकामा १३ वडाहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस नगरमा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केही मात्रामा रहेका छन् । अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, माघि, होली, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिश्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

आ.व. २०८३/०८४ का वार्षिक नीति, कार्यक्रम, बजेट तथा निर्णयहरु

प्रस्ताव नं.१ आर्थिक बर्ष ०८३ ।८४ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष ०८३ ।८४ का लागि तपसिल अनुसारका बार्षिक नीति तथा कार्यक्रमहरु सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

सामाजिक विकास क्षेत्र अन्तर्गतका नीति तथा कार्यक्रमहरु

१. शिक्षा, युवा तथा खेलकुदतर्फः

"गुणस्तरीय र अनिवार्य शिक्षा, समृद्ध लुम्बिनी "हाम्रो प्रतिवद्धता" भन्ने मूल मर्मलाई आत्मसात् गर्दै कुनै पनि समाज र समृद्धिको दिगो जग शिक्षा नै हो । शिक्षामा गरिने लगानीले नै हाम्रा बालबालिका र नगरको सुनौलो भविष्य निर्धारण गर्दछ । यसै यथार्थलाई हृदयङ्गम गर्दै यस वर्ष हामीले परम्परागत शिक्षण शैलीभन्दा माथि उठेर रूपान्तरणकारी कदमहरू चाल्ने संकल्प गरेका छौं । यस वर्ष हामीले सामुदायिक विद्यालयहरूको समग्र शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षलाई सुदृढ बनाउन **"सामुदायिक विद्यालय सुधार मार्गचित्र"** लाई आफ्नो मुख्य मार्गदर्शक सिद्धान्त) Main Roadmap) को रुपमा स्वीकार गर्दै नगरपालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न निम्न नीति तथा कार्यक्रम अबलम्बन गरिने छः

- **अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को पूर्ण कार्यान्वयनः** शिक्षा पाउनु प्रत्येक बालबालिकाको मौलिक अधिकार हो । यसै सन्दर्भमा संघीय कानुन बमोजिमको **"अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५"** लाई यसै वर्षदेखि हाम्रो नगरपालिकाभित्र पनि पूर्ण रूपमा कार्यान्वयनमा ल्याई हरेक नागरिकको शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।
- **विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना र टिकाउः "कोही पनि नछुटून्, कोही पनि नदोहोरिउन"** भन्ने मान्यताका साथ विभिन्न कारणवश विद्यालय भन्दा बाहिर रहेका सबै बालबालिकाहरूलाई पहिचान गरी विद्यालयसम्म ल्याउने र उनीहरूलाई विद्यालयमा टिकाइराख्न विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- **व्यवस्थित नियमन (सामुदायिक, मदरसा र संस्थागत विद्यालय)**: हाम्रो नगरभित्र सञ्चालित सम्पूर्ण शैक्षिक संस्थाहरू-चाहे ती सामुदायिक विद्यालय हुन्, धार्मिक तथा परम्परागत मदरसाहरू हुन्, वा संस्थागत (निजी) विद्यालयहरू हुन्-सबैलाई थप व्यवस्थित, मर्यादित, पारदर्शी र कानुनसम्मत ढङ्गले नियमन (Regulation) गरिनेछ । सबै शिक्षण संस्थामा न्यूनतम शैक्षिक गुणस्तर कायम गर्न सहयोगी भूमिका खेलिनेछ ।
- **प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौताः** विद्यालयको शैक्षिक र प्रशासनिक सुधारका लागि

प्रधानाध्यापकहरूसँग सूचकमा आधारित कार्यसम्पादन सम्झौता (Performance Contract) गरी नतिजा प्रति उत्तरदायी बनाउन निरन्तरता दिइनेछ।

- **"हाम्रो विद्यालय, राम्रो विद्यालय" पूर्वाधार कार्यक्रम:** सबै सामुदायिक विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधार (सुरक्षित भवन, घेराबार, छात्रामैत्री र अपाङ्गतामैत्री शौचालय, शुद्ध खानेपानी) को सुनिश्चितता गरिनेछ।
- **गुणस्तर र सिकाइ उपलब्धि सुधार:** आधारभूत तह र माध्यमिक तह (कक्षा ८ र १०) मा विज्ञान, अंग्रेजी र गणित विषयको न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्न कमजोर विद्यार्थीका लागि **"विशेष उपचारात्मक कक्षा (Remedial Classes)"** सञ्चालन गरिनेछ।
- **पारदर्शी छात्रवृत्ति प्रणाली:** सामुदायिक तथा धार्मिक विद्यालयको छात्रवृत्ति व्यवस्थापन र संस्थागत विद्यालयहरूले नियमअनुसार उपलब्ध गराउनुपर्ने १० प्रतिशत निःशुल्क छात्रवृत्ति वास्तविक लक्षित वर्गले पाउने गरी नगरपालिकाबाट प्रत्यक्ष नियमन गरिनेछ।
- **एकीकृत शैक्षिक क्यालेन्डर:** सामुदायिक, धार्मिक र संस्थागत सबै विद्यालयमा एकरूपता ल्याउन नगरपालिकाको शैक्षिक क्यालेन्डर (Academic Calendar) निर्माण गरी अनिवार्य रूपमा कार्यान्वयन गराइनेछ।
- **दिवा खाजा व्यवस्थापन:** विद्यालयमा विद्यार्थीको नियमितता र टिकाउ दर (Retention Rate) बढाउन स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित र पोषणयुक्त बनाइनेछ।
- **सामुदायिक सिकाइ केन्द्र (CLC) को पुनर्संरचना:** नगरभित्रका सीएलसीहरूलाई केवल साक्षरता कक्षा चलाउने केन्द्रमा मात्र सीमित नराखी **"स्थानीय सीप र उद्यमशीलता विकास केन्द्र"** का रूपमा विकास गरिनेछ। सीएलसीहरू मार्फत स्थानीय महिला, युवा र बेरोजगार नागरिकहरूका लागि कम्प्युटर, सिलाई-कटाई, हस्तकला, र आधुनिक कृषि/पशुपालन सम्बन्धी छोटो अवधिको व्यावसायिक तालिम प्रदान गरी स्वरोजगारतर्फ प्रेरित गरिनेछ।
- **स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण:** नगरभित्रका महत्वपूर्ण धार्मिक स्थल,पर्यटकिय स्थल, प्राकृतिक सम्पदा, भाषा, संस्कृति, कृषि, पेशा व्यवसाय, स्थानीय चाडपर्व, मेला, रहनसहन, जातजाति, भेषभुषा आदि विषयवस्तुहरु झल्किने गरी स्थानिय पाठ्यक्रमको आधारमा कक्षा १-८ को पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
- **नगर शिक्षा विकास कोषलाई निरन्तरता**: नगर शिक्षा विकास कोषलाई निरन्तरता दिदै सो कोषबाट स्वयंसेवक शिक्षक, शैक्षिक पूर्वाधार निर्माण, खेलकुद विकासका क्रियाकलापहरु र अतिरिक्त शैक्षिक क्रियाकलापहरु संचालन गरिने छ।
- **सफा र सुन्दर विद्यालय**: फुलबारी युक्त सुन्दर विद्यालय,हरित विद्यालय तथा सफासुग्घर विद्यालय निर्माण गर्न प्रोत्साहन गर्दै विद्यालयको वार्षिक उत्सवको अवसरमा वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ।

- **सिकाइ स्तर मापन तथा मूल्यांकन**: प्राथमिक तहको अन्तमा कक्षा ५ र आधारभूत तहको अन्तमा कक्षा ८ को सिकाइ स्तर मापनका लागि नगरस्तरीय परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिइनेछ।
- **क्षमता विकास कार्यक्रम**: सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयको शैक्षिक तथ्यांकलाई व्यवस्थित र अद्यावधिक गर्नका लागि IEMIS तालिम, योग तथा ध्यान शिविर, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य, प्र.अ, शिक्षक र बालविकास सहजकर्तालाई क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- **स्काउट कार्यक्रम**: सामुदायिक विद्यालयलाई विद्यार्थीको आकर्षणको केन्द्र बनाउनका लागि प्रत्येक माध्यमिक विद्यालयमा स्काउट कार्यक्रमको शुभारम्भ गरी शिक्षक र विद्यार्थीलाई तालिम प्रदान गरिनेछ।
- **अनुगमन तथा नियमन**: सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरुको गुणस्तर सुधारका लागि अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाई उत्कृष्टताको आधारमा प्रोत्साहन उपलब्ध गराइनेछ।
- **पुरस्कार तथा सम्मान कार्यक्रम**: सामुदायिक, संस्थागत र धार्मिक विद्यालय मध्ये कक्षा ८,१० र १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विद्यालयहरुलाई पुरस्कार तथा सम्मान गरिनेछ।
- **युवा तथा खेलकुद विकास**: नगर खेलकुद विकास समिति गठन गरी खेलकुद विकासको रणनीति तयार गरिनेछ। विद्यालयहरुको नगरस्तरीय खेलकुद कार्यक्रम र राष्टपतिरनिङ्ग शिल्ड प्रतियोगितालाई नियमित रुपमा संचालन गरिनेछ। युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुव्यर्सन, सकारात्मक सोच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालनमा निरन्तरता दिइनेछ।

२. स्वास्थ्यतर्फ:

१. नेपालको संविधान २०७२ ले प्रदान गरेको आधारभूत स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकलाई सुनिश्चित गर्नको लागि नगरपालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थामा जनशक्ति, औषधि लगायत आवश्यक स्वास्थ्य सामाग्रीको आपूर्ति सुनिस्चितता गरिनेछ | साथै आ.व.२०८३/०८४ भित्र १५ शैयाको नगर अस्पताल संचालनको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण , औषधि लगायत आवश्यक अन्य सामाग्रीको व्यवस्था गरि संचालनमा ल्याईने छ।

२. मातृ तथा नवशिशुको मृत्युदर कम गर्नको लागि **"स्वस्थ आमा: स्वस्थ शिशु"** अभियानको साथै थप स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर विस्तार गरि शुन्य होम डेलीभरी नगर बनाइनेछ | मातृ तथा बालस्वास्थ्य हाते पुस्तिका MCH Handbook कार्यक्रम संचालन गरिने छ, लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रमा जन्मिने बच्चाहरुको जन्मदर्ता विवरण विद्युतीय दर्ता प्रणाली कार्यक्रम संचालन गरि अभिलेखीकरण गरिनेछ, साथै स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिलालाई पोषण झोला वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

३. सुत्केरी हुने आमाहरुलाई घरबाट बर्थिङ सेन्टरसम्म ल्याउन र रिफर गर्नुपर्ने आमाहरुका लागि रुपन्देही जिल्ला भित्रका अस्पतालसम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

४. बैकल्पिक चिकित्सा प्रणालीलाई प्रोत्साहन गरी नागरिक आरोग्य केन्द्रको सेवालाई व्यवस्थित गर्दै लगिनेछ।

५. गर्भवति आमाहरुलाई गर्भवती भएको तीन महिना पूरा भए देखि स्वास्थ्य सँस्था मार्फत् निशुल्क क्यालिसयम चक्की वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ।

६. सबै नागरिकमा स्वास्थ्य विमाको पहुँचको सुनिश्चितताका लागि स्वास्थ्य बिमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

७. आँखा परीक्षण, ज्येष्ठ नागरिक स्वास्थ्य, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग लगायतका रोग नियन्त्रणको लागि निशुल्क घुम्ती शिविर संचालन गरि रोगीहरुको स्क्रिनिंग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. ७० बर्ष माथि उमेर समुहको जेष्ठ नागरिकहरुको लागि **"जेष्ठ नागरिकको घरदैलोमा स्वास्थ्यकर्मी"** कार्यक्रम संचालन गरिनेछ।

९. नगरपालिकामा राष्ट्रिय खोप कार्यक्रमलाई प्रभावकारी बनाइ पूर्ण खोपको दिगोपना सुनिश्चितता कायम राखिनेछ। साथै विद्यालय केन्द्रित किशोरीहरुलाई दिईने पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप HPV संचालनलाई निरन्तरता दिन आवश्यक रकमको व्यवस्था मिलाईने छ।

१०. सरकारी तथा गैह्रसरकारी संस्थाहरुको समन्वयमा विभिन्न किसिमका सर्ने तथा नसर्ने रोगहरुको बारेमा सचेतना कार्यक्रम, सुरक्षात्मक कार्यक्रम र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११. स्वास्थ्य संस्थाबाट निस्किने संक्रमणजन्य फोहोरमैला व्यवस्थापनको नीति लिइनेछ साथै सबै स्वास्थ्य संस्थाहरुमा शुद्ध खानेपानी व्यवस्था मिलाउन पहल गरिने छ।

१२. सबै स्वास्थ्य संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि ब्यबस्थापन तथा संचालन अनुदान रकमको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१३. सञ्चालित कार्यक्रमहरूको सूचकमा आधारित मासिक/चौमासिक समीक्षा गरी कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्ने व्यवस्था मिलाइनेछ।

१४. प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत प्रसुती सेवा प्रदायकहरूलाई उपलब्ध गराउदै आएको रात्रिकालिन र जोखीम भत्तालाई निरन्तरता दिइनेछ।

१५. नसर्ने रोगको रोकथामका लागि व्यवहार परिवर्तनका कार्यक्रम साथै ३० वर्ष माथिका नागरिकमा उच्च रक्तचाप, मोटोपनाको स्क्रिनिंग गरिनेछ र पहिचान भएका मुटुरोग, मधुमेह लगायतका रोगीलाई निशुल्क औषधि वितरणको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१६. २ बर्ष सम्मका वालबालिकाहरुको वृद्धि अनुगमन कार्यक्रम हरेक ३/३ महिनामा सन्चालन गरिनेछ साथै ५ बर्ष मुनिको सम्पूर्ण बालबालिकाको पोषण अवस्थाको लेखाजोखा एवम् परिक्षण कार्यक्रम संचालन गरि अति शिघ्र कुपोषित, मध्यम शिघ्र कुपोषित र कम तौल भएका वालबालिकाहरुको पहिचान गरि (OTC)

बहिरंग उपचार केन्द्र मार्फत उपचारको व्यवस्था मिलाउन क्रमशः सबै स्वास्थ्य संस्थाहरुमा (OTC) बहिरंग उपचार केन्द्र विस्तार गर्दै लगिने छ।

१७. सम्पूर्ण स्वास्थ्यसंस्थाहरूलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था सुचिकृत गर्नको लागि निर्देशिकाको मापदण्ड अनुसार कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ।

१८. सबै स्वास्थ्य संस्थाहरुलाई सुचना प्रविधिमैत्री वनाउन आवश्यक पर्ने स्रोत र साधनको व्यवस्था मिलाइनेछ।

१९. खोप क्लिनिक, गाउँघर क्लिनिक र जिर्ण भएका स्वास्थ्य संस्थाहरुको भवन मर्मत सम्भार, निर्माण तथा कोठा थपको व्यवस्था मिलाइनेछ।

२०. प्रयोगशाला सेवालाई सबै स्वास्थ्य संस्थाहरुमा क्रमस विस्तार गर्दै लगिने छ ।साथै गर्भवती महिलालाई निशुल्क प्रयोगशाला जाँचको व्यवस्था लाई निरन्तरता दिइनेछ।

२१. यस नगरपालिका भित्र रहेका एच. आई.भी .पोजेटिभ भएकाहरूको लागि पोषण सामग्री बितरण तथा पोजिटिभ बच्चाहरूको लागि अध्ययन छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिईनेछ।

२२. डेंगु रोग नियन्त्रण को लागि लामखुट्टेको बासस्थान पत्तालगाई "लार्भा खोज र नस्ट गर" अभियान संचालन गरिने छ।

२३. सबै स्वास्थ्य संस्थाहरूद्वारा प्रदान गरिने स्वास्थ्य सेवालाई प्रबिधि मैत्री बनाउदै Software को प्रयोग गरि क्रमश सबै स्वास्थ्य सस्थालाई EHMIS (Electronic Health Management Information System) मा आबद्ध गरी सेवा प्रदान गरिने छ ।सवै स्वास्थ्य सस्थाहरुमा विद्धुतिय हाजिर(Electronic Attedence) उपकरण जडान गरि कर्मचारीहरुको अनुगमनलाई प्रभावकारी बनाईने छ।

२४. सबै वडाहरुमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पाठेघर खस्ने समस्याको स्क्रिनिंग तथा व्यवस्थापन गर्ने नीति लिइनेछ, साथै सबै स्वास्थ्य सस्थाबाट नर्सिङ्ग कर्मचारी हरुलाई VIA Test तालिमको ब्यबस्था गरिने छ।

२५. लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रदान गरिरहेको एन्टी रेविज भ्याक्सिनको आपूर्तिलाई व्यवस्थित गर्दै लगिनेछ।

२६. ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम मार्फत सबै गर्भवती महिलालाई निशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्ने नीति लिइनेछ।

२७. नगरपालिका भित्रको स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुको प्रबिधि मैत्री सेवा संचालनको लागि आवश्यक आधारभूत कम्प्युटर तालिमको व्यवस्था गरिने छ। अनलाइन प्रतिवेदन प्रणालीलाई प्रभावकारी लागु गर्न प्रत्येक स्वास्थ्य सस्थाहरुमा १-१ वटा ल्यापटपको व्यवस्था गरिने छ।

२८. सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्तिको व्यवस्था गरी कार्य सम्पादन सूचकका आधारमा नियमित अनुगमन र मुल्याङ्कन गरिने छ।

२९. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले समुदायमा पुर्याएको योगदानलाई सम्मान गरि प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिईनेछ । ६०वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक बिदाई गर्न आवश्यक रकमको व्यवस्था मिलाइने छ ।

३०. माध्यमिक तहको विद्यालयहरुमा क्रमशः बिद्यालय नर्स कर्मचारी ब्यबस्था गरि बिद्यालय नर्स कार्यक्रम संचालन गरिने छ ।

३१. क्यान्सर रोग, मुटु रोग, हेड इन्जुरी र आकस्मिक दुर्घटनाको अबस्थामा बिरामीहरुलाई उपचार गर्ने अस्पताल सम्म पुर्याउनको लागि निशुल्क एम्बुलेन्सको ब्यबस्था मिलाईने छ ।

३२. लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत संचालित निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, फार्मेसी, ल्याबहरुलाई नगरपालिकामा अनिवार्य सुचिकृत तथा दर्ता गराई नियमन, अनुगमन, निगरानी तथा रेखदेख गर्ने नीतिलाई प्रभाकारी रुपमा लागु गरिने छ ।

३३. नगरपालिकामा रहेको नागरिक आरोग्य केन्द्रलाई व्यस्थित गर्दै लगिनेछ, औषधीको व्यवस्थापन साथै योग ध्यान शिविर संचालन गरिने छ ।

३४. आत्महत्या न्यूनिकरण, मानसिक स्वास्थ्य प्रवर्धन तथा परामर्श सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।

३५. स्वास्थ्य संस्थाहरुवाट निस्किने संक्रमण जन्य फोहरलाई निर्मलीकरण गरी उचित व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिनेछ |

३६. नगर अस्पताल संचालन गरी हाइड्रोसिल लयागत अन्य सल्यक्रियाका लागि कार्यविधि बनाई सेवा संचालन प्रक्रियालाई अगाडि बढाइनेछ ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फः

१. सामाजिक न्याय र सामाजिक समानता कायम गर्न समतामा आधारित आयमूलक रोजगारमूलक र लक्षित वर्ग उन्मुख कार्यक्रम तथा तालिमको व्यवस्था गरी क्षमता बिकास गरिनेछ ।

२. महिला शसक्तिकरण शिक्षामा महिलाको पहुँच शिक्षामा महिलाको पहुँच अन्धविश्वास र रुढिवादी प्रथाका विरुद्धमा जनचेतना, महिला हिंसा, अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. हिंसा पीडित महिलालाई मनोसामाजिक परामर्श तथा पुनर्स्थापनाका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

४. यस नगरपालिकाको न्यायिक समितिमा आउने महिला हिंसा सम्बन्धी उजुरीहरु सुनुवाईका लागि महिलामैत्री वातावरण मिलाइनेछ ।

५. महिला माथि हुने आर्थिक, सामाजिक, घरायसी भेदभाव बालबिवाह र अनमेल विवाहलाई निरुत्साहित गर्न बालिका सुकन्या धन योजना र मेयर कन्या विवाह योजना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. अपाङ्ग पहिचान गरि स्वास्थ्य शिविर र निशुल्क रुपमा सहायक सामाग्री उपलब्ध गराइ अपाङ्ग लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. सामाजिक विकृति दाइजो वालविवाह लैङ्गिक भेदभाव जातिय विभेद अन्धविश्वास र रुढिबादी प्रथा जस्ता कुप्रथाको निरुत्साहन गरिनेछ।

८. लैङ्गिक हिंसा न्युनिकरण कोष स्थापना गरि लैङ्गिक हिंसा निरुत्साहन गरिनेछ।

९. बालबालिकाहरुलाई बालविवाह लागु पदार्थ विरुद्ध दाइजो प्रथा, जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

१०. एकल महिलाहरुको क्षमता विकास गर्न क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. ज्येष्ठ नागरिकहरुलाई दिवा सेवा केन्द्र स्थापना गर्ने प्रक्रिया अगाडी बढाईनेछ।

१२. ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम लाई निरन्तरता दिइनेछ।

१३. सिमानाकाबाट हुने मानवबेचविखन तथा ओसारपसारलाई नियन्त्रण गर्न सघ सस्था सगँ समन्वय गरी कार्यक्रम सचालन गरिनेछ।

४. सामाजिक सुरक्षा तथा संरक्षणतर्फ

१. पालिकाभित्र बसोवास गर्ने जेष्ठ नागरिक, एकल महिला, अशक्त र अपाङ्ग व्यक्तिहरुले पाउने सेवा र सुविधा तथा आर्थिक पक्ष सामाजिक सुरक्षा भत्तामा सहजिकरण गर्ने स्थानिय सरकारको लक्ष्य अन्तर्गत बैंकसँग समन्वय गरी छिटो सजिलो र सहज ढङ्गबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२. बैंकका पदाधिकारी, वडा सचिव र कम्प्युटर अपरेटरहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा तथा भत्ता वितरण सम्बन्धी तालिम दिन आवश्यक रहेको हुनाले तालिमको व्यवस्था गरिनेछ।

३. बैंकका पदाधिकारी, वडा अध्यक्ष र पालिकाको कर्मचारी सहित वैठक वसी सामाजिक सुरक्षा तथा भत्ता वितरण सम्बन्धी बैंक संगको समझौता गर्ने।

४. बैशाख को पहिलो सप्ताह व्यक्तिगत घटना दर्ता ३५ दिन भित्रै सम्बन्धित वडामा दर्ता गर्न गराउनका लागि शिविर सञ्चालन, सचेतना मुलक /अभिमुखिकरण तथा अभियान कार्यक्रम संचालन गरिनेछ।

५. सामाजिक सुरक्षा, घटना दर्ता सम्बन्धी विवरण नियमित अध्यावधिक गरी M.I.S. प्रणालीमा राखिनेछ र वेवसाइटमा प्रकाशन पनि गरिनेछ।

६. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न E.F.T बैंकिङ प्रणालीमा आवद्ध गरिएकोमा यस प्रक्रियालाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ।

७. घटना दर्तालाई प्रभावकारी बनाउन टोल टोलमा घटना दर्ता सचेतना कार्यक्रम गराउने व्यवस्था मिलाइनेछ।

५. भाषा, कला तथा संस्कृति तर्फ

१. लुम्बिनी साँस्कृतिक नगरपालिकाभित्र विद्यमान धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण,

संवर्द्धन र प्रवर्द्धन गर्दै धार्मिक सहिष्णुता, सामाजिक सद्भाव तथा सांस्कृतिक एकताको विकास गरिनेछ। रुमिन्देई माई मेला (महोत्सव), बुद्ध जयन्ती, माघी पर्व (खिचडी महोत्सव), यज्ञ, जलसा तथा अन्य धार्मिक एवं सांस्कृतिक पर्व-त्सवहरुलाई व्यवस्थित, मर्यादित र पर्यटनमैत्री रूपमा सञ्चालन गरिनेछ।

२. लुम्बिनी क्षेत्रको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगर तथा संस्थासँग सांस्कृतिक सम्बन्ध विस्तार, अनुभव आदान–प्रदान तथा सहकार्यको नीति अवलम्बन गरिनेछ।

३. स्थानीय भाषा, साहित्य, लोककला, लोकसंगीत, नृत्य, भेषभूषा, मौलिक खानपान तथा परम्परागत सीप–कलाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्दै तिनलाई पर्यटन तथा रोजगारीसँग आबद्ध गरिनेछ। स्थानीय उत्पादन र सांस्कृतिक सम्पदामा आधारित सृजनशील उद्योग तथा उद्यम विकासलाई प्रोत्साहन गरिनेछ।

४. नगरपालिकाभित्र बोलिने विभिन्न मातृभाषा, थारू, अवधी, भोजपुरी लगायत स्थानीय भाषाको संरक्षण, संवर्द्धन तथा पुस्तान्तरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय भाषामा साहित्य, प्रकाशन तथा सांस्कृतिक सामग्री उत्पादनलाई प्रोत्साहन गरिनेछ।

५. बालविवाह, छुवाछुत, लैङ्गिक विभेद, दाइजो प्रथा तथा अन्य सामाजिक विकृति र कुरीतिहरूको अन्त्यका लागि जनचेतनामूलक तथा रूपान्तरणकारी कार्यक्रम सञ्चालन गरिनेछ।

६. नगर क्षेत्रभित्र रहेका गुम्बा, मठ, मन्दिर, मस्जिद, चर्च, धर्मशाला, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण, व्यवस्थापन तथा सौन्दर्यीकरण गरी धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

७. लुम्बिनीको विश्वव्यापी धार्मिक तथा सांस्कृतिक महत्वलाई थप उजागर गर्दै सनातन धर्म, बौद्ध धर्म तथा अन्य धार्मिक सम्पदासँग सम्बन्धित बहुवर्षीय तथा गौरवका आयोजनाहरूलाई आवश्यक स्रोत व्यवस्थापन गरी निरन्तरता प्रदान गरिनेछ।

८. युवा पुस्तामा कला, संस्कृति र नैतिक मूल्यको विकास गर्न विद्यालय, समुदाय तथा सांस्कृतिक संस्थासँगको सहकार्यमा सांस्कृतिक प्रतियोगिता, प्रतिभा पहिचान, संग्रहालय तथा सांस्कृतिक प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।

९. **"संस्कृति संरक्षण, पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धि"** को अवधारणालाई आत्मसात गर्दै लुम्बिनीलाई धार्मिक, सांस्कृतिक तथा सभ्यतागत पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गरिनेछ।

६. खानेपानी तथा सरसफाईतर्फः

१. नगरपालिकाको सबै वडाहरूमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिन ओभरहेड ट्याङ्कीको व्यवस्थापन तथा सञ्चालनमा ल्याइनेछ।

२. खानेपानी सरसफाइ तथा स्वच्छता योजनालाई निरन्तरता दिइनेछ।

३. खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्य गर्न चाहने हरेक निकायले नगरपालिकाको वाश योजना अन्तर्गत रहेर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।

४. आर्सेनिक तथा किटाणुयुक्त पानीको प्रयोग हटाई सुरक्षित खानेपानीको प्रयोग, व्यक्तिगत सरसफाई, फोहोरमैलाको बर्गीकरण, सँकलन र व्यवस्थापन तथा सुरक्षित शौचालय प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ ।साथै टोल विकास सँस्थाहरुलाई फोहोरमैलाको वर्गिकरण, सङ्कलन, प्रशोधन एवं पुनः प्रयोग सम्बन्धी तालिम प्रदान गरी गाँउ टोलमा पूर्ण सरसफाई अभियान चलाइ फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

५. नगरक्षेत्रभित्र उत्सर्जित फोहोरमैला व्यवस्थापन गर्न साझेदार निकायद्धारा संभाव्यता अध्ययन गरी निजि साझेदारीको अवधारणा अनुरुप व्यवस्थापन गरिनेछ ।

६. टोल विकास सँस्थाहरुको समन्वयमा नगर क्षेत्रभित्रका हरेक टोल, वस्ती, विद्यालय तथा सार्वजनिक क्षेत्र एवँ संघ संस्थाहरुलाई स्वच्छ सफा र हराभरा बनाउन सरसफाइ कार्यक्रम सञ्चालनमा निरन्तरता दिईनेछ ।

७. पशुपन्छी तथा भान्साजन्य कुहिने वस्तुहरुको पहिचान गरी प्राङ्गारिक मल बनाउन प्रोत्साहन गरिनेछ ।

८. कुनैपनि निकायबाट खानेपानीको हैन्डपम्प जडान गर्दा कम्तीमा १६० फिट गहिरो हुने गरी मापदण्ड अनुसार गर्ने गरी व्यवस्था गरिनेछ ।

९. घोषित खुला दिसामुक्त क्षेत्रको अनुगमन गरी थप सुधार गर्न विभिन्न सरोकारवाला संघसंस्थासँग सहकार्य गरिनेछ ।

१०. शौचालय प्रयोगमा निरन्तरता ल्याउन जनसमुदायलाई प्रोत्साहन गरिनेछ ।

११. बिद्यालय मार्फत सरसफाईका कार्यक्रमहरु परिचालन गराउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१२. यस नगरपालिका भित्रको मुख्य-मुख्य चोकहरुमा क्रमशः सार्बजनिक शौचालय तथा खानेपानीको निर्माण गरिँदै लगिनेछ । यस न.पा. भित्र रहेका स्वास्थ्य सँस्थाहरुमा शौचालय, खानेपानी तथा त्यहाँबाट निस्किने फोहोरमैलाका व्यवस्थापन गरिनेछ ।

१३. यस नगरपालिका भित्र निस्केका विभिन्न किसिमका फोहरमैलाको वर्गीकरण सँकलन तथा फोहोरमैला व्यवस्थापनको लागि निर्माण भएको सरसफाइ अध्ययन केन्द्र तथा हरित पार्कलाई आधुनिक एवँ वैज्ञानिक ढँगले व्यवस्थित गरी फोहोरलाई मोहरमा रुपान्तरण गरिनेछ ।

१४. हरेक किसिमका फोहोर सँकलनका लागि चोक चोकमा डस्टबिनको व्यवस्थापन गरिनेछ ।

१५. फोहोरमैला व्यवस्थापन लगायत अन्य विकासको क्षेत्रमा टोल विकास सँस्थाहरुलाई सँलग्न गराई जिम्मेवार बनाइनेछ ।

१६. टोल विकास सँस्थाहरुलाई गठन तथा परिचालन कार्यविधि २०७८ बमोजिम गठन एवँ पुर्नगठन गरी सम्बन्धित वडा कार्यलयमा दर्ता गर्ने र आफ्नो टोलको योजनाहरुमा समेत सँलग्न भई सहयोग गर्ने वातावरण मिलाईनेछ ।

१७. फोहोर सँकलन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सरसपायकर्मी तथा ढुवानी साधन थप गरी नियमित रुपमा कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै साकलन गरी छुट्टयाउन लाग्ने श्रम, लागत र समयको बचत गर्ने नीति अवलम्बन गरिनेछ।

१८. लुम्बिनी साँस्कृतिक नगरपालिकालाई उच्च सरसफाइयुक्त हरियाली प्रर्वद्धन गर्ने तथा पर्यटकीय दृष्टिकोणले सुन्दर बनाईराख्ने गरी प्रत्येक टोल विकास सँस्थालाई चलायमान गराउने प्रत्येक टोल विकास संस्थाले स्वैच्छिक रुपका सरसफाइ अभियान सञ्चालन गर्ने

१९. नगरपालिकाद्धारा गठन भएको टोल विकास सँस्थाहरुमध्ये सबै भन्दा बढी सरसफाइका सूचक पूरा गर्नेलाई उत्कृष्ट गाउँको रुपमा कार्यविधि/मापदण्ड बनाई पुरस्कृत गरिनेछ।

आर्थिक विकास क्षेत्र अन्तर्गतका नीति तथा कार्यक्रमहरु

१. कृषितर्फः

१. बैदेशिक रोजगारमा जान खोजिरहेका युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न व्यावसायीक बाली सघनता अपनाएर आवश्यक तालिम, मल, बीउबिजन र माटो सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि हरियो मलको व्यवस्था गराई कृषि पेशालाई आकर्षक र सम्मानजनक पेशाको रुपमा अंगिकार गरिनेछ।

२. कृषकहरुको मागमा आधारित अनुदान कार्यक्रम बीउबिजन जैविक मल बिषादीहरु, कृषि यन्त्र उपकरणहरु, कृषक समुहहरुलाई अनुदानको व्यवस्था मिलाईनेछ।

३. स्थानीय सम्भावनाका आधारमा एक वडा एक उत्पादन पकेट क्षेत्र र नमूना कृषि फर्मको अवधारणा अगाडि बढाईनेछ।

४. खाद्य सुरक्षा, खाद्य स्वच्छता प्रवर्द्धन तथा नियमन गर्न कार्य विधी बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५. कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषि पेशाको व्यवसायीकरण एवम विविधिकरणका लागि विकसित प्रविधिहरुको विषयमा तालिम संचालन गरी कृषि पेशालाई आकर्षक र सम्मानजनक पेशाको रुपमा स्थापित गराईनेछ।

६. अत्याधिक रुपमा प्रयोग हुँदै आएको रासायनिक विषादिलाई निरुत्साहित गरी प्रत्येक वडामा बाली संरक्षण कार्यक्रम अन्तर्गत आकस्मिक सेवा, बाली उपचार, घुम्ती शिविर, जैविक विषादी सम्बन्धी तालिम जनचेतनामूलक क्रियाकलापहरु संचालन गरी जैविक खेतीलाई (organic farming) जोड दिईनेछ।

७. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि कृषक पाठशाला, कृषक तथा प्राविधिक बीच अन्तरक्रिया गोष्ठी सञ्चालन गरिनेछ, भूमिगत तथा सतह सिंचाईमा विशेष जोड दिईनेछ।

८. स्थानीय प्रजातिका कालानमक धानबाट उत्पादित चामलको प्याकेजिङ्ग र ब्रान्डिङ्ग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्रिवितरण गर्न निजी क्षेत्र र कृषक समूहलाई विशेष प्रोत्साहन गरिनेछ।

९. एक घर एक करेशाबारी एवंम पाँच कठ्ठा भन्दा माथी व्यवसायिक फलफूल खेति गर्ने कृषकहरुलाई विशेष अनुदानको ब्यवस्था मिलाईनेछ।

१०. कृषि कार्यक्रमलाई प्रभावकारी रुपमा सँचालन गर्नको लागि नगरस्तरीय कृषक सञ्जाल गठन गरिनेछ।

११. भर्मिक कम्पोष्ट मल प्रयोगलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ।

१२. यस नगरपालिकालाई बीउमा आत्मनिर्भर बनाउन बिज वृद्धि कार्यक्रमलाई अगाडि बढाइनेछ।

१३. उत्पादनको आधारमा अनुदान दिएर कृषकहरुलाई विशेष प्रोत्साहन गरी कम्तीमा एक बर्षमा ३ पटक बाली लगाउने व्यवस्था मिलाईनेछ।

२. पशुपन्छी विकासतर्फः

१. पशुजन्य उत्पादनको लागत मूल्य घटाउन र स्वस्थ पशुपालन प्रणालीको विकास गर्न घाँस विकास कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्नका लागि अनुदानमा घाँसको बीउ खरिद गरी वडाबाट वितरण गरिने छ।

२. पशु उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न नश्ल सुधार कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न कृत्रिम गर्भाधान सेवा र उन्नत प्रजातिका बाख्रा एवं बोका अनुदानमा वितरण गरिनेछ।

३. खुला सीमाना भए सँगै विभिन्न सरुवा रोग (भ्यागुते, चरचरे, खोरेत, लम्फी स्किन र पि.पि. आर आदी) को उच्च जोखिम भएकोले खोप सेवा कार्यक्रम उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

४. वर्डफ्लु, खोरेत, पि.पि.आर. जस्ता विषाणु युक्त रोगहरु र आगलागी जस्ता घटना जुनसुकै बेला हुनसक्ने सम्भावना भएकोले आकस्मिक पशुपंक्षी रोग निवारण र उपचारको व्यवस्था गरिनेछ।

५. पशुपंक्षी तथा मत्स्यमा लाग्ने विभिन्न प्रकारका आन्तरिक तथा वाह्य परजिवी, विभिन्न प्रकारका रोगको उपचारको लागी नगरपालिकामा निःशुल्क औषधिको व्यवस्था मिलाईनेछ।

६. पशुपंक्षीहरुमा उपचार सेवा र कृत्रिम गर्भाधान सेवा सजिलो तरिकाबाट प्रदान गर्न नगरपालिका लगायत नगरपालिकाको वडाहरुमा ट्रेबिजको निर्माण गरिने छ।

७. पशु स्वास्थ्यलाई मध्यनजर गर्दै निःशुल्क पशु स्वास्थ्य शिविर, बाँझोपन निवारण शिविर सञ्चालन गरिनेछ।

८. कृषकहरुलाई सीप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्धति विकासका लागी पशुपंक्षी र मत्स्य उद्यमी कृषकका लागि विभिन्न पशुपालन माछा पालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

९. नगरपालिकालाई दुध, मासु, माछा र फुल तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउनका व्यवसायिक पशुपंक्षी तथा मत्स्य पालक कृषक, कृषक समुह, उद्यमी, सहकारी, संस्था र फार्महरुको लागि अनुदानमा प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१०. व्यवसायिक माछापालन कार्यक्रमलाई प्रवर्द्धन गर्न सार्वजनिक पोखरीहरुको ठेक्का बन्दोबस्त मिलाईनेछ।

११. पशुपंक्षी बिमाको बारेमा अध्ययन गरी प्रिमियम अनुदानको व्यवस्था मिलाईनेछ।

१२. नगरक्षेत्र भित्र रहेका मासु व्यवसायीहरुको नियमित रुपमा अनुगमन गरी स्वस्थ र स्वच्छ मासु विक्री वितरण गराउन आवश्यक पहल गरिनेछ।

१३. शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी विकास कोषको पर्खाल वरिपरि नगरपालिका क्षेत्र भित्र खुला रुपमा अव्यवस्थित पशु वध गर्न बन्देज गरी प्रभावकारी व्यवस्थापन गरिनेछ।

१४. नगरपालिकाभित्रका बिमा भएका गाई भैसिहरुका लागि पशु सुत्केरी पोषण तथा पोत्साहन भत्ताको व्यवस्था मिलाईनेछ।

३. सहकारीतर्फ:

१. सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधान गर्न सहकारी सम्बन्धी कानूनमा आवश्यक सुधार गरिनेछ।

२. कृषि सहकारीहरुको निरन्तर अनुगमन गरी पारदर्शी रुपमा रासायनिक मल, बीउबिजन, किटनाशक औषधी लगायत कृषकको लागि आवश्यक कृषि सामाग्री वितरणलाई व्यवस्थित तुल्याइनेछ।

३. हाल सम्म COPOMIS मा आवद्ध नभएको संस्थाहरुलाई COPOMIS प्रविधिमा आवद्ध गराइनेछ।

४. युवाहरुलाई बचत तथा लगानीमा चेतना अभिवृद्धि गरिनेछ।

५. सहकारीहरुको क्षमता विकासका लागि विभिन्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. सहकारीहरुलाई उत्पादनसँग जोड्न प्रेरित गरिनेछ।

७. सक्रिय सहकारीहरुलाई प्रोत्साहित गर्न आवश्यक क्षमता विकास र जिविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

८. लुम्बिनी क्षेत्रका सहकारीहरुलाई राष्ट्रिय अर्थतन्त्रको संबाहकको रुपमा स्थापित गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. वडाबाट प्रमाणित भएका सहकारीलाई मात्र मलखाद वितरणको अनुमति दिईनेछ।

४. उद्यम विकासतर्फ:

१. स्थानीय स्रोत, साधन, सीप तथा प्रविधिको उपयोगलाई प्रोत्साहन गर्दै उत्पादनमूलक तथा रोजगारमुखी उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२. बेरोजगार युवा, महिला, दलित, जनजाति तथा विपन्न वर्गलाई लक्षित गरी मागमा आधारित सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन गरिनेछ।

३. लघु उद्यम विकास कार्यक्रममार्फत स्वरोजगार तथा रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिनेछ।

४. महिलाहरूको आर्थिक सशक्तीकरणका लागि आयआर्जन तथा उद्यमशीलतासँग सम्बन्धित विभिन्न सीपमूलक तालिम सञ्चालन गरिनेछ।

५. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप, अनुभव र पूँजीलाई स्थानीय उद्यम विकासमा उपयोग गर्न प्रोत्साहन गरिनेछ।

६. स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ तथा प्रदर्शनीका माध्यमबाट उद्यमीहरूको बजार पहुँच विस्तार गरिनेछ।

७. उद्यमी तथा साना व्यवसायीहरूको वित्तीय पहुँच अभिवृद्धिका लागि बैंक तथा वित्तीय संस्थासँग समन्वय र सहकार्य गरिनेछ।

८. स्थानीय स्तरमा उत्पादित वस्तुको संकलन, भण्डारण तथा बिक्री व्यवस्थापनका लागि कोशेली घर तथा भण्डारण केन्द्र स्थापना गर्न पहल गरिनेछ।

९. **"एक वडा-एक उत्पादन"** अवधारणालाई प्रवर्द्धन गर्दै स्थानीय विशेषतामा आधारित उद्यम विकासलाई प्राथमिकता दिइनेछ।

१०. युवा उद्यमशीलता तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्न व्यवसाय व्यवस्थापन, वित्तीय साक्षरता तथा उद्यम विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

११. कृषि, पर्यटन, हस्तकला तथा सेवा क्षेत्रसँग सम्बन्धित साना तथा घरेलु उद्योगहरूको विकास र विस्तारमा विशेष जोड दिइनेछ।

५. रोजगारतर्फः

१. सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगार र स्वदेशमै उपलब्ध रोजगारीका अवसरबारे सूचना, परामर्श तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. स्थानीय उद्योग, व्यवसाय, कृषि, पर्यटन तथा निर्माण क्षेत्रसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गरिनेछ।

३. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा पिछडिएका समुदायलाई रोजगार तथा सीप विकास कार्यक्रममा प्राथमिकता दिइनेछ।

४. श्रममा आधारित विकास आयोजनाहरू सञ्चालन गरी स्थानीय बेरोजगार नागरिकलाई रोजगारी उपलब्ध गराइनेछ।

५. रोजगार, श्रम अधिकार, सुरक्षित वैदेशिक रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी सचेतना तथा सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिनेछ।

६. वैदेशिक रोजगारीमा रहेका कामदार तथा तिनका परिवारलाई लक्षित गरी वैदेशिक रोजगार बोर्डबाट उपलब्ध हुने सेवा, सुविधा तथा सहायतामा पहुँच विस्तार गर्न आवश्यक सहजीकरण गरिनेछ।

७. आप्रवासी कामदार तथा तिनका परिवारको हित संरक्षणका लागि स्वास्थ्य उपचार सहायता, उद्धार, खोजतलास, छात्रवृत्ति, शव व्यवस्थापन, क्षतिपूर्ति तथा अन्य सहायता सेवामा समन्वय र सहकार्य गरिनेछ।

८. राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गर्दा वास्तविक बेरोजगार व्यक्तिको पहिचान गरी पारदर्शी तथा न्यायोचित ढङ्गले श्रममूलक आयोजनामा संलग्न गराइनेछ।

९. श्रममूलक आयोजनामा कार्यरत श्रमिकहरूको सुरक्षा तथा प्राथमिक स्वास्थ्य सेवाका लागि आवश्यक प्राथमिक उपचार सामग्री तथा व्यवस्थापन स्वास्थ्य शाखासँग समन्वय गरी सुनिश्चित गरिनेछ।

१०. रोजगार सेवा केन्द्रमार्फत बेरोजगार व्यक्तिहरूको विवरण अद्यावधिक गरी सीप विकास, रोजगार तथा स्वरोजगार कार्यक्रमसँग आबद्ध गरिनेछ।

११. युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप, ज्ञान र अनुभवलाई स्थानीय उत्पादन तथा उद्यमशीलतासँग जोड्दै स्वरोजगार प्रवर्द्धन गरिनेछ।

१२. श्रमको सम्मान, सुरक्षित कार्यस्थल, सामाजिक सुरक्षा तथा मर्यादित रोजगारीको अवधारणालाई प्रवर्द्धन गर्दै समावेशी र उत्पादनशील श्रम बजार विकास गरिनेछ।

१३. वैदेशिक रोजगारीमा रहेका तथा फर्किएका श्रमिक र तिनका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट उपलब्ध हुने आर्थिक सहायता, छात्रवृत्ति, स्वास्थ्य उपचार सहायता, उद्धार, शव व्यवस्थापन, क्षतिपूर्ति तथा अन्य सेवासुविधा प्राप्त गर्न आवश्यक सूचना, सहजीकरण र सिफारिस सेवा उपलब्ध गराइनेछ।

१४. वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, गम्भीर बिरामी तथा अन्य समस्यामा परेका श्रमिक र तिनका परिवारलाई सम्बन्धित निकायसँग समन्वय गरी राहत, आर्थिक सहायता तथा पुनःस्थापनाका कार्यक्रमहरूमा पहुँच सुनिश्चित गरिनेछ।

१५. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको तथ्याङ्क अद्यावधिक गरी उनीहरूको सीप, अनुभव र पुँजीलाई स्थानीय रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकास कार्यक्रमसँग आबद्ध गरिनेछ।

६. राजस्वतर्फः

१. कर प्रणालीमा सुधार गर्दै प्रगतिशील कर प्रणालीको सिद्धान्तमा रही राजश्वका नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

२. सबै उद्योग, व्यवसायहरुलाई करको दायरामा आवद्ध गरिनेछ।यसका लागि सबै प्रकारका व्यवसायहरुलाई सूचीकृत गरी तथ्याङ्क व्यवस्थित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।

३. करदाताको सुविधा तथा व्यवसाय कर संकलन कार्यलाई प्रभावकारी बनाउन व्यवसाय दर्ता तथा नविकरण घुम्ती शिविर सञ्चालन गरी स्थलगत कर संकलन कार्यक्रम सञ्चालन गरिनेछ।

४. सुचिकृत हुन आउने व्यवसायिक फार्म, निर्माण व्यवसायीलाई तोकिएको शुल्क लिएर मात्र सुचिकृत गरिनेछ।

५. कर तिर्ने सोच तथा बानी विकासका लागि करदाता शिक्षा अभियान सञ्चालन गर्ने।

६. राजश्व प्रशासनलाई चुस्त बनाउन SuTRA प्रणाली मार्फत कर तिर्ने प्रणालीको विकास गरी राजश्व संकलनलाई क्रमश: Faceless / Cashless बनाउदै लगिनेछ । विद्युतीय भुक्तानी (E-Payment) प्रणालीको अवलम्बन गरी घरबाटै भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ ।

७. सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा पुरस्कृत गरिनेछ ।

८. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभुत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशिल कर प्रणाली अवलम्बन गरी करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नितिहरु तय गरिनेछ ।

९. राजश्व सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ । सम्पत्ति करलाई आन्तरिक आयको मूल स्रोतको रुपमा विकास गरिनेछ । घर बहाल करलाई थप व्यवस्थित गर्न सम्बन्धित वडा कार्यालयले टोल विकास संस्थाको समन्वयमा लगत तयार गर्ने र स्रोतसाधन सहित घरबहाल कर उठाउने व्यवस्था गरिनेछ ।

१०. डिजिटल सप्टवेयरको विकास गरि व्यवसाय दर्ता अनलाईन सिफारिस वडा कार्यालय बाट प्रदान गरिने र नगरपालिकाबाट प्रमाण पत्र जारि गरिनेछ ।

११. नयाँ व्यवसाय दर्ता तथा समयमा नविकरण गर्ने व्यवसायीहरुलाई उपहार सोरुप डस्टबीन दिने व्यवस्था गरिनेछ ।

१२. राजश्व प्रशासनलाई चुस्त बनाउँदै कर संकलनमा खटिने कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम तथा स्रोत साधन उपलब्ध गराईनेछ । कर संकलनमा उल्लेखनीय भूमिका खेल्ने कर्मचारीलाई प्रोत्साहन तथा राजश्व प्रशासन सँग सम्बन्धित कर्मचारीहरुलाई विषय क्षेत्रको रिफ्रेसर भ्रमण गराइनेछ ।

१३. टेम्पो,अटो रिक्सा तथा रिक्साहरुलाई करको दायरामा ल्याउनको लागि पहल गरिनेछ ।

१४. सुचिकृत हुन आउने व्यवसायिक फार्म, निर्माण व्यवसायीलाई तोकिएको शुल्क लिएर मात्र सुचिकृत गरिनेछ ।

१५. लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण होटल व्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउनलाई पहल गरिनेछ ।

१६. फोहोर संकलनको लागि सरसफाई कार्डलाई सबै व्यक्ति, व्यवसायिहरु, संघसंस्थाहरुमा पुर्याई सफा सुन्दर नगरपालिका निर्माणमा सहयोग गर्न आम जनसमुदाय, व्यापारी, संघसंस्थाहरुलाई आवहान गरिनेछ ।साथै फोहोर नउठाउने व्यक्ति व्यसायी, उद्योगी तथा प्रतिष्ठानहरुको फोहोर नउठाउने नीति दिइनेछ ।

१७. यस नगरपालिकाबाट घ वर्गको इजाजत प्रमाणपत्र लिएर नवीकरण तथा खारेज नगरेका निर्माण व्यवसायीहरुलाई आर्थिक ऐनमा व्यवस्था भए अनुसारको राजश्व लिई पहिलो वर्षमा तेब्बर दस्तुर दोस्रो वर्ष चौवल दस्तुर र क्रमिक रुपमा थप जारिवाना लगाई नवीकरण तथा खारेज गर्ने नीति अवलम्बन गरिनेछ।

१८. यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा ट्रेक्टर टिप्पर जे.सी.बी. दर्ता भएका सवारी साधानहरु म्याद सकेको मा ३० दिन भित्र नविकरण गर्न आएमा बिलम्ब शुल्क नलिई नविकरण गरिने अवलम्बन गरिनेछ ।

७. पूर्वाधार विकास क्षेत्रतर्फका नीति तथा कार्यक्रमहरु:

१. यस नगरपालिकाको व्यवस्थित एवम् दिगो विकासका लागि नगर विकास गुरुयोजना (Municipal Development Master Plan) तर्जुमा गरी स्मार्ट सिटीको अवधारणा अनुरुप विकास गर्ने नीति अवलम्बन गरिनेछ।

२. नगरपालिकाबाट घोषणा भएका नगरस्तरीय गौरवका आयोजनाहरु (Municipal Pride Projects) कार्यान्वयनका लागि आवश्यक बजेट र जनशक्तिको व्यवस्था गरिनेछ।

३. नगरपालिका क्षेत्र भित्र सडक ढलान कार्य वा Manual RMC एवं कालो पत्रे गर्ने कार्य ASPHALT प्रविधिको प्रयोग गरी मात्रै गरिनेछ।

४. योजनाहरुको लागत अनुमान, मूल्याकंन, नापी, कार्यसम्पन्न प्रतिवेदन सबैले बुझ्ने गरी नेपाली भाषामा लागू गरिनेछ।

५. उपभोक्ता समितिबाट हुने निर्माण कार्यको हकमा योजनागत रुपमा नम्बरिङ्ग तथा कोडिङ्ग सिस्टम (Numbering and coding System) लागू गरी प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

६. शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण रुपमा कार्यन्वयन गरिनेछ। कम्तिमा १ वटा बिरुवा रोपी घर बनाउने नीति लिइनेछ।

७. नगरपालिकाभित्र रहेका मुख्य सडक, चोक एवम् महत्वपूर्ण स्थानहरुमा विश्रामस्थल तथा सार्वजनिक शौचालय निर्माणका लागि गुरुयोजना बनाई काम अगाडी बढाइनेछ।

८. कमजोर सडकहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नती गरिनेछ। यसको लागि एक मर्म्मत सम्भार कोष स्थापना गरिनेछ र कार्यविधि बनाएर खर्च गरिनेछ। कुनै ढलान बाटो मर्मत गर्नुपरेमा आवश्यकतानुसार सडकको प्रकृति अनुसार थप ढलान गर्न सकिनेछ।

९. आयोजनाको दिगोपना, प्रभावकारीता, मितव्ययिता र कार्यकुशलता कायम गर्न मागमा आधारित सहभागितामूलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिनेछ।

१०. सरकारी तथा निजी भवनहरु भूकम्पीय जोखिमबाट सुरक्षित बनाउने नीति अवलम्बन गरीनुका साथै सरकारी भवनहरु अपाङ्गमैत्री, वालमैत्री तथा ज्येष्ठ नागरिक मैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ। साथै, पुर्वाधार निर्माणमा विपद् जोखिम सम्वेदनशिलतालाई मध्यनजर गरी विपद् उत्थानशिल पूर्वाधार विकासमा जोड दिइनेछ।

११. नगरपालिका भित्रका बस्तीहरुलाई समेट्ने गरी रिङ्ग रोड (Ring Road) को परिकल्पना गरिए अनुसार नगरपालिकाभित्र आवश्यक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२. नगरपालिकाभित्र रहेका विभिन्न ताल, पोखरी तथा महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण निर्माण एवम् सुन्दरीकरण गरी व्यावसायिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ।

१३. यस नगरपालिका भित्र रहेका मुख्य सडक तथा नाली समेत निर्माणका लागि राष्ट्रिय मापदण्ड अनुरुप कम्तीमा २६ फुट सडक कायम गरिनेछ।

१४. पुराना घना बस्तीहरुका सडकहरु पक्की र ढलान गरिनेछ। हालको अवस्थामा रहेका भित्री सडकहरु सुन्दर र पक्की बनाईनेछ ।तर पक्की घर टहरा र पर्खाल बनाउँदा कम्तीमा ४ मि.(१५ फिट) छोडी नगरपालिकाको मापदण्ड अनुसार निर्माण गर्ने प्रक्रिया अगाडी बढाईनेछ।

१५. सडक निर्माण गर्दा वायोईन्जिनियरिङ्ग तथा वातावरणमैत्री हुने गरी बनाईनेछ।

१६. यस नगरपालिकाको विभिन्न ठाउँहरुमा पुल तथा कल्भर्टहरु निर्माण गरिनेछ।

१७. नगरपालिकाभित्र रहेका अति विपन्न, गरिव आर्थिक स्थिति कमजोर र विपन्न परिवारलाई अवस्था यकिन गरी खरको छानो भएको परिवारलाई जस्ता पाता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ

१८. नगरपालिकाभित्र रहेका पुराना तथा जीर्ण मन्दिर, मस्जिद, पाटी पौवा आदिको संरक्षण तथा विकास गरिनेछ।

१९. १५ शैय्याको अस्पताल निर्माण आ.व. २०८२/०८३ भित्र सम्पन्न गर्ने गरी सञ्चालनमा ल्याइनेछ।

२०. नापी नक्सा नभएका क्षेत्रहरुको नापी नक्सा गराई बाटोघाटोको लगत कट्टा गरी सार्वजनिक कायम गरिनेछ।

२१. एसियाली विकास बैंक(ADB) को आर्थिक तथा प्राविधिक सहयोगमा Western Urban Corridor कार्यक्रम अन्तर्गत मधुवनीमा नगर बसपार्क लिंक रोड, रिंग रोड निर्माण तथा ग्लोबल पार्क निर्माण, भवन निर्माण लगायतका कार्यहरुलाई अगाडी बढाइनेछ ।बसपार्कको टेन्डर प्रक्रियामा तत्काल अघि बढाइने।

२२. विद्युतिय माध्यमबाट पूर्वाधार सम्बन्धित कार्यहरु जस्तै लागत अनुमान सम्झौता, कार्य सम्पन्न प्रतिवेदन तयार गरी लागु गर्ने नीति लिइनेछ।

२३. पालिकाको गौरवका योजनाको रुपमा आवश्यकता अनुसारको न्युनतम ३० लाख सम्मका योजना सञ्चालन गर्नका लागि पालिकाको ५० प्रतिशत र वडाले ५० प्रतिशत रकम व्यहोर्ने गरी बजेटको व्यवस्थापन गरिनेछ।

२४. संघ र प्रदेशका योजना माग गर्दा नगर कार्यपालिका बैठकमा आवश्यक छलफल तथा निर्णय गरी माग गरिनेछ।

८. सूचना तथा सन्चार प्रविधितर्फ

१. नगरपालिकाका सम्पूर्ण सेवाहरूलाई प्रविधिमार्फत जनताको घरदैलोमा सहज, सुरक्षित र छिटो छरितो रूपमा पुर्याउने व्यवस्था मिलाइनेछ।

२. नगरपालिका र वडा कार्यालयका सेवाहरूलाई कागजरहित (Paperless) र डिजिटल बनाउँदै सुशासन प्रवर्द्धन गरिनेछ।

३. नगरबासीको प्रविधिमा पहुँच बढाउन सूचना प्रविधि पूर्वाधारको विकास गरिनेछ।

४. पालिकाभित्रका तथ्याङ्कहरूलाई सुरक्षित र व्यवस्थित राख्न प्रविधिको विकास गरिनेछ।

५. नगरपालिकामा एउटा सुरक्षित र अत्याधुनिक केन्द्रीय सर्भर कोठा (Server Room/Data Center) को स्थापना गरिनेछ।

६. नगरपालिकाको आधिकारिक इमेल र प्रणालीहरूमा अनधिकृत पहुँच रोक्न 'टू-फ्याक्टर अथेन्टिकेसन' (2FA) अनिवार्य गरिनेछ।

७. सबै वडा कार्यालयहरूमा डकुमेन्ट स्क्यानर र बायोमेट्रिक हाजिरी जडान गरी डिजिटल अभिलेखीकरण सुरु गरिनेछ।

८. नगरबासीले आफ्नो गुनासो सिधै एप वा पालिकाको फेसबुक पेज वा वेबसाइट मार्फत दर्ता गर्न सक्ने र त्यसको तत्काल सम्बोधन हुने व्यवस्था मिलाइनेछ।

९. संस्थागत सुशासन तथा सेवा प्रवाहतर्फः

१. **"शुद्ध बुद्ध ऋषि मन, समृद्ध नगर सुखी नगरवासी हाम्रो अभियान"** लाई आत्मसात गर्दै सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी, उत्तरदायी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाइनेछ।

२. कर्मचारीको कार्यसम्पादन, उपस्थिति, अनुशासन तथा समयपालनलाई नतिजामूलक कार्यसम्पादन मूल्याङ्कन प्रणालीसँग आबद्ध गरी कार्यसम्पादनमा आधारित पुरस्कार, प्रोत्साहन तथा जिम्मेवारी व्यवस्थापन प्रणाली लागू गरिनेछ।

३. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) समयानुकूल परिमार्जन गरी कार्यसम्पादन र सेवा आवश्यकताका आधारमा शाखा, उपशाखा तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

४. सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास, नेतृत्व विकास, सुशासन, सूचना प्रविधि तथा व्यवस्थापकीय दक्षता सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५. कर्मचारीहरूको शारीरिक, मानसिक तथा व्यावसायिक स्वास्थ्य अभिवृद्धिका लागि योग, ध्यान, मनोसामाजिक परामर्श तथा उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. व्यावसायिक सदाचार, नैतिकता, सुशासन, जवाफदेहिता तथा उत्कृष्ट कार्य संस्कृतिको विकास गर्न उत्कृष्ट कर्मचारी सम्मान तथा प्रेरणा कार्यक्रम सञ्चालन गरिनेछ।

७. प्रशासनिक दक्षता, नवप्रवर्तन तथा उत्कृष्ट अभ्यासहरूको आदानप्रदानका लागि आवश्यकतानुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन, अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

८. नगर प्रहरीलाई विकास निर्माण कार्यको संरक्षण, बजार अनुगमन, सार्वजनिक सम्पत्ति संरक्षण, अतिक्रमण नियन्त्रण, राजस्व परिचालन, विपद् व्यवस्थापन तथा न्यायिक निर्णय कार्यान्वयनमा प्रभावकारी रूपमा परिचालन गरिनेछ।

९. प्रत्येक कर्मचारीको कार्यविवरण (Job Description) स्पष्ट गरी सोही आधारमा कार्यसम्पादन मूल्याङ्कन, जिम्मेवारी निर्धारण तथा उत्तरदायित्व प्रणालीलाई संस्थागत गरिनेछ।

१०. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण तथा गुनासो व्यवस्थापन प्रणालीलाई संस्थागत गरी नागरिक सहभागिता, पारदर्शिता र जवाफदेहितालाई सुदृढ बनाइनेछ।

११. त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा प्रणालीलाई प्रभावकारी बनाउँदै नगरपालिकाका गतिविधि, उपलब्धि तथा वित्तीय अवस्थासम्बन्धी प्रतिवेदन, बुलेटिन तथा प्रकाशन नियमित रूपमा सार्वजनिक गरिनेछ।

१२. पदाधिकारी, कर्मचारी तथा नागरिकहरूमा अध्ययन, अनुसन्धान र ज्ञान संस्कृतिको विकास गर्न पुस्तकालय तथा सूचना केन्द्रलाई आधुनिक, स्रोतसाधनयुक्त तथा प्रविधिमैत्री बनाइनेछ।

१३. संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम आवश्यक ऐन, नियमावली, निर्देशिका, मापदण्ड तथा कार्यविधिको तर्जुमा, संशोधन तथा परिमार्जन कार्यलाई निरन्तरता दिइनेछ।

१४. सूचनाको हक, पारदर्शिता तथा सुशासन प्रवर्द्धन गर्न नगरपालिकाका निर्णय, योजना, कार्यक्रम, बजेट तथा सार्वजनिक सरोकारका सूचनाहरू सूचना पाटी, वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट नियमित रूपमा सार्वजनिक गरिनेछ।

१५. नागरिकको घरदैलोमा सेवा पुर्‍याउन एकीकृत घुम्ती सेवा शिविर, हेल्प डेस्क, टोल फ्री नम्बर, अनलाइन गुनासो प्रणाली तथा अन्य नागरिक सहजीकरण सेवाहरू सञ्चालन गरिनेछ।

१६. प्रचलित कानुनबमोजिम निवृत्तभरण नपाउने कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१७. नेपाल सरकारको शासकीय सुधार कार्यसूचीअनुरूप डिजिटल शासन, ई-फाइल प्रणाली, विद्युतीय अभिलेखीकरण, कागजरहित प्रशासन तथा अनलाइन सेवा प्रणालीलाई क्रमशः विस्तार गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाहलाई सुदृढ गरिनेछ।

१८. सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, आन्तरिक लेखापरीक्षण, बेरुजु फछर्यौट, भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धनका लागि शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

३. वन वातावरण तथा जलवायुतर्फः

१. बाँझो जग्गाको सिमाना छुट्याई उक्त जग्गामा वृक्षारोपण कार्य अगाडी बढाई लुम्बिनी नगरपालिकामा हरियाली बढाइने छ।

२. **"एक घर एक वृक्ष"** अभियान सञ्चालनगरि सहरी क्षेत्रमा पनि हरियाली निर्माण गरिनेछ।

३. पालिका भित्रका सडकहरुका किनारामा वृक्षारोपण गरि हरित सडक निर्माण गरिनेछ।

४. जग्गाहरुमा गैरकाष्ठ वन पैदावारहरुको अध्यापन तथा खेती लाई विस्तार गरि आम्दानीको स्रोत बढाइनेछ।

५. मलको रुपमा प्रयोग हुने गोबर गुइठा बनाई प्रयोग भएको हुँदा, आगो बाल्न गुइठा को विकल्पमा दाउरा तथा इलेक्ट्रिक चुलो प्रयोगमा ल्याउने वातावरण सिर्जना गरिने छ।

६. नगरपालिका स्तरीय नर्सरी स्थापना गरी पालिका भित्र विरुवा सहजरुपमा उपलब्ध गराइने व्यवस्था गरिने छ।

७. Agro forestry को सम्बन्धमा विज्ञसँग परामर्श लिइ लागू गरिनेछ।

८. निजी वन क्षमता अभिवृद्धि तथा सहजीकरणको लागि विभिन्न रणनिति बनाइने छ।

९. किनारा कटान संवेदनसिल क्षेत्रमा bioengineering लागू गरिने छ।

४. विपद् व्यवस्थापनतर्फः

१. विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरी कार्यविधि अनुसार परिचालन गरिनेछ।

२. स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ।

३. विपद् व्यवस्थापनको लागि खोज तथा उद्धार एवँ राहत सामाग्रीहरुको व्यवस्थापन गरी विपद्मा परेका व्यक्तिहरुलाई यथाशीघ्र सेवा प्रदान गरिनेछ।

४. विपद्मा परेका व्यक्तिहरुलाई (आगालागी तथा बर्षा बाढीबाट घर आदिमा भएको क्षती) राहत सामाग्री वितरण तथा अवस्था हेरी विपद् व्यवस्थापन कोषबाट नियमानुसार १० देखि १५ हजार सम्म तथा मानवीय क्षती भएको खण्डमा कार्यविधी अनुसार आर्थिक सहयोग प्रदान गरिनेछ।

५. विपद् व्यवस्थापनमा तत्काल उद्धारका लागि त्तगष्अप च्भकउयलअभ त्भबm गठन गरी आवश्यक तालिम प्रदान गरिनेछ।

६. विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नगर प्रहरी तथा नेपाल रेडक्रस सोसाईटी लगायतका गैरसरकारी सास्थाहरु समेतसँग समन्वय गरी उद्धार र राहत कार्यलाई अगाडि बढाईनेछ।

७. विपद् परेका व्यक्तिहरुलाई राहत सामाग्री वितरणका लागि आवश्यक भण्डारणको व्यवस्थामा जोड दिईनेछ। साथै शीतलहरबाट जोगिन आवश्यकता अनुसार दाउराको क्ष्यवस्थापन गरिनेछ।

८. प्रत्येक वार्डमा गठित वार्ड स्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय एवम् क्षमतावान बनाईनेछ।

९. समुदायस्तरमा विपद्बाट सुरक्षित रहने उपायहरुको बारेमा आवश्यक प्रचार प्रसार, माईकिङ्ग, सचेतनामूलक तालिम तथा सडक नाटकको व्यवस्था गरिनेछ।

१०. एम्बुलेन्स, दमकल र जेसीबीलाई २४ घण्टा सञ्चालनमा ल्याउन चालक र सहयोगी कर्मचारीलाई तयारी अवस्थामा राखिनेछ।

११. विपद् एवँ जलवायु परिवर्तन न्युनीकरणका लागि तटबन्ध निर्माण, बृक्षारोपण, प्लास्टिक शून्य तथा समृद्धिका लागि वन जस्ता कार्यक्रमलाई अगाडि बढाई कार्यान्वयनमा ल्याईनेछ।

१२. स्थापित स्थानीय आपतकालीन कार्यसञ्चलन केन्द्रलाई व्यवस्थित गरी कार्यान्ययनमा ल्याईनेछ।

१३. विपद् निम्त्याउने जस्ता क्रियाकलाप (जस्तै खेतबारीमा रहेको गहूँको ठूटो,पराल आदिमा आगो लगाउने) मा प्रतिबन्ध लगाउनुको साथै त्यस्तो क्रियाकलाप गर्नेलाई तोकिएको जरिवाना सहित कारवाही गरिनेछ।

१४. विपद् सम्बन्धी कार्यक्रम तथा क्रियाकलाप गर्नको लागि आवशयक बजेटको व्यवस्थापन गरिनेछ।

१५. विपद्जन्य दुर्घटना न्युनीकरणका लागि बाटो तथा सडक पेटीमा रहेका सामाग्रीहरु हटाई सडक पेटी खाली तथा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१६. आवश्यक थप खोज उद्धार सामाग्री तथा राहत सामाग्री खरिद गरी व्यवस्थापन गरिनेछ।

५. शान्ति सुरक्षा तथा नगर प्रहरी व्यवस्थापन

१. नगर क्षेत्रमा शान्ति, सुरक्षा, सुशासन तथा नागरिकको सुरक्षित जीवनयापन सुनिश्चित गर्न नेपाल सरकार, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा सम्बन्धित निकायसँग समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

२. सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक व्यवस्थापन, सार्वजनिक सम्पत्तिको सुरक्षा तथा चोरी-निकासी नियन्त्रणका लागि राजमार्ग, मुख्य बजार क्षेत्र, धार्मिक तथा पर्यटकीय स्थल, सार्वजनिक चौक तथा संवेदनशील स्थानहरूमा आधुनिक CCTV क्यामेरा जडान तथा निगरानी प्रणाली विस्तार गरिनेछ।

३. नगर प्रहरीलाई थप सुदृढ, सक्षम तथा प्रविधिमैत्री बनाई राजस्व संरक्षण, बजार अनुगमन, सरसफाइ व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमण नियन्त्रण तथा नगरको शान्ति सुरक्षा कायम गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

४. नगर क्षेत्रलाई सफा, सुन्दर र व्यवस्थित बनाउन नगर प्रहरीको नियमित परिचालन गरिनेछ। सरसफाइ अध्ययन केन्द्र तथा फोहोर व्यवस्थापन स्थलहरूको दैनिक अनुगमन तथा निगरानी व्यवस्था मिलाइनेछ।

५. सडक, फुटपाथ, सार्वजनिक स्थल तथा सरकारी जग्गामा हुने अतिक्रमण नियन्त्रण गरी सार्वजनिक आवागमनलाई सुरक्षित र सहज बनाइनेछ।

६. निर्माण सामग्री, ढुङ्गा, गिट्टी, बालुवा, इँटा लगायतका वस्तु अव्यवस्थित रूपमा सडकमा थुपार्ने, सडक पेटी तथा सार्वजनिक स्थानमा अवैध व्यापार व्यवसाय सञ्चालन गर्ने, सडक किनारमा गोबर, पराल, गुइँठा तथा अन्य सामग्री राख्ने तथा सडक तथा राजमार्ग क्षेत्रमा पशुचौपाया बाँध्ने वा छाडा छोड्ने व्यक्तिहरूलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

७. नगर क्षेत्रभित्र छाडा चौपाया व्यवस्थापनलाई प्रभावकारी बनाई सडक दुर्घटना न्यूनीकरण तथा सार्वजनिक सुरक्षामा विशेष ध्यान दिइनेछ।

८. विपद् व्यवस्थापन, आगलागी, बाढी, डुबान, सडक दुर्घटना लगायत आकस्मिक घटनामा तत्काल उद्धार तथा राहत कार्यमा नगर प्रहरीको सक्रिय परिचालन गरिनेछ।

९. सार्वजनिक स्थल, बजार क्षेत्र, विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटकीय क्षेत्रहरूमा सुरक्षा सचेतना तथा नागरिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१०. नगर क्षेत्रमा हुने अवैध उत्खनन्, चोरी-निकासी, प्राकृतिक स्रोत साधनको दोहन तथा राजस्व चुहावट नियन्त्रणका लागि नगर प्रहरी, सम्बन्धित शाखा तथा सुरक्षा निकायबीच संयुक्त अनुगमन प्रणाली विकास गरिनेछ।

११. नगर प्रहरीको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, उपकरण, सञ्चार सामग्री, सवारी साधन तथा प्रविधिको व्यवस्था गरिनेछ।

१२. नागरिक गुनासो तथा आपत्कालीन सूचनाको तत्काल सम्बोधन गर्न २४ घण्टा नगर प्रहरी परिचालन गरिनेछ।

१३. **"सुरक्षित, व्यवस्थित, अनुशासित र सभ्य नगर"** निर्माण गर्ने लक्ष्यका साथ शान्ति सुरक्षा सम्बन्धी सबै कार्यक्रमलाई परिणाममुखी र नागरिकमैत्री बनाइनेछ।

१४. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्व बोकेको लुम्बिनी क्षेत्रको गरिमा कायम राख्न पर्यटक सुरक्षा, सार्वजनिक अनुशासन तथा सभ्य नगर संस्कृतिको प्रवर्द्धन गरिनेछ।

७. पर्यटन तथा समन्वय शाखा

विश्व सम्पदामा सूचीकृत एवं विश्व शान्तिका महानायक भगवान गौतमबुद्धको जन्मस्थल रहेको लुम्बिनी साँस्कृतिक नगरपालिकाले लुम्बिनी तथा बुद्धसँग सम्बन्धीत धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन, सम्बन्ध विस्तार, संस्थागत सहकार्य, ज्ञान तथा असल अभ्यासको आदानप्रदान र विश्व शान्तिको सन्देश प्रवाह गर्ने उद्धेश्यका साथ लुम्बिनी र बुद्ध परिपथको विश्वव्यापी पहिचान र पहुँच विस्तार गर्न, पूर्वाधार विकास र लगानी आकर्षण गर्न, पर्यटन प्रर्वधन र विकासका लागि, विकसित देशहरुसंगको सहकार्य मार्फत नविनतम ज्ञान र प्रविधि भित्राउन,साँस्कृतिक आदान प्रदान र सदभाव कायम गर्न, दिगो पर्यटन र वातावरण संरक्षण गर्न तथा समन्वय सहकार्य र सम्बन्ध विस्तार मार्फत पर्यटन प्रवर्द्धन गरी आर्थिक विकास गर्न आवश्यक ठानी स्थापना भएको पर्यटन तथा समन्वय शाखाको नीति तथा कार्यक्रम तपसिल अनुसार रहेका छन्।

तपसिल:

१. **पर्यटन प्रवर्द्धन तथा ब्राण्डिङ्ग:** लुम्बिनीलाई शान्ति र ज्ञानको जननीको पहिचानसहित राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रवर्द्धन गरिनेछ। पर्यटन आगमन वृद्धि गर्न बुद्ध जयन्ती, अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन, मेयर बैठक एवं सम्मेलन, साँस्कृतिक महोत्सव, कृषि प्रदर्शनी, औधोगिक मेला तथा पर्यटन सम्बन्धी कार्यक्रमहरु आयोजना गरिनेछ।

२. **पर्यटक बसाइ अवधि विस्तार तथा आध्यात्मिक पर्यटन विकास:** पर्यटकको बसाइ अवधि वृद्धि गर्न बौद्ध आध्यात्मिक वातावरण निर्माण, बिहान साँझ ध्यान पूजा तथा आध्यात्मिक गतिविधिहरु संचालन गरिनेछ। लुम्बिनी विकास कोष आसपासका गाउँमा स्थानीय सहभागितामा कथा, प्रवचन तथा आध्यात्मिक कार्यक्रम संचालन गर्न भिक्षु तथा आनी गुरुहरुलाई प्रोत्साहन गरिनेछ।

३. **साँस्कृतिक सम्पदा संरक्षण तथा संग्रहालय विकास:** बुद्धकालीन जीवनशैली, संस्कृति, पोशाक, जीवनपद्धति तथा स्थानीय मौलिकताको संरक्षण र प्रवर्द्धनका लागि संग्रहालय अवधारणामा आधारित कार्यक्रम संचालन गरिनेछ साथै ग्रामीण साँस्कृतिक पर्यटन पदमार्ग विकास गरिनेछ।

४. **पुरातात्विक तथा साँस्कृतिक सम्पदा अध्ययन, संरक्षण र प्रवर्द्धन:** लुम्बिनी बौद्ध विश्वविद्यालय तथा सम्बन्धित निकायसंग सहकार्य गरी नगरभित्र रहेका सम्भावित पुरातात्विक, धार्मिक तथा साँस्कृतिक सम्पदाको अध्ययन, पहिचान, अभिलेखिकरण, संरक्षण तथा नगर सम्पदास्थल घोषणा सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

५. **स्थानीय उत्पादन, कोसेली तथा रैथाने खानाको प्रवर्द्धन:** बृहत बुद्ध सर्किट अवधारणा अनुसार स्थानीय माटो, पानी, वन पैदावार तथा मौलिक स्रोतमा आधारित कोसेली उत्पादन, रैथाने परिकारको गुणस्तर अभिवृद्धि, ब्राण्डिङ्ग र बजारीकरणमा सहकार्य गरिनेछ।

६. **पर्यटकीय सौन्दर्यीकरण तथा हरित पूर्वाधार विकास:** नगरका मुख्य चोक, प्रवेश मार्ग, पर्यटन पदमार्ग तथा सार्वजनिक स्थलहरुमा बौद्ध साँस्कृतिक संवेदनशिलता झल्कने, कलात्मक बगैचा, हरियाली, स्वागतद्धार, भित्तेचित्र तथा महान व्यक्तित्वका प्रेरणादायी सन्देश स्थापना गरिनेछ।

७. **पर्यटन पूर्वाधार तथा संस्थागत सहकार्य:** पर्यटन क्षेत्रका गौरवका आयोजना कार्यान्वयन गर्न संघ सरकार, प्रदेश सरकार, लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड, गुम्बा विहार, निजी क्षेत्र तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरिनेछ। निजी क्षेत्र तथा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पर्यटन पूर्वाधार विकासमा लगानी आकर्षित गरिनेछ।

८. **इको-पर्यटन तथा जैविक विविधता संरक्षण:** इको गार्डेन, वेटल्याण्ड, नदी, ताल-तलैया तथा पोखरीको संरक्षण, सौन्दर्यीकरण तथा पंक्षीमैत्री वातावरण निर्माण गरी प्रकृति पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

९. **बजार तथा ग्रामीण पर्यटन विकास:** प्रमुख बजार क्षेत्र तथा ग्रामिण पर्यटन मार्गको सौन्दर्यीकरण गरिनेछ। होमस्टे संचालनको उच्च सम्भावना भएका गाउँहरुमा आवश्यक पर्यटन पूर्वाधार निर्माण, मापदण्ड विकास तथा व्यवसाय दर्तामा सहजीकरण गरिनेछ।

१०. **पर्यटनमा रोजगारी तथा उद्धमशीलता विकास**: स्थानीय स्तरमा पर्यटनमा आधारित रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न परम्परागत तथा आधुनिक पर्यटकीय यातायात साधन, स्थानीय सेवा, व्यवसाय, पर्यटन उद्धम तथा सार्वजनिक- निजी साझेदारीमा आधारित परियोजनालाई प्रोत्साहन गरिनेछ।

११. **अन्तर्राष्ट्रिय सम्पर्क तथा धार्मिक पर्यटन सञ्जाल विस्तार**: लुम्बिनीलाई भारतको बोधगया, सारनाथ, श्रावस्ती, कुशीनगर, अयोध्या तथा नेपालका बुद्ध परिपथ पालिका र पोखरा, भरतपुर, कुश्मा, बाग्लुङ्ग, जनकपुर, पशुपतिनाथ, मुक्तिनाथ लगायतका धार्मिक- पर्यटकीय गन्तव्यसँग जोड्दै अन्तर्राष्ट्रिय पर्यटन सञ्जाल विस्तार गरिनेछ।

१२. **अन्तरपालिका तथा भगिनी सम्बन्ध सुदृढीकरण**: नगरपालिकाले स्थापना गरेका सहसम्बन्ध तथा भगिनी सम्बन्धलाई थप संस्थागत गर्दै पर्यटन, संस्कृति, ज्ञान, अनुभव आदानप्रदान तथा विश्व शान्तिका लागि बुद्धको सन्देश प्रवाह गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१३. **विशिष्ट पाहुना स्वागत तथा आतिथ्य व्यवस्थापन**: लुम्बिनी भ्रमणमा आउने राष्टिय तथा अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तित्व, राष्ट प्रमुख, सरकार प्रमुख, संयुक्त राष्टसंघका प्रतिनिधि, बौद्ध विद्धान तथा धार्मिक गुरुहरुको सम्मान तथा स्वागत परम्परालाई निरन्तरता दिइनेछ।

१४. **प्रवासी नेपाली सहभागिता तथा अन्तराष्ट्रिय प्रचार**: विश्वभर रहेका नेपाली समुदायको सहभागीतामा बुद्ध जन्मस्थल लुम्बिनी तथा बुद्ध परिपथ भ्रमण अभियान संचालन गरी सम्बन्धित अन्तराष्ट्रिय सञ्जाल तथा संस्थासँग सहकार्य गरिनेछ।

१५. **पर्यटन सूचना तथा सेवा व्यवस्थापन**: पर्यटकलाई सहज सूचना उपलब्ध गराउन पर्यटन सूचना केन्द्रलाई आवश्यक जनशक्ति, प्रविधि तथा स्रोतसाधनसहित थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१६. **हस्तकला, मेला तथा पर्यटन गतिविधि प्रवर्द्धन**: हस्तकला, स्थानीय कला तथा साँस्कृतिक उत्पादनकोक्षमता विकास, प्रवर्द्धन तथा बजारीकरण गरिनेछ। रुमिन्देई माई मेला तथा लुम्बिनी सडक खाना महोत्सवलाई व्यवस्थित रुपमा संचालन गर्न निरन्तरता दिइनेछ।

१७. **पर्यटक मार्गदर्शक तथा क्षमता विकास कार्यक्रम**: स्थानीय युवालाई पर्यटन मार्गदर्शक (Tourist Guide) सम्बन्धी तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन तथा रोजगारी प्रवर्द्धन गरिनेछ।

१८. **सिल्भर ट्रयाङ्गल (पोखरा-भरतपुर-लुम्बिनी) पर्यटन सहकार्य कार्यक्रम**: तीन प्रमुख गन्तव्यबीच धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा साहसिक पर्यटनलाई एकीकृत गरी तीन गन्तव्य एक अनुभव अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ।

समन्वय, सम्बन्ध विस्तार, सहकार्य तथा असल अभ्यास आदानप्रदानतर्फ

विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल, विश्व सम्पदा सूचीमा सूचीकृत तथा धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिले अन्तर्राष्ट्रिय महत्व बोकेको लुम्बिनी सांस्कृतिक नगरपालिकाको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थप प्रवर्द्धन, संरक्षण तथा संस्थागत विकास गर्न आवश्यक समन्वय, सम्बन्ध विस्तार,

सहकार्य तथा असल अभ्यास आदानप्रदानलाई प्राथमिकता दिइनेछ । नेपाल सरकारको वैदेशिक नीति, प्रचलित कानून तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी व्यवस्थाको परिधिभित्र रही देहायबमोजिम नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछः

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा संस्थागत सहकार्य

नगरपालिकाले संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका नगरपालिका, स्थानीय सरकार, विकास साझेदार, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक संस्था, पर्यटन प्रवर्द्धन निकाय तथा अन्य सम्बन्धित संस्थासँग स्थापित सम्बन्धलाई संस्थागत, परिणाममुखी र दिगो बनाउँदै नयाँ सहकार्य विस्तार गर्नेछ।

२. ज्ञान, प्रविधि तथा असल अभ्यास आदानप्रदान

पर्यटन, शिक्षा, स्वास्थ्य, संस्कृति, वातावरण, स्थानीय शासन, डिजिटल सेवा तथा संस्थागत क्षमता विकासका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव, अनुसन्धान, ज्ञान, सीप तथा प्रविधिको आदानप्रदान र उपयोगलाई प्रोत्साहन गरिनेछ।

३. पर्यटन, पूर्वाधार तथा लगानी सहकार्य प्रवर्द्धन

लुम्बिनी तथा बुद्ध परिपथ क्षेत्रको दिगो पर्यटन विकास, पूर्वाधार विस्तार, सेवा सुधार तथा स्थानीय आर्थिक विकासका लागि वैधानिक प्रक्रिया अनुरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी, प्राविधिक सहयोग तथा विकास साझेदारी परिचालन गरिनेछ।

४. बुद्ध परिपथ तथा बौद्ध सम्पदा केन्द्रित क्षेत्रीय सहकार्य

बुद्धसँग सम्बन्धित क्षेत्र, स्थानीय तह तथा धार्मिक-सांस्कृतिक संस्थासँग समन्वय गरी साझा प्रवर्द्धन, संयुक्त कार्यक्रम, धार्मिक-सांस्कृतिक सम्पदा संरक्षण तथा एकीकृत विकास अभियान सञ्चालन गरिनेछ।

५. अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा शान्ति कूटनीति

लुम्बिनीलाई विश्व शान्ति, अन्तरधार्मिक सद्भाव तथा आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, संवाद, प्रदर्शनी, पर्यटन प्रवर्द्धन कार्यक्रम तथा सांस्कृतिक कूटनीतिक गतिविधि सञ्चालन गरिनेछ।

६. अन्तर्राष्ट्रिय सञ्जाल तथा नेपाली प्रवासी समुदाय परिचालन

विश्वभर रहेका नेपाली समुदाय, बौद्ध समुदाय, शैक्षिक तथा अन्तर्राष्ट्रिय सञ्जालसँग सहकार्य गरी लुम्बिनी तथा बुद्ध परिपथको अन्तर्राष्ट्रिय पहुँच विस्तार तथा भ्रमण प्रवर्द्धन गरिनेछ।

७. अध्ययन भ्रमण, क्षमता विकास तथा पर्यटन कूटनीति

अन्तरपालिका तथा अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान, क्षमता विकास, सम्बन्ध विस्तार तथा पर्यटन प्रवर्द्धनका लागि अध्ययन भ्रमण, अन्तरक्रिया, संयुक्त कार्यक्रम तथा संस्थागत संवाद सञ्चालन गरिनेछ।

८. अन्तर्राष्ट्रिय आतिथ्य तथा विशिष्ट भ्रमण व्यवस्थापन

राष्ट्र प्रमुख, सरकार प्रमुख, राजदूत, अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डल, बौद्ध गुरु, विद्वान तथा विशिष्ट पाहुनाको भ्रमण तथा स्वागत व्यवस्थापन सम्बन्धित निकायसँग समन्वय गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९. दिगो पर्यटन, वातावरण संरक्षण तथा सुरक्षित गन्तव्य विकास

पर्यटकमैत्री वातावरण, सांस्कृतिक सम्पदा संरक्षण, वातावरणीय सन्तुलन, विपद् व्यवस्थापन तथा सुरक्षित पर्यटन गन्तव्य विकासका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ।

१०. विश्व शान्ति, बुद्ध दर्शन तथा सहअस्तित्व प्रवर्द्धन

भगवान बुद्धको शान्ति, करुणा, सहिष्णुता तथा सहअस्तित्वको सन्देशलाई विश्व समुदायसम्म प्रवाह गर्दै लुम्बिनीलाई विश्व शान्ति संवाद, सांस्कृतिक सहकार्य तथा मानव सभ्यताको साझा केन्द्रका रूपमा विकास ग र्न आवश्यक कार्यक्रम तथा साझेदारी विस्तार गरिनेछ।

८. न्याय, मेलमिलाप तथा कानुन कार्यान्वयन क्षेत्रतर्फः

१. सामाजिक सद्भाव, अनुशासन तथा न्यायपूर्ण समाज निर्माणका लागि साना-तिना विवाद, सार्वजनिक सम्पत्ति अतिक्रमण, सामाजिक विकृति तथा कुरीति नियन्त्रणमा विशेष पहल गरिनेछ।

२. न्यायिक समितिको कार्यसम्पादनलाई थप प्रभावकारी, छिटोछरितो, निष्पक्ष तथा नागरिकमैत्री बनाउँदै न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ।

३. न्यायिक इजलासको स्थापना तथा न्यायिक पूर्वाधार विकासका लागि आवश्यक पहल गरिनेछ।

४. न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, अभिमुखीकरण तथा अध्ययन-अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ।

५. न्यायिक कार्यसम्पादन, उजुरी व्यवस्थापन तथा अभिलेख प्रणालीलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।

६. न्यायिक समितिको निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन शान्ति सुरक्षा, नगर कानूनको कार्यान्वयन तथा सम्बन्धित निकायहरूसँगको समन्वयलाई सुदृढ गरिनेछ।

७. न्यायिक समितिको कार्यसम्पादनलाई व्यवस्थित बनाउन आवश्यक जनशक्ति, उजुरी प्रशासक तथा प्राविधिक सहयोगको व्यवस्था गरिनेछ।

८. वडा तथा समुदायस्तरमा मेलमिलाप केन्द्रहरूको सुदृढीकरण गर्दै स्थानीय स्तरमै विवाद समाधानको संस्कृतिलाई प्रवर्द्धन गरिनेछ।

९. आवश्यकताअनुसार स्थलगत निरीक्षण, गाउँ सर्जमिन तथा प्राविधिक नाप-नक्सा परीक्षणमार्फत विवाद समाधान प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

१०. अति विपन्न, द्वन्द्वपीडित, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग तथा आर्थिक रूपमा कमजोर नागरिकहरूको न्यायमा पहुँच सुनिश्चित गर्न प्रचलित कानून बमोजिम आवश्यक सहुलियत तथा राजस्व छुटको व्यवस्था गरिनेछ।

८. योजना तर्जुमा र कार्यान्वयनतर्फः

१. नगर क्षेत्रभित्र सञ्चालन गरिने विकास कार्यक्रम तथा पूर्वाधार योजनाहरुलाई नगरको आवधिक योजना र मध्यमकालीन खर्च संरचना (MTEF) सँग अनिवार्य आबद्ध गराई आयोजना बैंक (Project Bank) मा समावेश भएका योजनाहरुलाई प्राथमिकता क्रमका आधारमा मात्र बजेट विनियोजन र कार्यान्वयन गरिनेछ।

२. नगरसभाबाट स्वीकृत भएका प्रत्येक आयोजना/कार्यक्रमहरुको वार्षिक खरिद योजना (Annual Procurement Plan) वा खरिद गुरुयोजना तयार गरी पूर्ण रुपमा खरिद योजनाकै मर्म र समयतालिका बमोजिम योजना कार्यान्वयन गरिनेछ।

३. नगरपालिकाको समग्र विकासमा क्षेत्रीय, भौगोलिक तथा सामाजिक सन्तुलन कायम गर्न पछाडि पारिएका क्षेत्र एवं समुदायलाई प्राथमिकता दिँदै समन्यायिक र समावेशी विकास प्रणाली अवलम्बन गरिनेछ।

४. वातावरणीय जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन र स्थानीय पारिस्थितिकीय प्रणालीको संरक्षणका लागि नगरका सम्पूर्ण विकास कार्यक्रमहरु जलवायु परिवर्तन अनुकूलित र उत्थानशील (Climate-Resilient) हुने गरी मात्र सञ्चालन गरिनेछ।

५. स्थानीय उपभोक्ता तथा लाभग्राहीहरुको सहभागिता मार्फत निर्माण गर्नुपर्ने प्रकृतिका योजनाहरु कार्यान्वयन गर्दा नगरपालिकामा नियमानुसार दर्ता भएका टोल विकास संस्थाहरु (TLO) मार्फत कार्यान्वयन गर्न विशेष प्राथमिकता दिइनेछ।

६. वित्तीय अनुशासन र आर्थिक जवाफदेहिता कायम गर्न योजना सञ्चालन पूर्व दिइने मोबिलाइजेसन/पेश्की रकम दिने कानुनी व्यवस्थालाई समेत कार्य प्रगतिका आधारमा मात्र उपलब्ध गराइनेछ। पेश्की रकम लिई काम ढिलाइ गर्ने प्रथालाई पूर्ण रुपमा निरुत्साहित गरी कार्य प्रगतिका आधारमा रनिङ बिल (Running Bill) मार्फत भुक्तानी दिने व्यवस्था कडाइका साथ लागू गरिनेछ।

७. उपभोक्ता समिति तथा टोल विकास संस्था मार्फत कार्यान्वयन गरिने योजनाहरुको सामाजिक स्वामित्व र गुणस्तरीयता सुनिश्चित गर्न योजना सम्झौता र निर्माण कार्य प्रारम्भ गर्नुपूर्व सम्बन्धित समितिलाई अनिवार्य प्राविधिक एवं आर्थिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. योजना सञ्चालन, उपभोक्ता समिति वा टोल विकास संस्था गठन र परिचालन सम्बन्धी कानुनी एवं प्राविधिक प्रक्रियालाई व्यवस्थित र सुशासनयुक्त बनाउन वडाका निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई सघन क्षमता विकास तालिम प्रदान गरिनेछ।

९. उपभोक्ता समिति वा टोल विकास संस्थाले आफ्नो प्राविधिक क्षमता वा व्यावहारिक जटिलताका कारण सम्पादन गर्न नसक्ने एकै प्रकृतिका योजनाहरु पहिचान गरी एकमुष्ट (Packaging) रुपमा प्रतिस्पर्धी बोलपत्र (ई-बिडिङ ठेक्का) प्रक्रियामार्फत कार्यान्वयन गरिनेछ।

१०. उपभोक्ता समिति वा टोल विकास संस्थाबाट कार्य हुन नसक्ने अवस्थामा तथा सार्वजनिक हितका लागि यथाशीघ्र सम्पन्न गर्नुपर्ने आकस्मिक योजनाहरु मात्र वडा तथा नगरपालिकाको वस्तुगत सिफारिसका आधारमा खुला सोझै खरिद विधिबाट गरिनेछ।

११. आयोजनाहरुको अनुगमन प्रणालीलाई थप वस्तुनिष्ठ, गुणस्तरीय र पारदर्शी बनाउन नगरस्तरीय मुख्य तथा ठूला योजनाहरुको हकमा तेस्रो पक्ष (Independent Third Party) बाट प्राविधिक अनुगमन तथा सम्परीक्षण गराई प्राप्त प्रतिवेदनका आधारमा मात्र भुक्तानी गरिनेछ।

१२. नगरपालिकाद्वारा सञ्चालित योजनाहरु तोकिएको समयसीमा भित्र र उच्च गुणस्तर कायम गरी कार्य सम्पन्न गर्ने उत्कृष्ट उपभोक्ता समितिहरु, टोल विकास संस्थाहरु तथा निर्माण व्यवसायीहरुलाई सार्वजनिक रुपमा प्रोत्साहन तथा सम्मान गरिनेछ।

१३. योजना सञ्चालन, प्रगति प्रतिवेदन, अनुगमन र भुक्तानी प्रक्रियालाई सूचना प्रविधिको अधिकतम प्रयोग (Digital Governance) मार्फत अनलाइन प्रणालीमा आबद्ध गरी सेवा प्रवाहलाई अझै चुस्त, दुरुस्त, सरल र पारदर्शी बनाइनेछ।

१४. लुम्बिनी साँस्कृतिक नगरपालिकाको दीर्घकालीन हित, ऐतिहासिक एवं पर्यटकीय महत्त्व र दिगो विकासका लक्ष्यहरु (SDGs) हासिल गर्न विशेष योगदान पुर्‍याउने रणनीतिक तथा गौरवका आयोजनाहरु आयोजना बैंकमा समावेश गरी प्राथमिकताक्रमका आधारमा योजना तर्जुमा र कार्यान्वयन गरिनेछ।

१५. नगर कार्यपालिका र नगरसभाबाट स्वीकृत भएका सम्पूर्ण वडास्तरीय तथा नगरस्तरीय योजनाहरुको समयबद्ध र प्रभावकारी कार्यान्वयनका लागि नगर अनुगमन समिति मार्फत नियमित एवं सघन अनुगमन गरिनेछ।

१६. विकास आयोजनाहरुको स्थानीयस्तरमा दिगोपना, मितव्ययिता र कार्यकुशलता सुनिश्चित गर्न तल्लो तह (बस्ती/टोल) देखि नै नागरिकहरुको वास्तविक मागमा आधारित सहभागितामूलक योजना छनोट तथा कार्यान्वयन प्रणाली (Bottom-up Planning) लागू गरिनेछ।

१७. नगरपालिकाभित्रका गरिब, सीमान्तकृत तथा अति विपन्न वर्गका परिवारहरुको वास्तविक सामाजिक-आर्थिक तथ्याङ्क यकिन गरी उनीहरुको जीवनस्तर उत्थान र आर्थिक सबलीकरणका लागि लक्षित एवं आयआर्जनमूलक विशेष योजनाहरु सञ्चालन गरिनेछ।

१८. नगरभित्र सञ्चालन हुने ठेक्का तथा उपभोक्ता समितिका आयोजनाहरुमा रोजगारीका अवसर सिर्जना गर्दा स्थानीय श्रमशक्ति, सीप र स्थानीय विपन्न नागरिकहरुलाई प्राथमिकता दिने **"स्थानीय श्रम प्राथमिकता नीति"** अवलम्बन गरिनेछ।

१९. १५ शैयाको नगर अस्पताल, एसियाली विकास बैंक (ADB), GLAD का आयोजना तथा रणनीतिक पूर्वाधारहरुको गुणस्तरीय एवं समयबद्ध सम्पन्नताका लागि नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिलाई विशेष कार्ययोजनासहित अझ बढी सक्रिय बनाइनेछ।

२०. आन्तरिक राजस्व सुदृढीकरण र प्राकृतिक स्रोतको संरक्षणका लागि उपभोक्ता समिति/टोल विकास संस्था, सोझै खरिद, शिलबन्दी वा बोलपत्र ठेक्काका योजनाहरुको लागत अनुमान (Estimate) मा उल्लिखित माटो वा बालुवा परिमाण बराबरको नियमानुसारको राजस्व/कर तिरेको आधिकारिक रसिद/भौचर पेश गरेपछि मात्र योजनाको भुक्तानीका लागि सिफारिस गरिनेछ।

२१. सुरक्षित सहरीकरण, व्यवस्थित आवास र साँस्कृतिक सहरको स्वरुप कायम राख्न भवन निर्माण सम्बन्धी सार्वजनिक वा निजी योजनाहरु सञ्चालन गर्दा राष्ट्रिय भवन संहिता (NBC) र नगरपालिकाको स्वीकृत नक्सा पासको अनुमति लिएर मात्र निर्माण कार्य अगाडि बढाइनेछ।

२२. भूमिगत जलस्रोतको संरक्षण र शुद्ध खानेपानीको सुनिश्चितताका लागि व्यक्तिगत हेण्डपाइप जडान गर्दा कम्तीमा १६० फिट गहिराईलाई प्राथमिकता दिइनेछ। साथै, पुराना हेण्डपाइप भएका वा पानीको समस्या रहेका क्षेत्रमा वडा कार्यालयको प्राविधिक सिफारिस र स्वीकृतिका आधारमा ठूला बोरिङ जडान गरी ओभरहेड ट्याङ्की (Overhead Tank) मार्फत स्थानीय नागरिकहरुलाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

९. वित्तीय सुशासनतर्फः

१. नगरपालिकामा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै पारदर्शिता, जवाफदेहिता, सदाचार तथा सुशासनका सिद्धान्तलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२. सार्वजनिक वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित, मितव्ययी तथा उत्तरदायी बनाउन पेश्की नियन्त्रण, विद्युतीय भुक्तानी प्रणालीको विस्तार तथा प्रत्यक्ष भुक्तानी प्रणालीलाई प्राथमिकता दिइनेछ।

३. राजस्व प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउँदै राजस्व सूचना प्रणाली (SUTRA) को पूर्ण कार्यान्वयन गरिनेछ तथा करदातामैत्री सेवा प्रवाहलाई प्रोत्साहन गरिनेछ।

४. आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन तथा संस्थागत सुशासनका संयन्त्रलाई थप सुदृढ बनाउँदै वित्तीय अनुशासन कायम गरिनेछ।

५. बेरुजु न्यूनीकरण तथा वित्तीय उत्तरदायित्व अभिवृद्धिका लागि नियमित आन्तरिक लेखापरीक्षण, लेखा समितिको सक्रिय परिचालन तथा समयमै बेरुजु फछर्यौट गर्ने नीति अवलम्बन गरिनेछ।

६. नगरपालिकाको भौतिक तथा वित्तीय प्रगति विवरण, बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था नियमित रूपमा वेबसाइट, डिजिटल सूचना प्रणाली तथा सार्वजनिक सुनुवाइमार्फत सार्वजनिक गरिनेछ।

७. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी तथा गुणस्तरीय बनाउन विद्युतीय बोलपत्र (E-Bidding) प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ तथा समान प्रकृतिका योजनाहरूलाई प्याकेज प्रणालीमार्फत सञ्चालन गरिनेछ।

८. साझेदारीमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूमा पारदर्शिता, प्रभावकारिता र कानुनी अनुपालन सुनिश्चित गर्दै योग्य, दर्ता तथा कर प्रणालीमा आबद्ध संस्थासँग मात्र सहकार्य गरिनेछ।

९. सूचना, सञ्चार तथा सार्वजनिक जानकारी प्रवाहलाई व्यवस्थित बनाउन नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड अनुरूपका सञ्चार माध्यममार्फत मात्र सूचना, सन्देश तथा सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

१०. डिजिटल सुशासन, सेवा प्रवाहको सरलीकरण, गुनासो व्यवस्थापन, नागरिक सन्तुष्टि अभिवृद्धि तथा **'जिरो फाइल'** अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सेवाग्राहीमैत्री स्थानीय सरकार निर्माण गरिनेछ।

१०. स्थानीय विकास कोषतर्फः

१. स्थानीय विकास कोषलाई संस्थागत रूपमा सुदृढ, सक्षम तथा प्रभावकारी बनाउँदै सामाजिक परिचालन, सीप विकास, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनमार्फत गरिबी न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

२. महिला, दलित, आदिवासी जनजाति, विपन्न, पिछडिएका वर्ग तथा लैङ्गिक हिंसाबाट प्रभावित समुदायको आर्थिक सशक्तीकरणका लागि "सामाजिक परिचालन कोष" लाई थप व्यवस्थित, सुदृढ तथा परिणाममुखी बनाइनेछ।

३. नगर क्षेत्रभित्र रहेका आमा समूह, किशोरी-किशोर समूह, टोल विकास संस्था तथा अन्य सामुदायिक संस्थाहरूको पहिचान, सुदृढीकरण तथा परिचालन गरी स्थानीय विकास र सामाजिक रूपान्तरणमा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

४. सामुदायिक संस्थाहरूसँग समन्वय, सहकार्य तथा साझेदारीमा सामाजिक, आर्थिक तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरी समुदायमा स्वामित्व र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

५. स्थानीय विकास कोष अन्तर्गत सञ्चालित ऋणपूँजी घुम्तीकोषलाई प्रचलित कानुन तथा महालेखा परीक्षकको निर्देशन बमोजिम व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

६. निष्क्रिय तथा कमजोर अवस्थामा रहेका सामुदायिक संस्थाहरूलाई पुनः सक्रिय बनाउँदै सामाजिक परिचालन तथा सामुदायिक विकासका कार्यक्रमहरूसँग आबद्ध गरिनेछ।

७. सामुदायिक बचत, ऋण परिचालन तथा उद्यम विकास कार्यक्रमलाई उत्पादन, रोजगारी र आयआर्जनसँग जोड्दै आत्मनिर्भर समुदाय निर्माणमा जोड दिइनेछ।

८. स्थानीय विकास कोषमार्फत सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी संस्थागत सुशासन र दिगोपन सुनिश्चित गरिनेछ।

प्रस्ताव नं.२ आर्थिक बर्ष ०८३।८४ को विनियोजन ऐन २०८३ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष ०८३।८४ का लागि तपसिल अनुसारको विनियोजन ऐन २०८३ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाको विनयोजन ऐन, २०८३

लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही को आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८३/०३/१०

प्रस्तावना : लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीको विनियोजन ऐन, "** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८३/८४को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,८१,७६,८०,५०२.०० (अक्षेरुपी रुपैयाँ एक अर्ब एकासी करोड छयत्तर लाख असी हजार पाँच सय दुइ मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४को निमित्त लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी

शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, रुपन्देही

आय व्ययको बिबरण

शीर्षक	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को संशोधित अनुमान	आ.व. २०८३/८४ को अनुमान
आय	८१,७७,९४	१,४८,९९,५७	१,६९,८७,७३
राजस्व	२३,१७,३८	२६,२१,८१	२८,५७,८६
आन्तरिक श्रोत	२,४८,४५	४,८६,००	५,७९,००
११३१३ सम्पती कर	४,११	२०,००	५,००
११३१४ भुमिकर/मालपोत	२४,९१	४०,००	२५,००
११३१७ वहाल कर	२२,५५	३०,००	३५,००
११३१८ वहाल विटौरी कर	१४,०५	०	४५,००
११४५१ सवारी साधन कर (साना सवारी)	११,७२	२०,००	१,००
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर		०	२५,००
११४७९ अन्य मनोरञ्जन कर	१४		
११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०		
११६९१ अन्य कर	२६,९७	८०,००	५०,००
१४२१८ विद्युत सेवा शुल्क	०		
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री		३०,००	५०,००
१४२२१ न्यायिक दस्तूर	८१	६,००	२,००
१४२२३ शिक्षा क्षेत्रको आम्दानी	१,२९		
१४२२४ परीक्षा शुल्क	२६		
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	१८,६७	३०,००	६०,००
१४२४२ नक्सापास दस्तुर	७,९०	१५,००	५०,००
१४२४३ सिफारिश दस्तुर	३२,३१	५०,००	५५,००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१७,२६	२०,००	४०,००
१४२४५ नाता प्रमाणित दस्तुर	३,४४	१०,००	६,००
१४२४९ अन्य दस्तुर	७,४७	१५,००	१५,००
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	५३,२०	७०,००	५०,००
१४२६२ विद्युत सम्बन्धी दस्तुर	३		
१४२६५ अन्य क्षेत्रको आय	०	०	३०,००

शीर्षक	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को संशोधित अनुमान	आ.व. २०८३/८४ को अनुमान
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत		१५,००	०
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	१५	०	१५,००
१४६११ व्यवसाय कर		२५,००	०
राजस्व बाँडफाँडबाट प्राप्त रकम	२०,६८,९३	२१,३५,८१	२२,७८,८६
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	५,८२,६४	५,२३,९०	६,००,००
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	९,५४,३७	११,०५,८०	१०,७१,४७
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क	४,१२,०१	३,६९,३९	४,५९,२०
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	१,१९,१८	१,३६,७२	१,४८,१९
१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	७१		
अन्य आय	१,१३	१०,००	२०,००
१४५२९ अन्य राजस्व	१,१०	०	१०,००
१५१११ बेरूजू	२	१०,००	१०,००
अन्तर सरकारी वित्तीय हस्तान्तरण	५८,६०,५६	१,१२,६४,७२	१,२८,०९,८७
संघीय सरकार	५६,०१,४४	१,०८,८९,००	१,२३,१२,००
१३३११ समानिकरण अनुदान	१६,०५,८०	१७,३०,००	१७,६१,००
१३३१२ शसर्त अनुदान चालु	३४,७८,१३	३७,८५,००	३८,४२,००
१३३१३ शसर्त अनुदान पुँजीगत	४,९९,८३	५३,०६,००	६४,९६,००
१३३१६ समपुरक अनुदान चालु		०	२,१३,००
१३३१७ समपुरक अनुदान पुँजीगत	१७,६६	६८,००	०
१३३१८ अन्य अनुदान चालु		०	०
प्रदेश सरकार	२,५९,११	३,७५,७२	४,९७,८७
१३३११ समानिकरण अनुदान	१,२५,६९	१,२०,७२	१,२२,३७
१३३१२ शसर्त अनुदान चालु	१०,००	२५,००	२१,५०
१३३१३ शसर्त अनुदान पुँजीगत	६६,३०	१,१०,००	२,१४,००
१३३१५ विषेश अनुदान पुँजीगत		०	२०,००
१३३१७ समपुरक अनुदान पुँजीगत	५७,१२	१,२०,००	१,२०,००
बैदेशिक			
जनसहभागिता			

शीर्षक	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को संशोधित अनुमान	आ.व. २०८३/८४ को अनुमान
वित्तीय व्यवस्था (प्राप्ति)		१०,१३,०४	१३,२०,००
व्यय	८९,६३,७२	१,५९,९०,२०	१,८१,७६,८०
चालु	५८,५२,९५	६६,८१,६७	६८,५१,१७
२१११११ पारिश्रमिक कर्मचारी	२१,२३,३४	२५,९६,९०	२६,३०,२४
२११२१ पोशाक	१०,३०	२३,६०	२३,६०
२११३२ महंगी भत्ता	९,७७	३४,८०	४२,६०
२११३४ कर्मचारीको बैठक भत्ता	५,३३	१०,६०	२०,४५
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	०	०	३५,००
२११३९ अन्य भत्ता	३,८२	३,००	७,००
२११४१ पदाधिकारी बैठक भत्ता	४५,२२	५३,७६	४९,५३
२११४२ पदाधिकारीअन्य सुबिधा	१,३७,१३	१,४०,०६	२,००,००
२१२१४ कर्मचारी कल्याण कोष	३०,००	१५,००	३०,००
२१२१९ अन्य सामाजिक सुरक्षा खर्च	५,९८	७,७०	५,००
२२१११ पानी तथा बिजुली	४५,५९	४८,००	५०,००
२२११२ संचार महसुल	५,३९	९,००	६,००
२२२११ इन्धन (पदाधिकारी)	१५,००	१५,००	१५,००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	८९,६२	१,१७,१६	९१,४५
२२२१३ सवारी साधन मर्मत खर्च	७२,०१	६८,९७	५१,९५
२२२१४ बिमा तथा नवीकरण खर्च	६,३३	१०,५०	१०,५०
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	३४,६१	३२,१५	३४,५०
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	८,९३	०	१,५०
२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	०	०	१५
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	६१,२८	८५,४५	७८,७०
२२३१३ पुस्तक तथा सामग्री खर्च	४,९८	२५	०
२२३१४ इन्धन - अन्य प्रयोजन	०	१,००	१,००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	४९,६३	७०,५०	५५,५०

शीर्षक	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को संशोधित अनुमान	आ.व. २०८३/८४ को अनुमान
२२३१९ अन्य कार्यालय संचालन खर्च	५,००	६,५०	१०,००
२२४११ सेवा र परामर्श खर्च	७७,३८	५३,००	३,७४,००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२४,१५	२०,००	५,००
२२४१३ करार सेवा शुल्क	७,६७,८०	८,३६,६८	३,५४,००
२२५११ कर्मचारी तालिम खर्च	१,९९	४,५०	८,००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	५६,२२	५६,००	३७,२०
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	२,००	१५,००	०
२२५२२ कार्यक्रम खर्च	९,५१,२०	१७,६४,१७	१८,६६,७५
२२५२९ विविध कार्यक्रम खर्च	१३,९७	२७,००	८,००
२२६११ अनुगमन, मूल्यांकन खर्च	८,८१	१०,००	१०,२५
२२६१२ भ्रमण खर्च	३१,५७	२७,९०	३०,००
२२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	२,००	२,००	०
२२७११ विविध खर्च	१,५४,२८	१,१६,४३	१,१२,२५
२२७२१ सभा सञ्चालन खर्च	१२,००	१५,००	१५,००
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	७,७९,८६	१,०२,७०	१,४४,४३
२५३१२ स्वास्थ संस्थाहरूलाई सहायता	१६,४७	१८,००	१६,५०
२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	०	१४,५०	५,००
२५३१५ अन्य सस्था सहायता	०	२,००	०
२७११११ सामाजिक सुरक्षा	३४,८०	१,५०	०
२७११२ अन्य सामाजिक सुरक्षा	३९,०९	३६,१२	१,०३,५०
२७२११ छात्रवृत्ति	०	९९,५३	२,०९,८८
२७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च	०	०	०
२७२१३ औषधीखरिद खर्च	६२,८७	५०,७४	४५,७४
२७२१९ अन्य सामाजिक सहायता	२,५०	३,००	०
२८१४२ घरभाडा	३५,५९	४१,००	४१,००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	८,९८	१५,००	१५,००
पूंजीगत	३१,१०,७७	९३,०८,५३	१,१३,२५,६३

शीर्षक	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को संशोधित अनुमान	आ.व. २०८३/८४ को अनुमान
३१११२ गैर आवासीय भवन निर्माण/ खरिद	२६,९९	९७,००	७२,००
३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	४८,२१	५,००	०
३११२१ सवारी साधन	१२,९६	७२,५०	०
३११२२ मेशिनरी तथा औजार	१,२४,७७	१,७८,९५	२,०९,३५
३११२३ फर्निचर तथा फिक्चर्स	२८,९०	४०,००	३१,५०
३११३१ पशुधन तथा बागवानी विकास खर्च	२,२३	५०	०
३११३५ पूँजीगत परामर्श खर्च	०	०	७,००
३११५१ सडक तथा पूल निर्माण	७,९७,७४	६,७१,२१	१०,८७,८९
३११५३ विद्युत संरचना निर्माण	८४,२३	१,०५,७८	१,०७,००
३११५४ तटबन्ध तथा बाँधनिर्माण	१७,५९	६३,००	१८,००
३११५५ सिंचाई संरचना निर्माण	१,६३,५७	१,७२,९९	२,१४,२९
३११५६ खानेपानी संरचना निर्माण	१,१४,६६	१,११,००	८६,००
३११५७ वन तथा वातावरण संरक्षण	५,८३	६८,००	०
३११५८ सरसफाई संरचना निर्माण	४३,९२	७२,००	३८,५०
३११५९ अन्य सार्वजनिक निर्माण	१६,३३,११	७६,३७,१०	९४,४९,१०
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	५,९९	१३,५०	५,००
३१५११ भैपरी आउने पूँजीगत	०	०	०
बजेट बचत (+)/न्यून	(७,८५,७८)	(१०,९०,६३)	(११,८९,०७)
गत वर्षको नगद मौज्दात		१०,९०,६३	११,८९,०७

प्रस्ताव नं.३ आर्थिक बर्ष ०८३।८४ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष ०८३।८४ का लागि तपसिल अनुसारको बार्षिक बजेट तथा कार्यक्रम सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो।

आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमहरु

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०५४८४०३१०१ लुम्बिनी सांस्कृतिक नगरपालिका									
१	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४३,७५	४३,७५	४३,७५	४३,७५	१,७५,००
२	पारिश्रमिक कर्मचारी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	आन्तरिक श्रोत - नगद	४३,७५	४३,७५	४३,७५	४३,७५	१,७५,००
३	पोशाक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१	आन्तरिक श्रोत - नगद	०	०	२३,३०	०	२३,३०
४	महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	१०,६५	१०,६५	२१,३०
५	महंगी भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	आन्तरिक श्रोत - नगद	१०,६५	१०,६५	०	०	२१,३०
६	कर्मचारीको बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३४	आन्तरिक श्रोत - नगद	३,७५	३,७५	३,७५	३,७५	१५,००
७	लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय मापदण्ड अनुसारको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धी खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३४	आन्तरिक श्रोत - नगद	०	०	०	२,००	२,००
८	कर्मचारी प्रोत्साहन भत्ता स्थायी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३५	आन्तरिक श्रोत - नगद	८,७५	८,७५	८,७५	८,७५	३५,००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
९	प्रति दिन ५०० का दरले पालो पहरा र जेसिवि दमकल चालक, प्रहरी २५० का दरले अन्य भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	आन्तरिक श्रोत - नगद	७५	७५	७५	७५	३,००
१०	मेलमिलापकर्ताहरुलाई प्रोत्साहन प्रति मुद्धा फछ्यौट गरे वापत रु १००० का दरले	कानुन तथा न्याय	२११३९	आन्तरिक श्रोत - नगद	०	०	०	४,००	४,००
११	न्यायिक समिति बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१,००	१,००	१,००	१,००	४,००
१२	पदाधिकारी बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	आन्तरिक श्रोत - नगद	३,००	३,००	३,००	३,००	१२,००
१३	विषयगत समिति बैठक भत्ता	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	आन्तरिक श्रोत - नगद	१,२५	१,२५	१,२५	१,२५	५,००
१४	पदाधिकारीअन्य सुबिधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४२	आन्तरिक श्रोत - नगद	५०,००	५०,००	०	०	१,००,००
१५	पदाधिकारीअन्य सुबिधा	कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	५०,००	५०,००	१,००,००
१६	कर्मचारी कल्याण कोष	कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१४	आन्तरिक श्रोत - नगद	०	०	०	३०,००	३०,००
१७	धार्मिक तथा आर्थिक सहयोग कापा सदस्य मार्फत	सामाजिक सुरक्षा तथा संरक्षण	२२२१९	आन्तरिक श्रोत - नगद	०	४,००	०	१,००	५,००
१८	कृषि सिचाईका लागि विद्युत मिटरको १०० प्रतिशत शुल्क भुत्तानी	कृषि	२२११९	आन्तरिक श्रोत - नगद	०	०	०	६,००	६,००
१९	पानी तथा बिजुली	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१०,००	१०,००	१०,००	१०,००	४०,००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
२०	संचार महसुल	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	आन्तरिक श्रोत - नगद	१,२५	१,२५	१,२५	१,२५	५,००
२१	इन्धन (पदाधिकारी)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३,७५	३,७५	३,७५	३,७५	१५,००
२२	इन्धन (कार्यालय प्रयोजन)	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	७,५०	७,५०	७,५०	७,५०	३०,००
२३	इन्धन एम्बुलेन्स	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	६,२५	६,२५	६,२५	६,२५	२५,००
२४	इन्धन जेनेरेटर	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	१,००	१,००
२५	इन्धन जेसिवि	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	३,००	३,००
२६	इन्धन दमकल	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१,५०	१,५०	१,५०	१,५०	६,००
२७	सवारी साधन मर्मत	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	७,५०	७,५०	७,५०	७,५०	३०,००
२८	सवारी साधन मर्मत खर्च पुरानो भुक्तानी बाँकी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१५,००	०	०	०	१५,००
२९	बिमा तथा नवीकरण खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२,५०	२,५०	२,५०	२,५०	१०,००
३०	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	६,२५	६,२५	६,२५	६,२५	२५,००
३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२३१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	१,५०	०	१,५०
३२	इलाका प्रहरी कार्यालयमा दायित्व भुक्तानी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	१,००	१,००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
३३	चिट्ठी पत्रहरु	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	५०	५०
३४	मसलन्द तथा कार्यालय सामाग्री	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५,००	५,००	५,००	५,००	२०,००
३५	सन्चालन खर्च स्टेशनरी	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२,५०	२,५०	२,५०	२,५०	१०,००
३६	कक्षा ८ को स्थानीय पाठ्यपुस्तक छपाई	शिक्षा	२२३१५	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	५,००	०	०	०	५,००
३७	कक्षा ८ को स्थानीय पाठ्यपुस्तक छपाई	शिक्षा	२२३१५	आन्तरिक श्रोत - नगद	०	०	०	२,००	२,००
३८	पत्रपत्रिका तथा पुस्तक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	२,००	२,००
३९	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५.७५	५.७५	५.७५	५.७५	२३.००
४०	सुचना प्रकाशन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२.००	२.००	२.००	२.००	८.००
४१	अन्य कार्यालय संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१.२५	१.२५	१.२५	१.२५	५.००
४२	कक्षा १ देखि कक्षा ७ सम्मको स्थानीय पाठ्यपुस्तक लेखन तथा व्यवस्थापन खर्च	शिक्षा	२२४११	नेपाल सरकार - समानिकरण अनुदान	१५.००	०	०	०	१५.००
४३	नगरपालिकामा कार्यरत नगरप्रहरी सरसफाईकर्मी, लेखा सहयोगी, समन्वयकर्ता, कानुनी सल्लाहाकार,इलेक्ट्रिसियन सहायक कम्प्युटर अपरेटर, कम्प्युटर अपरेटरहरु कास स्वीपर गार्ड लगायतका अस्थायी संगठन संरचनामा रहेका कर्मचारीहरुको पारिश्रमिक पारिश्रमिक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	आन्तरिक श्रोत - नगद	३७.५०	३७.५०	३७.५०	३७.५०	१.५०.००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
४४	नगरपालिकामा कार्यरत नगरप्रहरी सरसफाईकर्मी, लेखा सहयोगी, समन्वयकर्ता, कानुनी सल्लाहाकार,इलेक्ट्रिसियन सहायक कम्प्युटर अपरेटर, कम्प्युटर अपरेटरहरु कास स्वीपर गार्ड लगायतका अस्थायी संगठन संरचनामा रहेका कर्मचारीहरुको पारिश्रमिक पारिश्रमिक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	३७,५०	३७,५०	३७,५०	३७,५०	१,५०,००
४५	भ्रु उपयोग योजना निर्माण तथा अद्यावधिक	योजना तर्जुमा र कार्यन्वयन	२२४११	आन्तरिक श्रोत - नगद	०	०	०	१३,००	१३,००
४६	राजश्व सुधार कार्ययोजना अद्यावधिक	योजना तर्जुमा र कार्यन्वयन	२२४११	आन्तरिक श्रोत - नगद	०	०	०	५०	५०
४७	राजश्व सुधार कार्ययोजना अद्यावधिक	योजना तर्जुमा र कार्यन्वयन	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१,५०	०	०	०	१,५०
४८	लुम्बिनी सांस्कृतिक नगरपालिकाको सडक सौन्दर्यीकरण, सहरी संरचना डिजाईन र पर्यटन पूर्वाधार विकास सम्बन्धी विस्तृत परियोजना तयारी GLAD PROJECT को बाँकी रकम भुक्तानी	योजना तर्जुमा र कार्यन्वयन	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	११,००	०	०	०	११,००
४९	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	१५,००	१५,००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
५०	सेवा र परामर्श खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	आन्तरिक श्रोत - नगद	०	०	०	१०,००	१०,००
५१	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५,००	०	०	०	५,००
५२	नगर स्वयमसेवक शिक्षक र बालविकासका कर्मचारीहरुको तलव	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	२,३५,००	२,३५,००
५३	नगरपालिकाको स्वीकृत संगठन संरचना भित्र रहेका करार कर्मचारीहरुको पारिश्रमिक	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२७,५०	२७,५०	२७,५०	२७,५०	१,१०,००
५४	कानुनी सचेतना तालिम	कानुन तथा न्याय	२२५१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	५,००	५,००
५५	किशोरीहरुलाई नेतृत्व तथा क्षमता विकास तालिम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५१२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	१,००	०	१,००
५६	प्रशासनिक कार्यसंग सम्बन्धित विभिन्न अन्तर्कृया तथा छलफल गोष्ठी कार्यक्रम	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५१२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	१,००	१,००
५७	बालबालिकाहरुलाई कानुनी सचेतना तालिम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५१२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	१,००	०	०	१,००
५८	महिलाहरुलाई लैङ्गिक हिंसा विरुद्ध कानुनी सचेतना तालिम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५१२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	१,००	१,००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
५९	व्यवसाय दर्ता सिफारिस वडा कार्यालयबाट जारी गर्ने र प्रमाणपत्र नगरपालिकाबाट जारी गर्नका लागि सफ्टवेयर तालिम	मानव संशाधन विकास	२२५१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१,५०	०	०	०	१,५०
६०	सामाजिक कुरीति बालविवाह दाइजो प्रथा आदि विरुद्ध जनचेतनामुलक तालिम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५१२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	१,००	१,००
६१	१४ वर्ष मुनिका बालबालिकाहरुलाई निशुल्क मुटुरोग स्क्रेनिङ शिविर	स्वास्थ्य	२२५२२	आन्तरिक श्रोत - नगद	०	०	०	५,००	५,००
६२	अपाङ्ग परिचयपत्र वितरण निरन्तरता	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२५	२५	२५	२५	१,००
६३	आत्मरक्षा कराटे नगरस्तरीय	युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	३,००	३,००
६४	आर्थिक विकास शाखामा विविध कार्य	पर्यटन	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	१,००	०	१,००
६५	आवश्कतानुसारका कार्य	सम्पदा पूर्वाधार	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	०	०	०	१०,००	१०,००
६६	उत्पादन र उद्यमशीलता मार्तफ रोजगार सिर्जना तथा न्यूनतम रोजगार प्रत्याभूत, सीप वकास, उद्यमशीलता प्रवेर्दन र पुनः एकिकरण सम्बन्धी क्रयाकलाप सन्चालन (स्थानीय तहको शत प्रतिशत लागत साझेदार अनिवार्य)	श्रम तथा रोजगारी	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	४,४७	४,४७

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
६७	एक वडाको एक सक्रिय टोल विकास संस्थासंगको सहकार्यमा वडा सरसफाई अभियान	खानेपानी तथा सरसफाई	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	२,६०	०	२,६०
६८	एल पि एल खेल	युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	७,००	७,००
६९	कृषि प्रवर्द्धनमा अनुदान	कृषि	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	१०,००	१०,००
७०	किशोरीहरुलाइ सिपमुलक कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	३,००	३,००
७१	गर्भवती आमाहरुलाई निशुल्क क्याल्सियम चक्की वितरण	स्वास्थ्य	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	१०,००	१०,००
७२	छात्रवृत्ति कार्यक्रम	शिक्षा	२२५२२	आन्तरिक श्रोत - नगद	०	०	१०,००	०	१०,००
७३	जैविक भ्रमिक कम्पोष्ट मल निर्माण	कृषि	२२५२२	आन्तरिक श्रोत - नगद	०	०	०	४,००	४,००
७४	धार्मिक साँस्कृतिक सहयोग	भाषा तथा संस्कृति	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	११,००	११,००
७५	नगरपालिका सदस्यता शुल्क	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	आन्तरिक श्रोत - नगद	०	०	०	२,००	२,००
७६	प्रवज्य तथा धम्म यात्रा प्रचार प्रसार	पर्यटन	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	०	०	०	५,००	५,००
७७	प्रशासन शाखामा आइपर्ने विविध भैपरी तथा दैनिक भ्रमण खर्च व्यवस्थापन	कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	१,००	१,००

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
७८	पि एल पि एल क्रिकेट	युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	७०,००	७०,००
७९	बजार अनुगमन	अनुगमन तथा मूल्यांकन	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	७५	७५	०	१,५०
८०	बुद्ध सर्किट पालिकाहरुको पर्यटन प्रबर्द्धन तथा समन्वय कार्यक्रम	पर्यटन	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	३,००	३,००
८१	बालविवाह तथा मानव बेचविखन विरुद्ध सरोकारवालासंगको सहकार्यमा सचेतनामूलक विविध कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	२,००	०	०	२,००
८२	मदरसा तालिममुन कुरवान वल सुन्नहमा बार्षिक उत्सव कार्यक्रमको दायित्व भुत्तानी	भाषा तथा संस्कृति	२२५२२	नेपाल सरकार - समानिकरण अनुदान	१,००	०	०	०	१,००
८३	मधुवनी मार्विमा व्यवस्थापन अनुदान	शिक्षा	२२५२२	आन्तरिक श्रोत - नगद	०	०	०	४,००	४,००
८४	मेयर ब्लड कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	लुम्बिनी प्रदेश - समानिकरण अनुदान	०	०	०	८,००	८,००
८५	महिलाहरुलाइ आय आर्जनमुलन तालिम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड – स्थानीय - नगद	०	०	०	४,००	४,००
८६	युवाहरुलाई खेलकुद सामाग्री वितरण	युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	०	०	०	५,००	५,००
१०७३	लंकापुर चोकमा बाटोको उत्तरपट्टि प्रतिक्षालय निर्माण लु.सा.न.पा. ३. रुपन्देही	सम्पदा पूर्वाधार	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	२,१३	२,१३

क्र.सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	विनियोजन (रु. हजारमा)				
					पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१०७४	श्री जनता आधारभुत विद्यालयमा बाल बाउण्डरी निर्माण तथा अधुरो भवन निर्माण लुम्बिनी सास्कृतिक नपा वडा न १० रुपन्देही	शिक्षा	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	४,५०	४,५०
१०७५	श्री बालज्योति आ.वि. मा बाल वा बाउण्ड्री निर्माण लुम्बिनी साँस्कृतिक न.पा.११, रुपन्देही	शिक्षा	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	४,००	४,००
१०७६	श्री राम जानकी प्राबि अजमामा रङ्ग रोगन तथा मर्मत सम्भार लुम्बिनी सांस्कृतिक नपा वडा न १२ रुपन्देही	शिक्षा	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	२,५०	२,५०
१०७७	श्री शिव दुर्गा मन्दिरमा अधुरो पूर्वाधार निर्माण लुम्बिनी साँस्कृतक नपा वडा न १ धुपही रुपन्देही	सम्पदा पूर्वाधार	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	२,५०	२,५०
१०७८	सेमरा गाउँमा रहेको अधुरो समइमाईको थान निर्माण लुम्बिनी साँस्कृतिक न.पा.११, रुपन्देही	सम्पदा पूर्वाधार	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	३,००	३,००
१०७९	सानो एकता ओवादी माईथानमा अधुरो रहेको मन्दिरमा भौतिक पूर्वाधार निर्माण लुम्बिनी सास्कृतिक न.पा.८, रुपन्देही	सम्पदा पूर्वाधार	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	२,००	२,००
१०८०	सोनवर्षा गाउँमा रहेको अधुरो हनुमान मन्दिरमा भौतिक पूर्वाधार निर्माण लुम्बिनी साँस्कृतिक न.पा.९, रुपन्देही	सम्पदा पूर्वाधार	३११५९	लुम्बिनी प्रदेश - शसर्त अनुदान पुँजीगत	०	०	०	५,००	५,००
कुल जम्मा					३४,०९,०४	३१,८१,३०	३२,१४,७१	८३,७१,७४	१,८१,७६,८०

प्रस्ताव नं.४ संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वत स्वीकृत हुने सम्बन्धमा ।

निर्णय नं.४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ अनुसार तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८३ नगरसभामा स्वीकृत गर्ने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लुम्बिनी प्रदेश राप्ति उपत्यका देउखुरी दाङ लाई सिफारिसका लागि लेखि पठाइएकोमा तहाँबाट पछि प्राप्त हुने सुझाव सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति प्राप्त भएपछि स्वत स्वीकृत हुने निर्णय गरियो ।

प्रस्ताव नं. ५ कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरसभाबाट स्वीकृत हुने संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८३ अनुसार दरवन्दी भित्र पर्ने कर्मचारीहरुलाई मात्र कार्यालयको आवश्यकता,कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन , सवारी साधनको उपलब्धता जस्ता कुराहरुलाई मध्यनजर गरी आवश्यकतानुसार Right Sizing गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो । साथै संघीय सरकार/प्रदेश सरकारबाट सन्चालित परियोजना तथा कार्यक्रमबाट तलव भत्ता तथा अन्य सुविधा लिने कर्मचारीहरुको कार्यक्रम निरन्तरता भएमा र तलव भत्ताको सुनिश्चितता सम्बन्धित निकायबाट नै हुने भएमा मात्र म्याद थप गर्ने अन्यथा नगर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ : नगर विकास कोषसँग ऋण लिने सम्बन्धमा

निर्णय नं. ६ प्रस्तावन ६ माथि छलफल गर्दा यस लुम्बिनी सांस्कृतिक नगरपालिकामा सञ्चालित शहरी उत्थानशीलता तथा जीवन्तता सुधार आयोजना (Urban Resilience and Livability Improvement Project - URLIP) अन्तर्गत कुल लागतको १८ प्रतिशत रकम नगर विकास कोष (TDF) बाट ऋण सहयोग लिने सम्बन्धमा विस्तृत छलफल गरियो। आयोजनालाई वित्तीय रूपमा दिगो र नगरपालिकाको हित अनुकूल बनाउन तपसिल बमोजिम निर्णय गरियो:

तपसिल:

१. CFMIP पुनरावलोकन (Review) सम्बन्धमा

URLIP परियोजना अन्तर्गतको बृहत् नगरपालिका वित्तीय व्यवस्थापन सुधार योजना (Comprehensive Financial Management Improvement Plan - CFMIP) लाई हालको यस नगरपालिकाको वास्तविक वित्तीय क्षमता र आवश्यकता अनुरूप परिमार्जन (Update) गर्न आवश्यक देखिएकोले, सो योजनालाई पुन: पुनरावलोकन गर्नका लागि आयोजना समन्वय कार्यालय (PCO), नगर विकास कोष(TDF) र एसियाली विकास बैंक (ADB) सँग आधिकारिक रूपमा अनुरोध गर्ने निर्णय गरियो।

२. आन्तरिक राजस्व वृद्धि गर्ने सम्बन्धमा:

आयोजनाको ऋणभार व्यवस्थापन गर्न र नगरपालिकाको वित्तीय क्षमता सुदृढ बनाउन आगामी दिनमा स्थानीय कर, शुल्क तथा दस्तुरको दायरा फराकिलो बनाउँदै, राजस्व चुहावट नियन्त्रण गर्ने र आन्तरिक राजस्व वृद्धि (Internal Revenue Optimization) का योजनाबद्ध कार्यक्रमहरू तत्कालै अगाडि बढाउने निर्णय गरियो।

३. वैकल्पिक स्रोतहरूको पहिचान तथा परिचालन सम्बन्धमा:

नगर विकास कोषको उक्त ऋणको साँवा तथा ब्याज समयमै भुक्तानी गर्ने दायित्वलाई सहज बनाउन आन्तरिक स्रोतका अतिरिक्त संघीय तथा प्रदेश सरकारको समानुकरण अनुदान तथा अन्य सम्भाव्य वित्तीय स्रोतहरू (Alternative Sources of Funding) पहिचान, खोजी र परिचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.७ आर्थिक बर्ष ०८३।८४ को आर्थिक ऐन २०८३ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष ०८३।८४ का लागि तपसिल अनुसारको आर्थिक ऐन २०८३ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक ऐन, २०८३

सभाबाट स्वीकृत मिति: २०८३/३/१०

प्रमाणिकरण मिति: २०८३।०३।३०

प्रस्तावना:

लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

यो ऐन २०८३ साल श्रावण १ गतेदेखि लुम्बिनी साँस्कृतिक नगर क्षेत्रमा लागू हुनेछ।

२. सम्पति कर:

नगरपालिका क्षेत्रभित्र यस ऐनमा व्यवस्था भए बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर: (मालपोत)

नगरपालिका क्षेत्रभित्र यस ऐनमा व्यवस्था भए बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर,जग्गा वहाल कर:

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा यस ऐनमा व्यवस्था भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर:

(१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा यस ऐनमा व्यवस्था भए बमोजिम बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उद्योग, ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई ब्यवसाय दर्ता गरी ब्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गुर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

६. जडिबुटी, कवाडी र मृत जीवजन्तु कर:

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत यस ऐनमा व्यवस्था भए बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

७. बन पैदावार कर:

नगरपालिका भित्र उत्पादन भै निकासी हुने बन पैदावारमा यस ऐनमा व्यवस्था भए बमोजिम निकासी कर लगाईने र असुलउपर गरिने छ।

८. सवारी साधन कर:

नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची यस ऐनमा व्यवस्था भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. विज्ञापन कर:

नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा यस ऐनमा व्यवस्था भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. मनोरञ्जन कर:

नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन सेवामा यस ऐनमा व्यवस्था भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

११. नक्सा पास दस्तुर:

(१) नगरपालिकाले नगरपालिका क्षेत्र भित्र नयाँ निर्माण हुने,घर,टहरा,गोदाम,सेड आदि निमार्ण गर्दा तथा पुराना घर,टहरा,गोदाम,सेड आदिको अभिलेखिकरण गर्दा यस ऐनमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिने छ।

(२) औद्योगिक क्षेत्रको प्रर्वद्धन गर्न र सहजीकरण गर्नको लागि भैरहवा विशेष आर्थिक क्षेत्र भित्र निर्माण भएका तथा अब निर्माण हुने औद्योगिक भवनहरु, घर,टहरा,सेडमा यस ऐनमा व्यवस्था भए बमोजिम दस्तुर लिई नक्सा पास तथा नियमित गरीनेछ।

(३) पुरानो नक्सा नियमित गर्दा तथा नयाँ नक्सा पास गर्दा भैरहवा विशेष आर्थिक क्षेत्रको सिफारिश पत्र, लिजमा लिएको सम्झौता पत्र, जग्गा धनि प्रमाण पत्रको आधारमा नक्सा पास तथा नियमित गरिनेछ।

१२. बहाल बिटौरी शुल्क:

नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा कार्यपालिकाले निर्णय गरे बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. पार्किङ शुल्क:

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत कार्यपालिकाले निर्णय गरे बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. सेवा शुल्क, तथा दस्तुर:

नगरपालिकाले वस्तु तथा सेवा प्रदान गरे वापत यस ऐनमा व्यवस्था भए बमोजिम सेवा,शुल्क तथा दस्तुर लगाउने र असुलउपर गर्नेछ।

१५. अनुमति दस्तुर:

नगरपालिका भित्र कानून बमोजिम प्राकृतिक स्रोत उत्खनन् तथा ओसार पसार गर्ने सावारी साधनमा यस ऐनमा व्यवस्था भए बमोजिम बार्षिक अनुमति दस्तुर लगाईने छ। सो को लागि सरोकारवालाले गाउँपालिकामा सूचिकृत गर्नु पर्नेछ।

१६. ढुङ्गा, गिट्टी, बालुवा, भष्कट, माटो आदि नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतको शुल्क÷

नगरपालिका भित्रका नदी,बगर,नदी किनारा,निजी सम्पत्ति आदि क्षेबाट ढुङ्गा, गिट्टी, बालुवा, भष्कट, माटो, मिष्कट आदि नदीजन्य पदार्थ तथा प्राकृति स्रोतको उत्खनन्, संकलन र विक्री गर्दा मु.अ.कर बाहेक यस ऐनमा व्यवस्था भए बमोजिम शुल्क लगाईनेछ।

१७. जरिवाना, विलम्ब शुल्क तथा कर छुट र पुरस्कार:

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईनेछैन।

(२) यस ऐनमा व्यवस्था भए बमोजिम जरिवाना, विलम्ब शुल्क लगाउने र असुलउपर गर्नेछ।

(३) नदीजन्य पदार्थ तथा निजि जग्गाको माटो उत्खनन्, विक्री तथा ओसारपसार कार्य गर्दा कानून अनुसार अनुमति नलिई अबैध रुपमा गर्ने कार्यलाई निरुत्साहित गर्न तथा आन्तरिक राजस्व बृद्धी सुराकी तथा सुरक्षाकर्मीलाई कार्यपालिकाले कार्यविधि वनाई उचित पुरस्कारको ब्यवस्था गर्नेछ।

(४) यस ऐनमा व्यवस्था भए बमोजिम बमोजिम लाभग्राहीलाई कर तथा सेवा शुल्कमा छुट दिने छ।

१८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

१९. नियम वा कार्यविधि बनाउने अधिकार:

(१) ऐनको उद्देश्य पुरा गर्न नगरपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

(२) विभिन्न दफामा उल्लेखित कर, दस्तुर, सेवाशुल्क वा जरिवाना आदिमा कुनै शिर्षक छुटेको पाइएमा नगरकार्यपालिकाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क, जरिवाना निर्धारण गरी अशुलउपर गर्न सक्नेछ।

आर्थिक वर्ष २०८३/८४ का करका दरहरु

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१	११३१३	एकीकृत सम्पती कर	राजस्व शिर्षक	०	होइन	पटके	
१.१	११३१३०१०१	सम्पत्तिकर	राजस्वसहायक क्रियाकलाप	घर-जग्गा-३	हो	बार्षिक	
१.२		सम्पति कर	गाँउ ब्लकको पक्की घर		हो	बार्षिक	१५०
			गाँउ ब्लकको कच्ची घर				१००
			राजमार्गसँग जोडिएको पक्की घर				५००
			राजमार्गसँग जोडिएको कच्ची घर				३००
			राजमार्ग बाहेकको भित्रि पक्की घर				३००
			राजमार्ग बाहेकको भित्रि कच्ची घर				२००
		सम्पत्ति कर घर र घरले चर्चेको आधा क्षेत्रफललाईआधार मानी लिनुपर्नेछ					
२	११३१४	भुमिकर/मालपोत	राजस्वशिर्षक	०	होइन	पटके	
२.१	११३१४०१०१	भुमिकर/मालपोत	राजस्वसहायक क्रियाकलाप	घर-जग्गा-३	हो	बार्षिक	
२.२	११३१४०१०१		खेतियोग्य प्रति कट्ठा		हो	बार्षिक	५
२.३	११३१४०१०१		भित्रिग्राभेल पिच तथा ढलान बाटो प्रति कट्ठा		हो	बार्षिक	१०
२.४	११३१४०१०१		लुम्बिनी विकास कोष वरीपरी लोकमार्ग तथा मुख्य सडक कालोपत्रे बाटो सँग जोडिएको प्रतिकट्ठा		हो	बार्षिक	१००
३	११३२१	घरवहाल कर	राजस्वशिर्षक	०	होइन	पटके	
३.१	११३२१०१०१	घरवहाल कर	सम्झौतारकमको १० प्रतिशत	घर-जग्गा भाडा-६	होइन	बार्षिक	१०प्रतिशत
३.२	११३२१०२०१	जग्गावहाल कर	व्यक्तिगत सम्झौतारकमको १० प्रतिशत	घर - जग्गा भाडा - ६	होइन	बार्षिक	१० प्रतिशत
		नगरपालिकाले बहाल कर लगाएमा					

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
३.३	११३२१०२०१		लोकमार्गसँग जोडिएको प्रति वर्ग फिट		होइन	वार्षिक	४
३.४	११३२१०२०१		मिश्रिकालोपत्रे बाटोसँग जोडिएको प्रति वर्ग फिट		होइन	वार्षिक	३
३.५	११३२१०२०१		मिश्रिग्रामेल कच्ची बाटोसँग जोडिएको प्रति वर्ग फिट		होइन	वार्षिक	३
३.६	११३२१०२०१		ग्रामिणक्षेत्र प्रति वर्ग फिट		होइन	वार्षिक	२
४	११३२२	वहालविटौरी कर	राजस्वशिर्षक	०	होइन	पटके	
४.१	११३२२०१०१	हाटबजार कर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	
४.२	११३२२०१०१		आलुप्याज पसल प्रति पटक				२०
४.३	११३२२०१०१		सब्जीपसल प्रति पटक				२५
४.४	११३२२०१०१		माछाप्रति टोकरी प्रति पटक				२०
४.५	११३२२०१०१		फलफुल पसल प्रति पटक				३०
४.६	११३२२०१०१		खसिमासु पसल प्रति पटक				२५
४.७	११३२२०१०१		कुखुरामासु पसल प्रति पटक				२५
४.८	११३२२०१०१		अन्यसाना पसल प्रति पटक				३००
४.९	११३२२०१०१		अग्रीममासिक स्टलप्रति पटक				३००
४.१.१	११३२२०१०१		रागापाडा मासु पसल प्रति पटक				३००
४.१.२	११३२२०२०१	सार्वजनिकस्थल बहाल कर	प्रतिस्क्वायर फुट	अन्य-विविध - ९९९	होइन	पटके	२
४.१.३	११३२२०३०१	एलानी जग्गा बहाल कर	प्रतिस्क्वायर फुट	अन्य-विविध - ९९९	होइन	वार्षिक	२
४.१.४	११३२२०४०१	अस्थायी पसल बहाल कर	प्रतिस्क्वायर फुट	अन्य-विविध - ९९९	होइन	वार्षिक	२
४.१.५	११३२२०५०१	घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना बहाल विटौरी कर	प्रतिस्क्वायर फुट	अन्य-विविध - ९९९	होइन	पटके	२

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
४.१.६	११३२२०६०१	जग्गाबहाल बिटौरी कर	प्रतिस्क्वायर फुट	अन्य-बिबिध - ९९९	होइन	बार्षिक	२
४.१.७	११३२२०७०१	पोखरीबहाल बिटौरी कर	प्रति स्क्यार फुट	अन्य-बिबिध - ९९९	होइन	पटके	१
४.१.८	११३२२०८०१	बहालबिटौरी कर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	
५	११४५१	सवारीसाधन कर (साना सवारी)	राजस्वशिर्षक	०	होइन	पटके	
५.१	११४५१०१०१	बार्षिक नबीकरण शुल्क	राजस्वसहायक क्रियाकलाप	सवारीसाधन - ५	होइन	बार्षिक	१०००
५.२	११४५१०२०१	दर्ता शुल्क रिक्सा	राजस्वसहायक क्रियाकलाप	सवारीसाधन - ५	होइन	पटके	१०००
		दर्ता शुल्क रिक्सा अटो रिक्सा					२०००
		दर्ताशुल्क ई रिक्सा					१५००
		दर्ताशुल्क टेम्पो					२५००
५.३	११४५१०३०१	नामसारी शुल्क	राजस्वसहायक क्रियाकलाप	सवारीसाधन - ५	होइन	पटके	१५००
	साना सवारी भन्नाले यस नगरपालिकामा सन्चालन हुने अटो रिक्सा टेम्पो ठेलागाडा र अन्य यस्तै प्रकारका सवारी साधनलाई सम्झनुपर्दछ ।						
७	१४१५१	सरकारीसम्पत्तीको बहालबाट प्राप्त आय	राजस्वशिर्षक	०	होइन	पटके	
७.१	१४१५१०१०१	सरकारीसम्पत्तीको बहालबाट प्राप्त आय	राजस्वसहायक क्रियाकलाप	सुचना मार्फत	होइन	४ वर्षको	
७.२	१४१५१०१०१		माछापोखरीको नाम				न्युनतम मुल्य
१		बडा न १	सिगडहवा पोखरी				११०३०१

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
२			शैया नाला				२१०२०१
३			नन्दनगर गाउको पुर्व नाला				७९५१
४			नन्दनगर गाँउको पश्चिम पोखरी				१८०५९
५			किर्तिपुर गाँउको पश्चिम पोखरी				११६५६२
६			चुप्पनको घर नजिकको पोखरी				१७६४५
७			मुराउवा पोखरी				९८६६
८			लम्तिहवा पोखरी				१०९५०८
९			गणेश यादवको घर अगाडीको पोखरी				८६५१६
१०			भगवानपुर विद्यालयको अगाडीको पोखरी				९४५५४
१२			पाण्डे बाबाको घर अगाडीको पोखरी				९९५२
१३			सनपतको घर नजिकको पोखरी				१०१७६
१४			दुर्गा श्रीवास्तवको घर नजिकको पोखरी				८७२७
१५			नउवा पोखरी				१०६७७
१६			जोगेन्द्र कुर्मीको घर अगाडीको पोखरी				८५५५
१७			शिरको घर अगाडीको पोखरी				१०५५६
१८			डुगरैया पोखरी				१२८५०
१९			सुखुवारी घर नजिकको पोखरी				२३१८१
२०		वडा न २	बलरामपुर मा.वि. किनारको नौखनिया गढहा नाला				३६७०२०
२१			अदौलामा पर्ने तपेश्वरी यादवको घरको किनारको पोखरी वडा				११५५६
२२			मुजहना गाऊको बिचको पोखरी				१०१५९
२३			डिवहारबाबा गढहा				८२१०
२४			जयश्री कोहारको घरको पश्चिम गडहा				९६२०

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
२५		वडा न ३	हतियाई पोखरी				५००१९
२६			हरनाई पोखरी				६२०२४
२७			सावराई पोखरी				२०६९८
२८			भावराई पोखरी				६०३६८
२९			सोहीयाई पोखरी				४२२२३१
३०			बगैया सानो पोखरी सानो पडरिया				२८४१५
			सानो पडरियाको पश्चिम ताल				६००००
३१		वडा न ४	अमारी गाँउ खेत विचको नाला				२७०४४९
३२			आमारी आ वि स्कुलको दक्षिण पोखरी				२३१८१३
३३			खम्बे गाँउको पोखरी				१८१६२१
३४			खम्बे गाँउ पुर्व र उत्तर गडाहा				१०३४९
३५			चनिवा नाला शिवलवा				२६७६८९
३६			चनवाली गडही				२८९७७
३७			मटखनवा नाला				८८८२७
३८			बाबली गडाहा				१८६२८
३९			हगनी भोथाहा नाला				३०३५६५
४०			चमार टोलको दक्षिण गडही				२३२८५
४१			चमार टोलको उत्तर खलिहान गडही				४८०१८
४२			गाँउको पुर्व मन्दिरको अगाडी पोखरी				८७९६५
४३			गाँउको दक्षिण गडही (ठूलो महुवारी)				६०२९९
४४			पुस्तिहवा गडही				१६२६५
४५		वडा नं.५	पुस्तिहवा गडही				१००३८३
४६			हगनी पोखरी				७५०२९
४७			तेनुहवा पुर्व डिह पोखरी				१०५८५१

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
४८			बडका पोखरी मनोहरपुर				१४५२३
४९			कुला वाला पोखरी				७९९६
५०			पोतनिया पोखरी				२९६४९
५१			मुदहिया पोखरी				४३७५८
५२			बडका पोखरी				१५२१३
५३			धोबिवाला पोखरी				९४८६
५४			बेलहवा पोखरी				१५१०००
५५			करवलवा पोखरी				३२०८१
५६			तरकुलहिया पोखरी				५४६२४
५७			खुखुनडीहवा पोखरी				८१९३
५८			पडरीया पोखरी				७२९४२
५९			धोबीघटवा पोखरी				३८७०५
६०			दोघटीया पोखरी				७१०६
६१			मोहम्मद नगर पोखरी				८८९४८
६२		वडा न ६	तेनुहवा बिचलाडिह उत्तर तर्फ रहेको धाँबिघाट गडही				५५५०२
६३			तेनुहवा पश्चिम तर्फ रहेको हगनी गडही				७७७१८
६४			तेनुहवा बिचलाडिह पश्चिम तर्फ रहेको बसबरिया गडही				२८२५५
६५			सुजनडीहावाको पुर्व तर्फ रहेको पोखरी				४७११०
६६			तरकुलाहा गाँउको पश्चिम तर्फ रहेको पच्छु पोखरी				१०५१३८
६७		वडा न ७	पकडीहवा गाउँ पश्चिम गडहा				२५००६
६८			बनरहवा गाउँ उत्तर टुलो पोखरी				५८२६७१
६९			बनरहवा गाउँ पुर्व आरख गडहा				२६२६२
७०			बनरहवा गाउँ पुर्व कालीमई थान नजिकको गडहा				९७५७
७१			बनरहवा र बिचौवापुर गाउँ बिच रहेको गडहा				२४०६३

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
७२			बिचौवापुर गाउँ दक्षिण सियारहिया पोखरी				६२६१३
७३			कर्महावा कर्वला पोखरी				१६९२३०
७४			कर्महावा स्कुल देखि दक्षिण रहेको गडहा				३९५९२
७५			अधियारी गाउँ उत्तर पश्चिम पोखरी				६८३४४
७६			अधियारी गाउँ पुर्व नाला				३७६३७
७७			पश्चिम शिवागढ़िया गाउँ दक्षिण पुर्व गडाहा				३१५५
७८			सखुवाडाड गाउँ पश्चिम पोखरी				२२७५३
७९			पुर्व शिवागढ़िया अब्दुल हाईको घर नजिक गडाहा				१३६५६
८०		वडा न ८	सानो भरवलिया गाँउ दक्षिण पोखरी				३७९४६
८१			ठुलो भरवलिया गाँउ पश्चिम गडाहा				२२९४०
८२			ठुलो भरवलिया गाँउ दक्षिण चमार टोलको पोखरी				१६८५१
८३			ठुलो भरवलिया गाँउ बिच लातिफको घर अगाडीको पोखरी				७६२४
८४			भगतपुरवा गाँउ उत्तर पिच बाटो नजिकको पोखरी				९३३८१
८५			अधियारी निमावी अगाडीको पोखरी				९१४१४
८७		वडा न ९	मटखनवा ताल लकडीगड				५८२२७५
८८			कोचरहवा ताल वेलभरिया				१४६२११
८९			पुर्निहवा ताल चैनपुरवा				४२४२१५
९०			करवला ताल रमवापुर				२२७८२९
९१		वडा न १०	थरुनीया ताल, महिलवारी				२२८७७७
९२			हथिहवा ताल, लक्ष्मीपुर				१४७४५३
९३			महिलवार गाऊको पुर्व गढहा				२४५६१
९४			मार्चाहवा ताल, लक्ष्मीपुर				१२६२२१
९५			मणिअवा ताल, महिलवारी				१३३३३

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
९६		वडा न ११	गनवरिया गाऊको दक्षिण पोखरी				८१८०७
९७			सानो चिर्रीपुरवा गाऊको पूर्व पोखरी				३५८५९
९८			सानो चिर्रीपुरवा गाऊको दक्षिण पोखरी				१६००६
९९			धुपही काली थानको दक्षिणको पोखरी				३७८५९
१००			धुपही स्कुलको पछाड़ीको पोखरी				८७९१३
१०१			धुपही गाऊमा भएको पोखरी				१४०५७
१०२			मानिकपुर गाऊको पूर्वको पोखरी				५७७८
१०३			मानिकपुर गाऊको पश्चिमको पोखरी				७६७५
१०४			लोहारडीह टडवा पोखरी वडा				७७८२३
१०५			बिचौवापुर सूटकुडिया पोखरी				१६११०
१०६			बिचौवापुर महदेवा पोखरी				१३९८८
१०७			बिचौवापुर गाऊमा भएको पोखरी				१२५२२
१०८			गद्दीडिहवा नौखनिया पोखरी				१२३२७७
१०९			गद्दीडिहवा मटखनवा पोखरी				६०१९६
११०			गद्दीडिहवा नउवा के गडहा				२४८३७
१११			पण्डितपुर मुन्सी जी को घरको किनारमा भएको गडहा				८३३१
११२			नौकाडिहवाको पूर्व को पोखरी				६००२
११३			नौकाडिहवाको दक्षिण को पोखरी				७३९९
११४		वडा न १२	कालीस्थान बडका गडहा भभई				४१४६४
११५			सेवरहिया गडहा				९३४८
११६			नालावाला गडहा				१३६२६
११७			बडका गडहा				२२११२
११८			पूर्व छोटका गडहा				४००२

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
११९			सिरकहावा पोखरी निपनिया				४०४२९
१२०			मेन रोड किनारको पोखरी				५२६१
१२१			गाऊ पश्चिम गडहा				४०९४७
१२२			गाऊ दक्षिण गडहा आमा				२२८५४
१२३			कालिस्थान गडहा				१८८००
१२४			गाऊ उत्तर गडहा सानवल				१४०४०
१२५			चमारटोल पोखरी				९१०७
१२६			दक्षिण गडहा अजमा				१६२१३
१२७			शुक्लावाला गडहा				१९७८३
१२८			गाऊ पूर्व गडहा				१७३३४
१२९			गाऊ पश्चिम गडहा बभनी				२५५९६
१३०			गाऊ दक्षिण गडहा				१८५४२
१३१			गाऊ पूर्व गडहा				५३२४५
१३२			गाऊ उत्तर पोखरी				२७५११
१३३			पुर्निहवा पोखरी				१६८५८२
१३४			टेढवा पोखरी				२८३५६
१३५			बसहवा गडहा				१५९५४
१३६			चमटोला गडहा				३३९६१
१३७			देवानवाला गडहा				८०२०
			दुलारेवाला पोखरी				८५८९
१३८			भभनी पोखरी				९४२७
			बगहवा पोखरी आमा				१५०००
१३९			निपनिया गाउँको पश्चिम गडहा				६२८१

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१४०		वडा न १३	पैसिया गाउँ पशिचिम मेन रोडको दरक्षिण तर्फाको पोखरी				५४३३१
१४१			पैसिया धोबी पोखरी				१४०७४
१४२			पैसिया रामवृक्षको घर पूर्वको पोखरी				४३६३७
१४३			पैसिया भईया वाला पोखरी				११२८८८
१४४			गणेश प्रा. वि. पैसिया पशिमको पोखरी				१५३४७३
१४५			पैसिया करवला पोखरी				८२७९०
१४६			सानो वडवलिया गाउँ पूर्व पोखरी सानो वडवलिया				८४०८४
१४७			ठुलो वडवलिया पर्तीको नाला				७२८५६
१४८			ठुलो वडवलिया गाउँ उत्तर राम औतार यादवको घरको नजिकको पोखरी				१५३६८
१४९			ठुलो वडवलिया चमटोला पोखरी				२९१८४
१५०			ठुलो वडवलिया रुदल यादवको घरको पूर्व तर्फको पोखरी				१५३१६
१५१			कालिदह गाउँ पशिचिम सिङ्ढवा पोखरी				१०५३८५
८	१४१९१	पर्यटनशुल्क	राजस्वशिर्षक	०	होइन	पटके	
८.१	१४१९१०१०१	पर्यटनशुल्क - ठेक्का मार्फत	स्वदेशी नागरिक प्रति व्यत्ति प्रवेश शुल्क	अन्य-बिबिध - ९९९	होइन	बार्षिक	१०
८.२	१४१९१०२०१	पर्यटनशुल्क	विदेशी नागरिक प्रति व्यत्ति प्रवेश शुल्क	अन्य-बिबिध - ९९९	होइन	पटके	५०
		रुपन्देही कपिलवस्तु र नवलपरासी पश्चिमका जिल्लालाई यो व्यवस्था लागु हुनेछैन					
९	१४१९२	पदयात्राशुल्क	राजस्वशिर्षक	०	होइन	पटके	
९.१	१४१९२०१०१	पदयात्रा (ट्रेकिङ्ग) शुल्क	पदयात्रा (ट्रेकिङ्ग) शुल्क	अन्य-बिबिध - ९९९	होइन		

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
९.२	१४१९२०२०१	पदयात्रा (ट्रेकिङ्ग) इजाजत शुल्क	पदयात्रा (ट्रेकिङ्ग) इजाजत शुल्क	अन्य-विविध - ९९९	होइन	वार्षिक	१००
१०	१४२१९	अन्यसेवा शुल्क तथा बिक्री	राजस्वशिर्षक	०	होइन	पटके	
१०.१	१४२१९०१०१	सरसफाईसेवा शुल्क	होटल व्यवसायी A	अन्य-विविध - ९९९	होइन	मासिक	१५००
१०.१.१			होटल व्यवसायी B				६००
१०.१.२			होटल व्यवसायीC, रेष्टुरेन्ट तथा अन्य पसल				३००
१०.१.३			मुख्य चोकमा रहेका चिया पान पसल				१००
			चिया पान पसल भित्रि				५०
१०.२	१४२१९०१०१	सरसफाईसेवा शुल्क	बैंक तथा वित्तीय संस्थाक वर्ग	अन्य-विविध - ९९९	होइन	मासिक	
			क वर्ग				१०००
१०.१.३			ख वर्ग				८५०
१०.१.४			ग वर्ग				५००
१०.१.५			घ वर्ग				३००
			मिनि मार्ट तथा ट्रायल्स				३००
			मदिरा पसल				३००
			किराना पसल तथाक फैन्सी पसल				२००
			क्लिनिक				२००
			सब्जी फलफूल तथा पसल				२००
			मोनाष्ट्री				२०००
			सैलुन				१००
			हस्पिटल				१५००
			मेडिकल				५००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
			माला पसल तथा अन्य सबै प्रकारको पसल				१००
			प्रत्येक भान्सा घर				५०
			निजी संघ संस्था / इन्टरनेट प्रदायक संस्था र अन्य सबै प्रकारको संघ संस्था सञ्चालन गरेको				१००
१०.१.११	१४२१९०२०१	वातावरणसंरक्षण शुल्क	बैधानिकरुपले उत्खनन तथा ओसार प्रसारमा सम्लग्न हुने यान्त्रिक साधनको अनुमति शुल्क	अन्य-बिबिध - ९९९	होइन	बार्षिक	
		निजी जग्गाको माटो विक्री	प्रति घन फिट	अन्य-बिबिध - ९९९	होइन	पटके	३
	अनुमति पत्रमा तोकिएको परिमाण भन्दा बढी माटो उत्खनन गरेमा बढी भएको परिमाणको प्रति घन् फिट रु ४ का दरले जरिवाना लाग्नेछ । साथै व्यक्तिगत प्रयोजनका लागि माटो उत्खनन गर्न चाहेमा वडाको अनुमति वेगर गर्न पाईने छैन ।साथै घरयासी प्रयोजनका लागि माटो उत्खनन गर्दा लाग्ने पर्यावरण शुल्क निशुल्क हुनेछ । अनुमति वेगर खनेमा प्रति घन फिट रु १ का दरले थप जरिवाना लाग्नेछ । नगरपालिका बहिर माटो ओसारपसार गर्दा ४ घनफिट राजश्व लिने ।						
१०.१.१२	अनुमति दस्तुर		स्काभेटर जेसिवि				१३०००
१०.१.१३			ट्रकटिप्पर				१००००
			लोडर				३०००
१०.१.१४			टेक्टर मात्र				३०००
	अनुमति वेगर शुल्क नतिरी उत्खनन तथा ओसार प्रसार गरेमा प्रत्येक पटकका लागि तपसिल अनुसारको जरिवाना लाग्नेछ						
१०.१.१५			प्रति ट्रेक्टर जरिवाना				५०००
१०.१.१६			प्रति टिप्पर र ट्रक				१५०००
१०.१.१७			जे सिवि बाट माटो उत्खनन गरेमा प्रति जे सि वि				२००००
			दोस्रो तेस्रो एवं क्रमिक रुपले ओसार पसार गरेमा थप डवल , टेवल एवं क्रमिम रुपमा जरिवाना लाग्नेछ ।				
१०.१.१८	१४२१९०७	सडकबत्ति सुल्क	प्रतिघर	अन्य-बिबिध - ९९९	होइन	बार्षिक	५००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
११	१४२२१	न्यायिक दस्तूर	राजस्वशिर्षक	०	होइन	पटके	
११.१	१४२२१०१०१	उजुरीदर्ता दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५००
११.२	१४२२१०२०१	प्रतिवाद दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५५०
११.३	१४२२१०३०१	नक्कल दस्तुर प्रति पाना	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०
११.४	१४२२१०४०१	मिलापपत्रदस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	२००
११.५	१४२२१०५०१	वकालतसम्बन्धि इजाजत पत्र दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५००
११.६	१४२२१०६०१	अन्यन्यायिक दस्तूर बरेस नामा	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५०
१२	१४२२४	परीक्षाशुल्क	राजस्वशिर्षक	०	होइन	पटके	
१२.१	१४२२४०१०१	परीक्षा शुल्क अधिकृत स्तरको	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०००
१२.२	१४२२४०१०१	परीक्षाशुल्क नायब सुब्बा स्तरको	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	७००
	१४२२४०१०१	परीक्षाशुल्क सहायक स्तरको	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५००
१३	१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	राजस्वशिर्षक	०	होइन	पटके	
१३.१	१४२२९०२०१	निवेदनदस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०
१३.२	१४२२९०३०१	दरभाउपत्रफारम बिक्री	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१३.३	१४२२९०४०१	बोलपत्रफाराम बिक्री	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	खरिद ऐनमा भएको व्यवस्था बमोजिम
१३.४	१४२२९०५०१	नक्सापास किताब बिक्री	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१५००
१३.५	१४२२९०६०१	घ वर्गको इजाजत पत्र दर्ता दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	३००००
१३.६	१४२२९०७०१	घ वर्गको इजाजत पत्र नवीकरण दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५०००
१३.७	१४२२९०८०१	घवर्गको इजाजत पत्र प्रतिलिपी दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५००
१३.८	१४२२९०८०१	नक्सानिवेदन फाराम	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - १०००	होइन	पटके	५०
१३.९	१४२२९०८०१	चारकिल्ला फाराम दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - १००१	होइन	पटके	५०
१३.१०	१४२२९०८०१	सुचिदर्ता न पा बाहिरबाट आएकालाई मात्र			होइन		१०००
१४	१४२४१	पार्किङ्गशुल्क	राजस्वशिर्षक	०	होइन	पटके	
१४	१४२४१०१०१	पार्किङ्गशुल्क - ठेक्का मार्फत	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	बार्षिक	
१४.१.१			ट्रक्लोरी जेसिवि कम्पाइन बस तथा हेभि सवारी साधन प्रति दिन				५०
१४.१.२			कारजिप तथा हलुका सवारी साधन प्रति दिन				२०
१४.१.३			बाइकस्कुटर प्रति दिन				१०
१५	१४२४२	नक्सा पास दस्तुर	राजस्वशिर्षक	०	होइन	पटके	

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१५.१	१४२४२०१	नक्सा पास दस्तुर	पक्कीघरको नक्सापास दस्तुर	अन्य-विविध - ९९९	होइन	पटके	
१५.१.१			लोकमार्गसँग जोडिएको प्रति वर्ग फिट				१५
१५.१.२			भित्रिकालोपत्रे बाटोसँग जोडिएको प्रति वर्ग फिट				१०
१५.१.३			भित्रिग्रामेल कच्ची बाटोसँग जोडिएको प्रति वर्ग फिट				५
१५.१.४			ग्रामिणक्षेत्र प्रति वर्ग फिट				५
१५.१.५		नक्सा पास दस्तुर	नगरपालिकाघोषणा हुनु पुर्व नै निर्माण सम्पन्न भइ सकेका १००० वर्ग फुट सम्मक्षेत्रफल				
१५.१.६			लोकमार्गसँग जोडिएको प्रति तल्ला				११००
१५.१.७			भित्रिकालोपत्रे बाटोसँग जोडिएको प्रति तला				७५०
१५.१.८			भित्रिग्रामेल कच्ची बाटोसँग जोडिएको प्रति तला				५५०
१५.१.९		नक्सा पास दस्तुर	नगरपालिकाघोषणा हुनु पुर्व नै निर्माण सम्पन्न भइ सकेका १००१ वर्ग फुट भन्दा माथिक्षेत्रफल				
१५.१.१०			लोकमार्गसँग जोडिएको प्रति तल्ला				२२००
१५.१.११			भित्रिकालोपत्रे बाटोसँग जोडिएको प्रति तला				११००
१५.१.१२			भित्रिग्रामेल कच्ची बाटोसँग जोडिएको प्रति तला				८००
		१.लोकमार्ग भन्नाले कोईलिया नाला महजिदिया देखि कोठी नदी सम्म र लुम्बिनीविकास वरीपरिको कालोपत्रे सम्झनुपर्दछ ।					
		२. भित्री कालोपत्रे भन्नाले पर्सा चौराहा देखिविष्णुपुरा सम्म र महिलवारदेखि महजिदिया सम्म र पडरिया देखि खुनगाइ सम्मसम्झनुपर्दछ					
१५.१.१३	१४२४२०३०१	भवनअभिलेखिकरण	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
१५.१.१४	१४२४२०४०१	नक्साप्रमाणिकरण	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१५.१.१५	१४२४२०५०१	नक्सापास - पर्खाल	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०००
१५.१.१६	१४२४२०६	नक्सानापजाँच शुल्क	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०००
१५.१.१७	१४२४२०७	नक्साकोप्रतिलिपि	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५००
१५.१.१८	१४२४२०८०१	नक्सासंशोधन दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	८००
१५.१.१९	१४२४२०९	नक्सापासवा घर सम्पन/ नामसारी	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	१०००
१६	१४२४३	सिफारिशदस्तुर	राजस्वशिर्षक	०	होइन	पटके	
१६.१	१४२४३०१०१	चारकिल्ला प्रमाणित दस्तुर	राजस्वसहायक क्रियाकलाप	घर-जग्गा - ३	होइन	पटके	
१६.१.१	१४२४३०१०१	चारकिल्ला सिफारिस बैंकतथा बिक्रि प्रयोजन	घरबाटोनभएको प्रति कट्ठा र खेती योग्य जग्गा		होइन	पटके	५०
१६.१.२	१४२४३०१०१		कच्चिबाटोले छोएको प्रति कट्ठा		होइन	पटके	६०
१६.१.३	१४२४३०१०१		ग्रिभेलपिच वा ढलान गरेको सडकले छोएको प्रति कट्ठा		होइन	पटके	२५०
१६.१.४	१४२४३०१०१		लोकमार्गसडकले छोएको मुख्य पिच सडक प्रति कट्ठा		होइन	पटके	६००
१६.१.५	१४२४३०१०१		हुलाकीसडकले छोएको मुख्य पिच सडक प्रति कट्ठा		होइन	पटके	४००
			बैंक दाखा चार किल्ला सिफारिस दस्तुर प्रति कट्ठा २५०००				२५०००
			दाखा लिलाम बिक्री चार किल्ला सिफारिस दस्तुर प्रति कट्ठा				१५०००
			अंश बाट आएका दाखा सिफारिस दस्तुर प्रतिकट्ठा				५००
			बाखाको प्रतिकोटा सिफारिस दस्तुर रु ५०				५०

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१६.१.६	१४२४३०१०१	चारकिल्ला सिफारिसअश वण्डा र बकस पत्र			होइन	पटके	
१६.१.७	१४२४३०१०१		बकसपत्र प्रति कट्ठा		होइन	पटके	५०
१६.१.८	१४२४३०१०१		अशवण्डा सिफारिस ५ कट्ठा सम्म		होइन	पटके	६०
१६.१.९	१४२४३०१०१		अशवण्डा सिफारिस ५ कट्ठा भन्दा माथि		होइन	पटके	३००
		कपाली तमसुक					०।५ प्रतिशत
१६.१.१०	१४२४३०१०१	बयनापत्र					०।५ प्रतिशत
		आय प्रमाणित					०।५ प्रतिशत
		वैदेशिक अध्ययनमा जाने विद्यार्थिको लागि आय प्रमाणित बापत १००० मात्र लाग्नेछ ।					
१६.१.११	१४२४३०२०१	घर जग्गा नामसारी		अन्य-बिबिध - ९९९	होइन	पटके	१००
१६.१.१२	१४२४३०३०१	नागरिकता सिफारिश		अन्य-बिबिध - ९९९	होइन	पटके	५०
१६.१.१३	१४२४३०४०१	अन्यसबै प्रकारको सिफारिस दस्तुर		घर-जग्गा - ३	होइन	पटके	२००
१६.१.१४	१४२४३०५०१	अंगीकृतनागरिकता सिफारिश		अन्य-बिबिध - ९९९	होइन	पटके	५०
१६.१.१५	१४२४३०६०१	अंशवण्डा सिफारिश		अन्य-बिबिध - ९९९	होइन	पटके	१००
१६.१.१६	१४२४३०७०१	नागरिकताकोप्रतिलिपि सिफारिस		अन्य-बिबिध - ९९९	होइन	पटके	५०
१६.१.१७	१४२४३०८०१	संघ/संस्था दर्ता सिफारिश दस्तुर		अन्य-बिबिध — ९९९	होइन	पटके	२०००
१६.१.१८	१४२४३०९०१	घरकायम सिफारिश दस्तुर		अन्य-बिबिध — ९९९	होइन	पटके	१५०

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१६.१.१९	१४२४३१००१	जिवितसँगको नाता प्रमाणित		अन्य-बिबिध — ९९९	होइन	पटके	२००
१६.१.२०	१४२४३११०१	बहालकरकोलेखाजोखा सिफारिस		अन्य-बिबिध — ९९९	होइन	पटके	२००
		मधुल्का सिफारिस दस्तुर				पटके	५००
१६.१.२१	१४२४३१२०१	बन्दघर तथा कोठा खोल्न रोहबरमा बस्ने		अन्य-बिबिध - ९९९	होइन	पटके	२००
१६.१.२२	१४२४३१३०१	मोहीलगत कट्टा		०	होइन	पटके	२००
१६.१.२३	१४२४३१४०१	घरजग्गा करको लेखाजोखा		अन्य-बिबिध - ९९९	होइन	पटके	२००
१६.१.२४	१४२४३१५०१	व्यापारव्यवसाय बन्द/ सञ्चालन नभएको वा हुँदै नभएको सिफारिस		अन्य-बिबिध - ९९९	होइन	पटके	२००
१६.१.२५	१४२४३१६०१	सशुल्कस्वास्थ्य उपचारको सिफारिस		अन्य-बिबिध - ९९९	होइन	पटके	१००
१६.१.२६	१४२४३१७०१	अंग्रेजीभाषामा सिफारिस र प्रमाणित गर्ने		अन्य-बिबिध - ९९९	होइन	पटके	५००
१६.१.२७	१४२४३१८०१	घरपातालप्रमाणित गर्ने		अन्य-बिबिध - ९९९	होइन	पटके	२००
१६.१.२८	१४२४३१९०१	जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्ने		अन्य-बिबिध - ९९९	होइन	पटके	५००
१६.१.२९	१४२४३२००१	कुनैव्यक्तिको नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्नेसिफारिस गर्ने		अन्य-बिबिध - ९९९	होइन	पटके	१००
१६.१.३०	१४२४३२१०१	नामथर जन्म मिति संसोधनको सिफारिस		अन्य-बिबिध - ९९९	होइन	पटके	१००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१६.१.३१	१४२४३२२०१	जरगाधनी प्रमाणपुर्जा हराएको सिफारिस गर्ने		अन्य-विविध - ९९९	होइन	पटके	३००
१६.१.३२	१४२४३२३०१	किनाकाटार्ने सिफारिस गर्ने-----	अशवण्डार नामसारी बाहेक	अन्य-विविध - ९९९	होइन	पटके	५००
१६.१.३३	१४२४३२४०१	संरक्षकप्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	३००
१६.१.३४	१४२४३२५०१	जीवितरहेको सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१००
१६.१.३५	१४२४३२६०१	नामसारीगर्ने सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	२००
१६.१.३६	१४२४३२७०१	जरगाकोहक सम्बन्धमा सिफारीस		अन्य-विविध - ९९९	होइन	पटके	३००
१६.१.३७	१४२४३२८०१	उद्योगठाउँसारी सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१०००
१६.१.३८	१४२४३२९०१	आधारभुतविद्यालय खोल्न सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५०००
१६.१.३९	१४२४३३००१	जरगामल्याङ्कन सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५००
१६.१.४१	१४२४३३२०१	असक्तअसहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५०
१६.१.४२	१४२४३३३०१	अङ्कीकृतनागरिकता प्रतिलिपि सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५०
१६.१.४३	१४२४३३४०१	आर्थिकअवस्था कमजोर वा सम्पत्ति रहेको सम्बन्धी सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५०
१६.१.४४	१४२४३३५०१	संस्थागत विद्यालय दर्ता सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१००००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
		संस्थागत विद्यालय नवीकरण दस्तुर					२०००
		संस्थागत विद्यालय शैक्षिक गुठी समेत थप कक्षा दस्तुर प्रतिकक्षा					१०००
		संस्थागत विद्यालप नगरपालिका बाहिरबाट हस्तान्त्रण दस्तुर					१००००
		संस्थागत विद्यालय नगरपालिका भित्र क्षेत्र भित्र रहेका बाट हस्तान्त्रण दस्तुर					५०००
		मार्कसिट प्रतिलिपि दस्तुर रु					१००
		मार्कसिट नाम थर जन्म मिति संशोधन रकम रु					१००
१६.१.४५	१४२४३३६०१	धारा विद्युत जडान सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१५०
१६.१.४६	१४२४३३७०१	जातीयपहिचान र जातीय सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१००
१६.१.४७	१४२४३३८०१	घरबाटोप्रमाणित दस्तुर		घर-जग्गा - ३	होइन	पटके	३००
१६.१.४८	१४२४३३९०१	छात्र वृत्ति सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१००
१६.१.४९	१४२४३४००१	स्थायिबसोवास सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	३००
१६.१.५०	१४२४३४१०१	प्लटिङ्गसिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	१००००
१६.१.५१	१४२४३४२०१	किल्लाकाट तथा वर्गीकरण सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१६.१.५२	१४२४३४३०१	घरव्लक नं. नामसारी सिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	२००
१६.१.५३	१४२४३४४०१	डिलर सिपसिफारिस		अन्य-विविध - ९९९	होइन	पटके	५०००
१६.१.५४	१४२४३४५०१	अन्य सिफारिश दस्तुर		अन्य-विविध - ९९९	होइन	वार्षिक	२००
१६.१.५५	१४२४३४५०१	पेन्सनपट्टा सिफारिस दस्तुर भारतको लागि		अन्य-विविध - १०००	होइन	पटके	२०००
१६.१.५६	१४२४३४५०१	पेन्सनपट्टा सिफारिस दस्तुर नेपालको लागि		अन्य-विविध - १००१	होइन	पटके	११००
१६.१.५७	१४२४३४५०१	पेन्सनपट्टा सिफारिस अन्य मुलुक		अन्य-विविध - १००२	होइन	पटके	२५००
१६.१.५८	१४२४३४५०१	अपुतालि सिफारिस दस्तुर		अन्य-विविध - १००३	होइन	पटके	१०००
१७		व्यक्तिगतघटना दर्ता दस्तुर	राजस्वशीर्षक	०	होइन	पटके	
१७.१	१४२४४०१०१	व्यक्तिगतघटना दर्ता - बसाईसराई	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१७.१	१४२४४०२०१	व्यक्तिगतघटना दर्ता - जन्म	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१७.२	१४२४४०३०१	व्यक्तिगतघटना दर्ता - विवाह	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१७.३	१४२४४०४०१	व्यक्तिगतघटना दर्ता - सम्बन्ध विच्छेद	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१७.४	१४२४४०५०१	व्यक्तिगतघटना दर्ता - मृत्यु	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१७.५	१४२४४०६०१	व्यक्तिगतघटना दर्ता - प्रतिलिपि	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१७.६	१४२४४०७०१	जन्ममिति प्रमाणित गर्ने	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१००
१७.७	१४२४४०८०१	व्यक्तिगतघटना दर्ता	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	
१८	१४२४५	नाताप्रमाणित दस्तुर	राजस्वशिर्षक		होइन	पटके	
१८.१	१४२४५०१०१	नाताप्रमाणित	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१८.१	१४२४५०२०१	नामफरक	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१८.२	१४२४५०३०१	अन्य/विविध	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२००
१८.३	१४२४५०४०१	अविवाहितप्रमाणित	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	वार्षिक	२००
१८.४	१४२४५०५०१	मृतकसँगकोनाता प्रमाणित तथा सर्जिमित सिफारिस	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००
१८.५	१४२४५०६०१	हकवालार हकदार प्रमाणित	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००
१८.६	१४२४५०७०१	व्यक्तिगतविवरण प्रमाणित गर्ने	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	३००
१९	१४२४९	अन्यदस्तुर	राजस्वशिर्षक		होइन	पटके	
१९.१	१४२४९०१०१	बन्दघर तथा कोठा खोल्न रोहबरको दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००
१९.२	१४२४९०२०१	घरब्लक नं दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००
१९.३	१४२४९०३०१	हाउजिङ्गसिफारिस शुल्क	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००००
१९.४	१४२४९०४०१	होमस्टे दर्ता दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५०००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
१९.५	१४२४९०५०१	पिचफोड्ने शुल्क	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
१९.६	१४२४९०६०१	टावरदस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२५०००
१९.७	१४२४९०७०१	चलचित्रश्यांकन शुल्क	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	२०००
१९.८	१४२४९०८०१	विद्युत संरचना र विस्तार दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
१९.९	१४२४९०९०१	खानेपानी पाईपलाईन विस्तार दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
२०	१४२४९०९०१	अभिनसेवा शुल्क प्रति कित्ता प्रमाणित नभएमा मात्र					२०००
२०.१	१४२४९१००१	अभिनसेवा शुल्क प्रति कित्ता प्रमाणित भएमा मात्र	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	४०००
२०.२	१४२४९११०१	निर्माणप्रयोगशाला शुल्क	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
२०.३	१४२४९१२०१	कृषकसमुह दर्ता तथा नविकरण	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
२०.४	१४२४९१३०१	अन्यदस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	५००
२०.५	१४२४९१४०१	धरायसीलेनदेनको कागज रोहबर प्रमाणित शुल्क	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	पटके	१०००
२०.६	१४२४९१६०१	करचुक्ता (Tax Clearance)	राजस्वसहायक क्रियाकलाप	अन्य-विविध - ९९९	होइन	वार्षिक	५००
२०.८	१४२४९१७	सम्पतिमूल्यांकन	मुल्याङ्कन रकमको	अन्य-विविध - ९९९	होइन	पटके	०।५ प्रतिशत
२२	१४२५३	व्यावसायरजिष्ट्रेशन दस्तुर	राजस्वशिर्षक	०	होइन	पटके	

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
२२.१	१४२५३०१०१	व्यावसाय रजिष्ट्रेशन दस्तुर २ लाख सम्म पुँजी भएको	राजस्वसहायक क्रियाकलाप	व्यवसाय - ४	होइन	पटके	१०००
२२.२	१४२५३०१०१	व्यावसाय रजिष्ट्रेशन दस्तुर २ लाख१ देखि ५ लाख सम्म पुँजी भएको					३०००
२२.३	१४२५३०२०१	व्यावसाय नवीकरण दस्तुर २ लाख सम्म पुँजी भएको	राजस्वसहायक क्रियाकलाप	व्यवसाय - ४	होइन	वार्षिक	१०००
२३.४		व्यावसायनवीकरण दस्तुर २ लाख १ देखि ५ लाख सम्म पुँजी भएको					२५००
२३	१४२५४	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	राजस्वशिर्षक	०	होइन	पटके	
२३.१	१४२५४०१०१	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	३०००
२४	१४२६२	विद्युतसम्बन्धी दस्तुर	राजस्वशिर्षक	०	होइन	पटके	
२४.१	१४२६२०१०१	विद्युतसम्बन्धी दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	५००
२५	१४२६३	जलस्रोतसम्बन्धी अन्य दस्तुर	राजस्वशिर्षक	०	होइन	पटके	
२५.१	१४२६३०१०१	जलस्रोतसम्बन्धी अन्य दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	पटके	३००
२५.२	१४५२९०२०१	घरघरीको इजाजत पत्र नवीकरण थप दस्तुर	राजस्वसहायक क्रियाकलाप	अन्य-बिबिध - ९९९	होइन	वार्षिक	५०००
२६	१४६११	व्यवसायकर	राजस्वशिर्षक	०	होइन	पटके	
२६.१	१४६११०१०१	व्यवसायकर (पँजिगत लगानी र आर्थिक कारोवार)	राजस्वसहायक क्रियाकलाप	व्यवसाय - ४	होइन	वार्षिक	
२६.२	१४६११०१०१		रु १ देखि ५ लाख सम्म पुँजी भएको	व्यवसाय - ५	होइन	वार्षिक	३०००

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
२६.३	१४६११०१०१		रू५ लाख १ देखि २० लाख सम्म पुँजी भएको	व्यवसाय-६	होइन	वार्षिक	५०००
२६.४	१४६११०१०१		रू२० लाख १ देखि ५० लाख सम्म पुँजी भएको	व्यवसाय-७	होइन	वार्षिक	१००००
२६.५	१४६११०१०१		रू५० लाख १ देखि १ करोड सम्म पुँजी भएको	व्यवसाय-८	होइन	वार्षिक	२००००
२६.६	१४६११०१०१		रू१ करोड देखि माथि	व्यवसाय-९	होइन	वार्षिक	३५०००
२६.७	१४६११०४०१	कवाडीकर	कवाडीसकलन गर्ने व्यवसाय	अन्य-विविध - ९९९	होइन	पटके	१००००
२७	३३३४२	मनोरञ्जनकर	राजस्वशिर्षक	०	होइन	पटके	
२७.१	३३३४२०१०१	मनोरञ्जनकर वार्षिक	राजस्वसहायक कियाकलाप	अन्य-विविध - ९९९	होइन	वार्षिक	
२७.१.१	३३३४२०१०१		सिनेमाहल वार्षिक				६०००
२७.१.२	३३३४२०१०१		भिडियोहल वार्षिक				२०००
२७.१.३	३३३४२०१०१		सौंस्कृतिकप्रदर्शन वार्षिक				५०००
२७.१.४	३३३४२०१०१		थियटरसगित हल वार्षिक				२०००
२७.१.५	३३३४२०१०१		जादुसर्कस चटक आदिमा प्रतिदिन				५५०
२७.१.६	३३३४२०१०१		व्यवसायिकभिडियो कर वार्षिक				१०००
२७.१.७	३३३४२०१०१		डिस्कतथा व्यापारिक केवुल				२००००
२८	३३३४३	विज्ञापनकर	राजस्वशिर्षक		होइन	पटके	
२८.१	३३३४३०१०१	विज्ञापनकर -ठेक्का मार्फत	राजस्वसहायक कियाकलाप				
२८.१.१	३३३४३०१०१		होडिगबोर्ड व्यानर व्यवसायिक विज्ञापन प्रति वर्ग फिटको				१००
२८.१.२	३३३४३०१०१		व्यवसायिकदृष्टिको बोर्ड व्यानरको प्रति पटक				१००
२८.१.३	३३३४३०१०१		व्यवसायिकदृष्टले लेखिएको बाल पेन्ट प्रति वर्ग फिट				३५
२८.१.४	३३३४३०१०१		व्यवसायिकदृष्टिले गाडीबाट माइकिग प्रति पटक				३००
२८.१.५	३३३४३०१०१		व्यवसायिकदृष्टिले रिक्साबाट माइकिग प्रति पटक				१००
२८.१.६	३३३४३०१०१		व्यवसायिकव्यानर आयल वाटर पेन्ट प्रति वर्ग फिट				२०

सि.नं.	संकेत	नाम	शीर्षक प्रकार	राजस्व वर्ग	लागति	आवृति	दर रु मा
२८.१.७	३३३४३०१०१		व्यापारिकउद्योगका लागि माइकिग द्वारा अरु जुन सुकै साधनबाट प्रचार गर्दा प्रति पटक				१००
२८.१.८	३३३४३०१०१	नगरपालिकाको जे.सी.बी भाडा	प्रति घण्ट				२०००
२८.१.९	३३३४३०१०१	टिप्पर भाडा प्रति किलो मीटर	प्रति किलो मिटर				७०
२८.१.१०	३३३४३०१०१	टुरिष्ट गाइडलाई प्राप्त रकम रु १० प्रतिशत					१०%
२८.१.११	३३३४३०१०१						
२८.१.१२	३३३४३०१०१		बैंक तथा वित्तीय संस्था				
			क वर्गको बैंक				५००००
			ख वर्गको बैंक				३५०००
			ग वर्गको बैंक				२५०००
			घ वर्गका तथा अन्य बैंकिङ कारोबार गर्ने संस्था				२५०००
माथि जे सुकै भएता पनि			मादकपदार्थ एव धुम्रपानको वित्तापनमा प्रति वर्ग फिटमा थप ३५ प्रतिशत लगाउन सकिनेछ ।				
कर छुट तथा जरिवाना सम्बन्धी व्यवस्था							

बार्षिक रुपमा कर नबुझाएमाहरेकबर्ष बार्षिक १० प्रतिशतका दरले जरिवाना लिईनेछ साथै कर नबुझाउने करदातालाईकानुन बमोजिक कारवाही गरिनेछ ।

• सरसफाई फोहोर कार्ड बनाएक व्यवसायीहरु वा भान्साघरको मात्र फोहोर संकलन गरिनेछ ।
• सार्वजनिक स्थलमा फोहोर मैला फालेको भेटिएमा रु २००० प्रत्येक पटक जारिवाना लाग्ने छ ।
• सरसफाई फोहोर कार्ड बनाएकf व्यवसायीहरु वा भान्साघरको मात्र फोहोर संकलन गरिनेछ ।
• सार्वजनिक स्थलमा फोहोर मैला फालेको भेटिएमा रु २००० प्रत्येक पटक जारिवाना लाग्नेछ ।
• यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा ट्रेक्टर टिप्पर जे.सी.बी. दर्ता भएका सवारी साधानहरुको म्याद सकेको ३० दिन भित्र नविकरण गर्न आएमा विलम्ब शुल्क नलिई नविकरण गरिने नीती अवलम्बन गरिनेछ।
• यस नगरपालिकाबाट घ वर्गको इजाजत प्रमाणपत्र लिएर नवीकरण तथा खारेज नगरेका निर्माण व्यवसायीहरुलाई आर्थिक ऐनमा व्यवस्था भए अनुसारको राजश्व लिई पहिलो वर्षमा तेब्बर दस्तुर र क्रमिक रुपमा थप जारिवाना लगाई नवीकरण तथा खारेज गर्ने नीति अवलम्बन गरिनेछ

प्रयोगशाला शुल्क

क्र.सं.	आय शिर्षक / प्याकेज	इकाई	दररेट	
			बाहय	नगरपालिका भित्र
१	Sampling (Base, Sub Base, Sub grade)	प्रति	१५००	१२००
२	Sieve analysis	प्रति	२२५०	१५००
३	MDD.OMC	प्रति	३५५०	२२००
४	Field Density	प्रति	१५००	१२००
५	FI	प्रति	७००	५००
६	Specific Gravity	प्रति	७५०	५००
७	Water absorption (Brick Stone)	प्रति	१०००	७५०
८	Setting time of Cement	प्रति	१०००	८००
९	Normal Consistency of cement	प्रति	८००	५००
१०	Compressive Strength of Cement	प्रति	७००	५००
११	Cube Test (Compressive Strength) 3 Bricks in 1 set	प्रति	८००	७५०
१२	Brick Test (Compressive Strength) 3 Bricks in 1 set	प्रति	१२००	१०००
१३	Core Cutting Test (Per hole) With Transportation	प्रति	१२००	१०००
१४	Mix Design	प्रति	७०००	४५००
१५	Elongation Test (EI)	प्रति	१०००	७५०
१६	Aggregate Crussing Value Test (ACV)	प्रति	१५००	१०००
१७	Aggregate impact Value Test (AIV)	प्रति	१०००	८५०
१८	Determination of Bitumen Content	प्रति	८५००	७०००
१९	Los Angeles Abrasion Test (LAA)	प्रति	१५००	१०००

पशु निकासी कर

भैसि पाडा पाडी लगायत अन्य प्रति गोटा- रु १०० ठेक्का मार्फत

प्रस्ताव नं.८ लुम्बिनी साँस्कृतिक नगरपालिकाको आ. व. ०८०।०८१ देखि आ व ०८१।८२ सम्मको महालेखा परीक्षकको कार्यालयले औल्याएको बेरुजु सम्परीक्षण तथा नियमित गर्ने सम्बन्धमा।

निर्णय नं. ८.१ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका लेखा समितिका संयोजक श्री रामभवन कुर्मी ज्युले यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आ. व. ०८०।८१ मा महालेखा परीक्षकको कार्यालयले औल्याएको बेरुजु सम्परीक्षण तथा नियमित गर्ने सम्बन्धमा लेखा समितिमा दफावार छलफल भई पेश गरेको प्रस्ताव उपर दफावार रुपमा छलफल गर्दा यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले अव उप्रान्त यस्ता प्रकृतिका व्यहोरा नदोहोर्याउने सुझाव सहित देहाय अनुसारको बेरुजु फछ्यौट तथा नियमित गरी लगतकट्टाका लागि श्री महालेखा परीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

आ व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	३०	स्थानीय सरकार संचालन ऐन २०७४ मा संस्था समुह, पर्व, जात्रा, संस्कृती लागयतका समुहलाई आर्थिक सहायता दिन पाउने कानुनी व्यवस्था छैन । पालिकाले यस वर्ष तिज छठ, दुर्गा पुर्जा, थारु कल्याणकारी सभालाई लगायतका धार्मिक पर्वहरुमा रु २२९१९००। सहयोग अनुदान दिई खर्च लेखेको छ । पालिकाले शिक्षा स्वास्थय तथा पुर्वाधारमा खर्च गर्नुपर्नेमा विभिन्न चाड पर्व तथा महोत्सवको लागि नगद सहयोग अनुदान दिइ खर्च लेखेकको नियमसम्मत नदेखिएको रु	७६००००	परम्परागत मुल्य मान्यता तथा चाडपर्वहरु हाम्रा मौलिक सम्पदाहरु रहेको र पछिल्लो समयमा कला संस्कृतिको लोप हुन लागेको अवस्थामा हाम्रा मुल्य मान्यताहरुको जगेर्ना गर्नु स्थानीय सरकारको कर्तव्य समेत रहेको साथै नगरसभाबाट विनियोजित बजेटबाट विभिन्न पुजा समिति तथा संरक्षण गर्ने संघ सस्थालाई सहगोग गरिएको र यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले नियमित गरिएको।
०८०।८१	३७	पालिकाले माथि उल्लेखित पद वाहेकका अधिकृत छैठौ, सब इन्जिनियर सहायक कम्युटर, सहायक चौथो पदमा कर्मचारी कारार नियुक्त गरी खर्च लेखेको छ भने पालिकाले स्वीकृती दरवन्दी भन्दा बढी १० जना सहायक कम्प्युटर, २ जना सहायक चौथो, १ जना कम्प्युटर अपरेटर गरी १३ जना करारमा नियुक्त गरी रु ५५८४२०२। खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	५५८४२०२	केन्द्रबाट स्वीकृत भएको दरवन्दी तेरिजमा न्युन सख्यामा दर्बन्दी राखिएको, लोकसेवा माग गर्दा केन्द्रबाट स्वीकृत दरवन्दीलाई मात्र माग गर्नुपर्ने बाध्यता रहेको साथै नगरपालिकाले आफ्नै सगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझका आधारमा मात्र कर्मचारी भर्ना गरेको तथा सावित्र जि वि स बाट समायोजन भई आएका करारका कर्मचारी पनि व्यवस्थापन गर्नु परेको हुनाले कार्यलयको आवश्यकता तथा कार्यबोझको सिद्दान्न अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८३ तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेशबाट समेत सहमति समेत लिई सभाबाट स्वीकृत गराईएको हुनाले अव उप्रान्त सोही बमोजिम हुने गरी सुझाब दिदै हालको लागि नियमति गरिएको।

आ.व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	३८	पालिकाले वडा समितिको ३ पटकसम्म बैठक वसेको पदाधिकारी तथा सदस्यलाई भत्ता दिने उल्लेख गरेको छ । वडा समितिको प्रत्येक महिना ३ पटक बैठक बसी भत्ता खर्च लेखेकोमा वडा समितिका पदाधिकारी बाहेकका सहायक कम्युटर अपरेटर, प्राविधिक कर्मचारी, कार्यालय सहयोगि समेत बैठकमा उपस्थिती गराई बैठक भत्ता खर्च लेखेकोले वडा समितिका सदस्य भन्दा वाहेकका कर्मचारीलाई बैठक भत्ता लेखेको नियमसम्मत नदेखिएको रु	४६८०००	बैठकका एजेन्डाहरु फरक फरक हुने र फरक फरक कर्मचारी तथा पदाधिकारीलाई आमन्त्रित गर्नुपरेको हुनाले संख्या धेरै हुन पुगेको र यसबाट सरकारी हानी नोक्सानी नभएको साथै अव आउदा दिनहरुमा सिमित व्यत्तिहरुलाई मात्र बैठकमा उपस्थित गराउने सुझाव सहित हाललाई बेरुजु नियमित गरिएको ।
०८०।८१	४०	स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले पालिका प्रमुखको लागि कानुनी सल्लाहाकार र प्रेस संयोजक नियुक्त गरी रु ५६६२९२। पारिश्रमिक भुक्तानी दिएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनमा व्यवस्था नभएकोमा काननी सल्लाहाकार र प्रेस सल्लाहकार नियुक्त गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	५६६२९२	स्थानिय सरकार सचालन ऐनले साना तिना झगडा तथा स्थानिय स्तरमा हुने विवाद समाधान गर्न स्थानिय तहमा न्यायिक समिति रहने व्यवस्था गरेकोमा यस नगरपालिकामा न्याय सम्बन्धी कुनै पनि कर्मचारी नरहेको र कानुनी राय सल्लाह आवश्यक परेको हुनाले कानुनी सल्लाहाकार राखिएकोले बेरुजु फछ्यौटका लागि पेश गरिएको साथै स्थानीय तहबाट सन्चालन हुने तथा भएका कार्यक्रम तथा कृयाकलापहरु आम जनतालाई जानकारी गराई पारदर्शित तथा जवाफदेहिता सुनिश्चित गर्नु स्थानीय तहको मुख्य काम भएको हुनाले प्रेस सल्लाहाकार राखि नागरिकको सु सुचित हुने हकको सम्मान गरिएको हुनाले अव उप्रान्त नराख्ने सुझाव सहित नियमितका गरिएको
०८०।८१	४२	चिनमा सम्झौता अनुसार सम्झदारी पत्रमा हस्ताक्षर गर्न पालिकाको कार्यपालिकाको मिति २०८०।४।४० को निर्णयबाट चिनको दुन्हुवाङ सिटिमा २०२३ सेटेम्वर १५ देखि २०२३ सेटेम्वर १९ सम्मको १२ जन जनप्रतिनिधि र कर्मचारी सहभागी हुने गरी बैदेशिक भ्रमण स्वीकृत गरेको छ । पालिकाको निर्णय अनुसार वैदेशिक भ्रमणमा चिन गएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिएको छैन । स्वीकृति नलिई वैदेशिक भ्रमणा जाँदा लागेको हवाईटिकट र अन्य खर्च लेखेको रु १९१५०००। नियमसम्मत नदेखिएको रु	१९१५०००	पर्यटन प्रवर्दन र विकासका लागि विभिन्न संघ सस्था तथा देशरुसँग भगिनी सम्बन्ध कायम गरिएको र नगर कार्यपालिकाको निर्णय बमोजिम थप सम्बन्ध विस्तार मार्फत पर्यटन प्रवर्द्धन प्रचार प्रसार गर्ने हेतुले हवाई टिकटको मात्र व्यवस्था गरी पठाईएको हुनाले देशलाई नै फाईदा पुग्ने हिसावले गरिएको कार्यक्रममा खर्च भएको र यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले अव उप्रान्त स्वीकृत लिएर मात्र भ्रमण गर्ने सुझाव सहित हाललाई नियमित गरिएको ।

आ.व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	४३	कन्याहरुको शिक्षा स्वास्थ्य तथा जनचेतनामुलक कार्यमा बजेट विनियोजन गरी कन्याहरुलाई सक्षम बनाउनु पर्नेमा विवाहको लागि बजेट विनियोजन गरी आन्तरिक आय न्युन रहेकोमा पालिकालाई दिर्घकालिन असर पर्ने गरी कार्यविधि स्वीकृति गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	१९३००००	नगरपालिकाले वाल विवाह लगायत सामाजिक कुरिति र विसंगतिको अन्त्य गर्न तथा कम्तिमा ९ कक्षा पास गरेका कन्याहरुका लागि कार्यविधि तयार गरी पढाईमा सक्षम बनाउने उदेश्यले उक्त कार्यक्रमको परिकल्पना गरेको साथै यस्ता कार्यक्रम सन्चालन गर्दा शिक्षा स्वास्थ्य र चेतनामा पनि सुधार आउने र यसबाट कुनै सरकारी हानी नोक्सानी नभएको कुरालाई मध्यनजर गरी नियमित गरिएको।
०८०।८१	४४	अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एंव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले खर्चको स्रोत सुनिश्चत नगरी शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान वेगर मिति २०८० साल पौष १ गते देखि लागु हुने गरी २८ जना प्राथमिक तहको लागि नगर स्वयमसेवक शिक्षक नियुक्त गरी रु ३६९७०००। पालिकाले खर्च लेखेको छ। अत : बजेटको सुनिश्चत नगरी विद्यार्थी शिक्षक दरवन्दी मिलान बेगर नगर स्वयम सेवक शिक्षकको तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु	३६९७०००	विद्यालयमा दरवन्दीको अभाव रहेको, विषयगत शिक्षकको कमि रहेको , नेपाल सरकारले विद्यार्थी संख्याको तुलनामा शिक्षक उपलब्ध गराउन नसकेको साथै २० जना विद्यार्धी बरावर १ जना वालविकसका सहजकर्ता आवश्यक रहेको हुनाले नगरपालिकाले कार्यविधी निर्माण गरी शिक्षक व्यवस्थापन गरेको र यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले नियमित गरिएको।
०८०।८१	४५	पालिकाले वडा स्तरमा बजेट विनियोजन गरेकोमा सोलाई प्याकेजिंग गरि प्रतिस्पर्धात्मक रुपले खरिद गर्नुपर्नेमा खरिद कानुनको पालना नगरी जेष्ठ नागरिकलाई सोझै कम्मल खरिद गरी रु २४ लाख ९७ हजार खर्च गरेको छ। संघीय सरकारबाट सामाजिक सुरक्षा वापत मासिक रुपमा भत्ता वितरण गरेकोमा पुन पालिकाले कार्यविधि तथा मापदण्ड वेगर कम्मल खरिद गरी वितरण गरेको छ । तसर्थ यस्तो खर्च प्रतिस्पर्धात्मक रुपमा खरिद नगरेको तथा वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले वितरण समेत नगरेले उक्त वितरण तथा खरिद नियम सम्मत नदेखिएको रु.	२४९७०००	पालिकाले कुल विनियोजित बजेटको निश्चित प्रतिशत लक्षित वर्गका कार्यक्रमा छुट्याउनुपर्ने प्रावधान रहेको र सोही अनुसार नगरसभाबाट बजेट विनियोजन भएको र विनियोजित बजेटको परिधिभित्र रही सुचिकृत भएका फर्म तथा संस्थाबाट दररेट माग गरी खरिद गरि बाडिएको साथै सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीतिमा पनि उक्त विषयहरु समावेश समेत भएको हुनाले साथै सामाजिक सुरक्षा भत्ता एकदमै न्युन रहेको कारण सामाग्रीहरु वितरण भएको देखिएको र यसबाट कुनै पनि प्रकारको सरकारी हानी नोक्सानी नभएको हुँदा यस्ता कार्यक्रमहरुमा नियन्त्रण गर्ने सुझाव सहित हाललाई नियमित गरिएको।

आ.व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	४९	पालिकाबाट खर्च गरीने योजनाहरुको आवश्यक्ता पहिचान गरि वडाबाट माग संकलन गरेर योजनाको प्राथामिकताको आधारमा योजना छनोट गरी बजेटलाई समेत विचार गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाले निम्न योजनाहरुमा बजेट विनियोजन गरेका योजनाको नाम, गर्ने काम समेत उल्लेख नगरी आवश्यक्ताको आधारमा खर्च गर्ने भनि बजेट विनियोजन गरेकोमा कुन योजनामा, के काम गर्ने, सो समेत उल्लेख नगरी बजेट विनियोजन गरी खर्च गरेको छ । बजेट विनियोजन गर्ने र खर्च गर्ने सर्वमान्य सिद्धान्त विपरीत बजेट विनीयोजन गरी अपारदर्शी रुपमा वडाध्यक्षको मौखिक आदेशमा योजना छनोट गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	४४१५०२०	स्थानीय तहमा स्थानीयहरुमा माग र आवश्यकता धेरै हुने गरेको साथै कहिले काँहि भैपरी आउने समस्या समाधानका लागि हरेक वडाले यस्ता योजनाहरु बार्षिक बजेट पुस्तिकामा समावेश गर्ने गरिएको तथा गर्नुपर्ने कामको विवरण लागत अनुमानमा खुल्ने र स्वीकृत लागत अनुमान अनुसार नाबि विवरण र कार्यसम्पन्न प्रतिवेदन समेत समावेश हुने हुनाले योजनाको नाम आवश्यकतानुसार भएता पनि के काम गर्ने भन्ने कुरा लागत अनुमानमा समेत हुने एवं अनुगमन समितिले अनुगमन गरे पश्चात मात्र भुत्तानी हुने हुनाले र यसबाट कुनै पनि हानी नोक्सानी नभएको कारण नियमित गरिएको ।
०८०।८१	५१	पालिकाले लक्षित वर्गलाई विभिन्न कृषि उपकरण, वाख्रा, ग्यास, चुलो वितरण गरी रु ४५६७९६४। खर्च गरेको छ । खर्चको पार्दर्शिता र जफादेहिताको लागि सुचना प्रकाशन र छनोटको मापदण्ड तयार गरी प्राप्त माग सकंलन गरी आर्थिक विकास समितिको निर्णयबाट वितरण गरी अनुदान पाउने नाम, ठेगान र अनुदानको किसिम वेभसाईटमा सार्वजनकिकरण गर्नुपर्नेमा गरेको देखिएन । पालिकाबाट विभिन्न कृषि उपकरण व्यक्ति तथा समुहलाई वितरण गरेकोमा छनोटको आधार वेगर गत विगत वर्षमा पनि वितरण गरेकोमा दोहोरो परेको सम्वन्धमा एकिन समेत नगरेको छनोट तथा वितरण पारदर्शी नभएकोले अनुदान वितरण गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	४५६७९६४	लुम्बिनी साँस्कृतिक नगरपालिकामा पर्याप्त मात्रामा कृषि क्षेत्र रहेको र अधिकांश जनसंख्या कृषि पेशामा नै आश्रित रहेको हुनाले हरेक वडाले विभिन्न कृषि उपकरण लगायतका सामाग्रीहरु वितरण गरेको साथै दाउरा र गुईठाको प्रयोगले वातावरण समेतलाई असर गर्ने हुनाले केहि वडाहरुमा ग्यास चुलो समेत वितरण गरिएको र यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले अव उप्रापन्त पाउनेको नाम ठेगाना समेत सार्वजनिक गर्न सुझाव सहित नियमित गरिएको ।
०८०।८१	५४	स्थानीय सरकार संचालन ऐन २०७४ मा नाफामुलक समुह तथा व्यक्तिले दर्ता गरी व्यवसाय गरेको फर्मलाई अनुदानदिने उल्लेख गरेको पाइदैन । पालिकाले नाफा आर्जन गर्ने गरी व्यक्तिले दर्ता गरेका निम्न फर्मको नाम उल्लेख गरी बजेट विनियोजन गरी अनुदान दिएको छ । नाफा आजर्न गर्नेगरी व्यक्तिले दर्ता गरेका व्यवसायलाई अनुदान दिई खर्च लेखेको नियमसम्मत नदेखिएको रु	८०००००	कृषि तथा पशु कार्य गर्ने फर्महरु कम रहेको र कृषि तथा पशु पर्वर्द्धनात्कम कार्य गरी देशमा कृषि उत्पादन बढाई राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुर्याउने कुरालाई मध्यनजर गरी नगरसभाबाट विनियोजित बजेटको परिधिभित्र रही खर्च गरिएको साथै यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले बजेट विनियोजनमा सुधार ल्याउन सुझाव सहित नियमित गरिएको ।

आ व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	५७	कर्मचारीबाट संचालन गर्ने कार्यक्रम तथा सामान वितरण गर्ने काम पनि गैर सरकारी मार्फत संचालन गरेको छ। पालिकाले आफै संचालन गर्दा मितव्ययी तथा बढी प्रभावकारी हुनेमा गैर सरकारी संस्थाबाट सूचना प्रकासन वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत नदेखिएको रु	३६१६४९०	कार्यालयमा सो समयमा जनशक्ति कम रहेको र गैर सरकारी सस्थासँग सम्झौता गरी सम्झौता अनुरुप नै कार्यसम्पन्न भए अनुसार भुत्तानी भएको र कुनै पनि सरकारी हानी नोक्सानी नभएको साथै सहभागितात्मक विकासको अवधारणा अनुसार पनि काम हुने भएको हुनाले नियमित गरिएको।
०८०।८१	६०	पालिकाले करार सम्झौता अनुसार रु. १० लाख लुम्बिनी ज्ञान प्रभा आ.वि.लाई गो. भौ.नं ५९५-२०८१।३।५ मा उपलब्ध गराएको छ। यसरी तोकिएको शर्त अनुसार काम सम्पादन भए नभएको नियमित अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्नेमा नगरेको तथा भाद्र मसान्त भित्र एकमुष्ट अनुदान उपलब्ध गराउनु पर्नेमा अनुदान रकम बर्षान्तमा दिएको नियमसम्मत नदेखिएको रु.	१००००००	एकमुष्ठ रुपमा उपलब्ध गराईने यस प्रकारको अनुदान विद्यालयको तलव लगायतका अन्य व्यवस्थापकिय पाटोमा खर्च हुने हुनाले अव आउदा दिनहरुमा समयमा नै निकासा गराउन सुझाव सहित हाललाई नियमित गरिएको ।
०८०।८१	६१	बमोजिम मुल्याङ्कन गरी विद्यालय छनौट गर्नु पर्नेमा सो मापदण्ड वेगर श्री राम जानकी आ. वि. लाई रु.३००००० उपलब्ध गराएको नियम सम्मत नदेखिएको रु	३०००००	अव उप्रान्त मापदण्ड अनुसार खर्च गर्ने सुझाव सहित यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको हुनाले नियमित गरिएको।
०८०।८१	६९	कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक विद्यालय (कक्षा ९ र १०) मा अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्थाको लागि बजेटको परिधि भित्र रही कुनै पनि दरवन्दी, राहत अनुदान नभएका शुन्य दरवन्दी भएका विद्यालयलाई न्युनतम २ र १ दरवन्दी भएकालाई १ थप गरी न्युनतम २ शिक्षक बरारको अनुदान नियम अनुसार शिक्षक भर्ना भएपछि प्रति शिक्षक मासिक रु. ४३६८९ का दरले चाँड पर्व खर्च समेत १३ महिनाको पारश्रमिक उपलब्ध गराउने व्यवस्था छ। तर पालिकाले कक्षा ९ र १० मा तपशिलमा उल्लेख भए अनुसार विद्यालयमा स्थायी दरवन्दी तथा राहत दरवन्दी भएको अवस्थामा समेत शिक्षक विद्यार्थी अनुपात विश्लेशण नगरी उक्त कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित शिक्षण सहयोग अनुदानमा शिक्षक नियुक्त गरी रु. ११३५९१४ भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.	११३५९१४	उक्त अनुदान शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधी २०७७ अनुसार उपलब्ध गराईएको र त्यस पश्चात निकासा भैसके पछि २०८१ मा उक्त कार्यविधी पुन संशोधन भएर आएको हुनाले अव उप्रान्त २०८१ को कार्यविधि अनुसार नै छनौट तथा अनुदान निकासा गर्ने सुझाव सहित नियमित गरिएको।

आ.व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	७४	यसरी पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन कार्यविधि विपरित कार्ययोजना स्वीकृत नगरी तथा संझौता वेगर श्री मसिना बाबा नरेन्द्रपुरी मा.वि.लाई अनुदान उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु.	४९६९२४	यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको तथा अव उप्रान्त कार्ययोजना स्वीकृत गराए पश्चात मात्र अनुदान उपलब्ध गराउने सुझाव सहित नियमित गरिएको।
०८०।८१	७५	श्री खुदावागर मा.वि.लाई रु. ४५ लाख उपलब्ध गराएको छ भने बिद्यालयले पेश गरेको कार्यक्रममा ४५ लाख मध्ये प्रोजेक्टर स्मार्ट बोर्ड, ल्यापटपमा रु. १८ लाख, फर्निचरमा रु. १५ लाख र बाँकी १२ लाख अन्य कार्यक्रममा खर्च गर्ने जनाएपनि विद्यालयले सार्वजनिक खरिद ऐन नियमको प्रक्रिया वेगर सोझै फर्निचर र ICT मा केवल २० लाख २५ हजार मात्र खरिद गरी बाँकी २४ लाख ७५ हजार शिक्षकको तलब भत्तामा खर्च गरेको बील भरपाई पेश गरेको छ। । तसर्थ पालिकाले गुरुयोजना अनुसार खर्च गर्नुपर्ने वार्षिक कार्ययोजना स्वीकृत नगरी तथा विद्यालयसंग गुरुयोजना अनुसार खर्च गर्ने गरी पालिका र विद्यालय बीच सम्झौता वेगर कार्यान्वयन पुस्तिकाको प्रावधान विपरित शिक्षकको तलवमा उपलब्ध गराएको अनुदान रकम नियमसम्मत नदेखिएको रु.	२४७५०००	यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको र अव उप्रान्त गुरुयोजना अनुरुप नै खर्च गर्ने तथा सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्ने सुझाव सहित नियमित गरिएको।
०८०।८१	८२।१	तलब भत्तामा खर्च गरेको विवरण पेश गरेको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र वाहिर गई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	२२०००००	उक्त कलेज सामुदायिक रहेको र विद्यार्थिहरुबाट समेत न्युन शुल्क उठाउदा कलेज सन्चालन गर्न पनि अफ्ठ्यारो हुने गरेको र १ वटा मात्र कलेज रहेको हुनाले मौलिक हकको रुपमा रहेको शिक्षा सम्बन्धी हकको समेत हनन हुने भएकोले नगरसभाको निर्णय अनुसार भुत्तानी गरिएको हुँदा यसबाट कुनै पनि सरकारी हानी नोक्सानी समेत नभएको हुनाले नियमित गरिएको।
०८०।८१	८५	सबै किसिमका जिन्सी सामानहरू पाम्समा प्रविष्टी गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाको पाम्स बाट खरिद आदेश स्वीकृति नलिई सोझै वडा अध्यक्ष र वडा सचिवको वडा अनुसारको छुटै खरिद आदेश तयार गरी खरिद गरेको र सोको अभिलेख, खरिद आदेश तथा जिन्सी दाखिला पाम्स मा नभएको देखिन्छ। उक्त सामाग्रीहरु अनिवार्य रुपमा पाम्स मा दाखिला गर्नुपर्दछ। यसरी प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको तथा सोको अभिलेख पाम्स मा समेत नराखेको नियम सम्मत नदेखिएको रु.	३०९०२६३	वडा कार्यालय मार्फत पाम्समा दाखिला गरेको प्रमाण पेश भएको हुनाले नियममित गरिएको।

आ व	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौटको व्यहोरा
०८०।८१	८७	स्वामित्वकर्ताले व्यहोर्ने सम्बन्धमा उल्लेख भएको देखिदैन। उक्त घरमा वार्षिक घरभाडा सम्झौता अनुसार वसेकोमा घर धनीको स्वामित्वमा रहेको स्थानमा सभाहल बैठक कक्ष र शौचालय आदी संरचना निर्माण समेतका लागि देहाय अनुसार सम्झौता गरी कार्य सम्पन्न गरी रु.१९ लाख २२ हजार ५४१ भुक्तानी भएको छ। यसरी सरकारी श्रोत निजी स्वामित्वमा रहने गरी निर्माणकार्य गर्नु कानुन वमोजिम देखिदैन। नीजि स्वामित्वमा रहने स्थानमा निर्माण कार्य गरी व्ययभार वढाएको रु.	१०५२४०७	यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको ,कार्यालय सन्चालनका लागि बैठक कक्ष तथा शौचालय अनिवार्य रहेको साथै पालिकको आफ्नै भवन समेत नरहेको हुनाले उक्त संरचना सभाबाट बजेट विनियोजन भए पश्चात खर्च गरिएको हुनाले नियमित गरिएको।
०८०।८१	१०४	बोर जडान कार्यका लागि पालिकाले सूचना, सिंचित हुनुपर्ने जग्गाको क्षेत्रफल उल्लेख समेत गरेको देखिदैन। लाभग्राही छनौटका लागि सूचना, तथा माग संकलन गरी खरिद तथा जडान कार्य गर्नुपर्दछ। उक्त कार्य कार्यपालिका तथा वडाको निर्णय अनुसार कार्य गराएको छ। नमुना छनौटका आधारमा हेर्दा पालिकाले देहाय अनुसारका कार्यमा कृषक समुह छनौटका लागि सूचना नगरी सोझै कार्य गराएको, कार्यविधि बमोजिम सिंचित हुनुपर्ने जग्गाको क्षेत्रफल उल्लेख नगरेको तथा कार्यविधिमा तोकिएको अनुसार अनुदान सिमा भित्र हुने गरी लागत अनुमान तयार नगरी कार्य गराएको नियम सम्मत नदेखिएको रू.	३६४१०१७	यसबाट कुनै सरकारी हानी नोक्सानी नभएको साथै अव उप्रान्त प्रकृया गरी कार्यविधि अनुसार सन्चालन गर्न सुझाव सहित एक पटकका लागि नियमित गरिएको
८०।८१	१०७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय तहहरुमा ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गर्ने गरेको देखिन्छ। पालिकाले संघ समपुरकको कार्यक्रम तर्फ कन्टिन्जेन्सी बाहेक रु. ५३२७२५५। खर्च गरेकोमा सोबाट बढीमा ४ प्रतिशत खर्च गर्ने पाउनेमा सो आधारमा रु. २१३०९०।- खर्च गर्नुपर्नेमा रु. ६७०२७४। खर्च गरेकोले रु. ४५७१८३।०० बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत नदेखिएको रु.	६७०२७४	यसबाट कुनै सरकारी हानी नोक्सानी नभएको साथै अव उप्रान्त तोकिएको सिमाभित्र रही कन्टिन्जेन्सि खर्च गर्न सुझाव सहित एक पटकका लागि नियमित गरिएको।

नियमित गर्ने बेरुजु नियमित गरी फछ्यौटका लागि पेश भएको रकम रु. ४६८७८७६७

निर्णय नं. ८.२ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका लेखा समितिका संयोजक श्री रामभवन कुर्मी ज्युले यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आ. व. ०८१।८२ मा महालेखा परीक्षकको कार्यालयले औल्याएको बेरुजु सम्परीक्षण तथा नियमित गर्ने सम्बन्धमा दफावार छलफल भई पेश गरेको प्रस्ताव उपर छलफल गर्दा यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएका कारण अव उप्रान्त यस्ता प्रकृतिका व्यहोरा नदोहोर्याउने गरी देहाय अनुसारको बेरुजु फछ्यौट तथा नियमित गरी लगतकट्टाका लागि श्री महालेखा परीक्षकको कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

आ व	बेरुजुको दफा न	बेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछयौटको व्यहोरा
०८१।८२	१९	क्याम्पसलाई व्यवस्थापन अनुदान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने र सोही ऐनको दफा ११ (ज) अनुसार आधारभुत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले स्वीकृत बजेट तथा कार्यक्रमबाट अधिकार क्षेत्रभन्दा फरक हुने गरी गोश्वरा भौचर नं १२८३।०८१।११।२६ बाट वडा नं ९ मा रहेको स्वायत्त संस्था खुदाबागर आदर्श कलेजलाई व्यवस्थापन अनुदान वापत रु.१३,००,०००.०० निकासा भुक्तानी गरेको देखियो। पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने स्वायत्त संस्थालाई व्यवस्थापन अनुदान कार्यक्रम अन्तर्गत रकम भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.	१३००००	उक्त कलेज सामुदायिक रहेको र विद्यार्थिहरुबाट समेत न्युन शुल्क उठाउदा कलेज सन्चालन गर्न पनि अफ्ठ्यारो हुने गरेको र १ वटा मात्र कलेज रहेको हुनाले मौलिक हकको रुपमा रहेको शिक्षा सम्बन्धी हकको समेत हनन हुने भएकोले नगरसभाको निर्णय अनुसार भुत्तानी गरिएको हुँदा नियमित गरिएको।
०८१।८२	४०	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) (१) अनुसार सार्वजनिक निकायले एक्सरे वा एमआरआई जस्ता स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामान वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तीमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिश्पर्धा गराई खरिद गर्न सक्ने उल्लेख छ। पालिकाले क्याटलग सपिङ्ग विधिबाट डिजिटल एक्सरे मेशिन खरिद गरी गोश्वारा भौचर नं. ६६।०८१।८।१२ बाट रु.१८,४९,२५०.०० भुक्तानी गरेको छ। खरिद प्रकृयालाई प्रतिश्पर्धी र मितव्ययी हुने गरी खरिद व्यवस्थापन हुने सुनिश्चितता हुनु पर्दछ। प्रतिश्पर्धात्मक रुपमा खरिद कार्य भएको पुष्टी नभएकोले खरिद कार्यको भुक्तानी नियमसम्मत नदेखिएको रु.	१८४९२५०	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) (१) अनुसार सार्वजनिक निकायले एक्सरे वा एमआरआई जस्ता स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामान वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तीमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिश्पर्धा गराई खरिद गर्न सक्ने व्यवस्था अनुरुप सोही अनुरुप नै क्याटलग सपिङग विधिबाट खरिद गरिएको र सार्वजनिक सुचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी खरिद गरिएको र यसबाट कुनै पनि सरकारी हानी नोक्सानी नभएको तथा स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा स्वास्थ्य सेवा विस्तारका लागि प्रकृया अनुरुप नै खरिद गरिएको हुनाले नियमित गरिएको।

८१।८२	२३	तालिमको खर्च मापदण्ड नमुना नछौटका आधारमा परीक्षण गर्दा पालिकाबाट सञ्चालन भएका देहाय बमोजिमका सिपमूलक तथा अन्य तालिमहरुमा खर्च गर्दा मापदण्डमा व्यवस्था गरेकोभन्दा फरक ढंगले वा तोकेको दरभन्दा बढी दरले प्रशिक्षकको पारिश्रमिक भुक्तानी भएको देखिएकोले बढी पाउने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.	३६४६४८	महालेखापरीक्षकको कार्यालयले औल्याएको बेरुजु नेपाल सरकार अन्तर्गतका तालिमकेन्द्र तथा प्रतिष्ठानहरुद्वारा सन्चालन गरिने तालिम सेमिनार गोष्ठि लगायतको नम्स अनुसार रहेको र तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिक वापत उल्लेख भएको दरेरट अनुसार सेसन अनुसार उपलब्ध गराईएको हुनाले नियमित गरिएको।

नियमित गर्ने बेरुजु नियमित गरी फछ्यौटका लागि पेश भएको रकम रु. ३१४९२५०

असुल गर्ने बेरुजु नियमित गरी फछ्यौटका लागि पेश भएको रकम रु ३६४६४८

प्रस्ताव नं.९ कार्यपालिकाका निर्णय तथा खर्च अनुमोदन सम्बन्धमा।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष ०८२।८३ मा नगर कार्यपालिकाको बोर्ड बैठकले गरेका सम्पुर्ण निर्णय तथा यस नगरपालिकाबाट भएका सम्पुर्ण खर्च सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१० अधिकार प्रत्यायोजन सम्बन्धमा।

निर्णय नं. १०.१ प्रस्ताव नं. १० माथि छलफल गर्दा नगरसभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सिमा सहित कार्ययोजना बनाई कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०.२ प्रस्ताव नं. १० माथि छलफल गर्दा नगरपालिकालाई आवश्यक पर्ने विभिन्न नियम तथा कार्यविधि स्वीकृत गर्ने र विभिन्न समिति तथा उपसमिति गठन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १०.३ प्रस्ताव नं. १० माथि छलफल गर्दा संघीय, प्रदेश सरकारबाट वित्तीय बाँडफाँड तथा अन्य प्रकृयाबाट हस्तान्तरण तथा थप भई आउने बजेट तथा कार्यक्रमको विनियोजन तथा खर्च गर्ने अधिकार नगरपालिकालाई प्रत्यायोजन गर्नका लागि स्वीकृत दिने निर्णय गरियो।

प्रस्ताव नं.११ मुल्याङ्कन समिति गठन सम्बन्धमा।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा सन्चालन हुने विकास निर्माण कार्य योजना तथा अन्य खरिद कार्यको बोलपत्र मुल्याङ्कनका लागि देहाय बमोजिमको बोलपत्र मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

देहाय

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : प्राविधिक शाखा प्रमुख

प्रस्ताव नं.१२ खरिद समिति गठन सम्बन्धमा ।

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा सन्चालन हुने विकास निर्माण कार्य योजना तथा अन्य खरिद कार्यलाई पारदर्शि, वस्तुनिष्ठ एवं विश्वसनीय बनाउन एवं बार्षिक खरिद योजना बनाई खरिद सम्बन्धी कार्य गर्ने/गराउने प्रयोजनका लागि देहायका पदाधिकारी रहने गरी खरिद समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर सातौ वा आठौ तहको कर्मचारी १ जना : संयोजक

इन्जिनियर मुल्याङ्कन समिति बाहेकको १ जना : सदस्य

जिन्सि शाखा प्रमुख : सदस्य सचिव

प्रस्ताव नं.१३ बैठक भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगरसभा, नगरकार्यपालिकाको बैठक, वडा समिति बैठक, विभिन्न विषयगत समितिको बैठक,मुल्याङ्कन समिति बैठक भत्ता लगायत आवश्यकतानुसार बसेका विभिन्न बैठकमा सहभागि हुने पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१४ दररेट निर्धारण सम्बन्धमा ।

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ व ०८३।८४ को लागि लुम्बिनी साँस्कृतिक नगरपालिका भरी लागु हुने गरी निर्माण सामाग्री एवं ढुवानीको दररेट मेसिन तथा उपकरणको भाडा कामदारहरुको ज्याला सम्बन्धमा जिल्ला दररेट निर्धारण समिति रुपन्देहीको आर्थिक बर्ष ०८३।८४ को स्वीकृत जिल्ला दररेटलाई नै आधार मानी विकास निर्माण कार्य सन्चालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१५ गत आर्थिक बर्षको दायित्व भुत्तानी सम्बन्धमा ।

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा आ व ०८२।८३ मा बजेट अभावका कारण भुत्तानी हुन नसकेका विभिन्न योजना, कार्यक्रम तथा खरिद एवं मर्मत सम्बन्धी फाईलहरुको भुत्तानी बजेटमा व्यवस्था गरी भुत्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १६ करार तथा ज्यालादारी र परामर्श सेवाका कर्मचारीहरुको आर्थिक वर्ष ०८३।८४ मा उपलब्ध गराईने तलव भत्ता/ तलवी प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१६ : प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा कार्यरत तपसिल अनुसारका करार तथा ज्यालादारी र परामर्श सेवाका कर्मचारीहरुको आर्थिक वर्ष ०८३।८४ तलव भत्ता/ तलवी प्रतिवेदन पद अनुसार देहाय बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।साथै आर्थिक बर्ष ०८३।८४ को साउन देखि लागु हुने गरी नेपाल सरकारले वृद्धि गरेको तलव तथा भत्ता नगरपालिकाको आन्तरिक श्रोत न्युन रहेका कारण वृद्धि नगर्ने र कार्यक्रम तर्फ संघीय सरकार र प्रदेश सरकारबाट तलवभत्ता पाउने कर्मचारीहरुको हकमा बजेटको अवस्था हेरी सोही अनुसार गर्ने निर्णय सर्वसम्मतिबाट निर्णय गरियो ।

देहाय

क्र स	पद/तह	सेवा/समुह	शुरु तलव स्केल	तलव बार्षिक	चाडपर्व खर्च बार्षिक	पोषाक बार्षिक	अन्य भत्ता बार्षिक	जम्मा
१	मेडिकल अधिकृत आठौ	स्वास्थ्य	४८७३७	५८४८४४	४८७३७	१००००	०	६४३५८१
२	इन्जिनियर छैठौ वा छैठौ तहका कर्मचारी	इन्जि/सिभिल	४३६८९	५२४२६८	४३६८९	१००००	०	५७७९५७
३	सब इन्जिनिरयर पाँचौ वा पाँचौ तहका कर्मचारीहरु	इन्जि/सिभिल	३४७३०	४१६७६०	३४७३०	१००००	०	४६१४९०
४	कम्प्युटर अपरेटर पाँचौ वा अन्य पाँचौ तहका कर्मचारीहरु	विविध	३४७३०	४१६७६०	३४७३०	१००००	०	४६१४९०
५	सहायक कम्प्युटर अपरेटर/ अनमि/अहेव चौथो	विविध	३२९०२	३९४८२४	३२९०२	१००००	०	४३७७२६
६	लेखा सहयोगी चौथो	विविध	३२९०२	३९४८२४	३२९०२	१००००	०	४३७७२६
७	समन्वयकर्ता चौथो	विविध	३२९०२	३९४८२४	३२९०२	१००००	०	४३७७२६
८	अमिन	इन्जि/सर्भे	३२९०२	३९४८२४	३२९०२	१००००	०	४३७७२६
९	सहायक नगर प्रहरी निरीक्षक	विविध	३२८५६	३९४२७२	३२८५६	१००००	६४९९२	५०२१२०
१०	प्रहरी जवान	विविध	२६०८२	३१२९८४	२६०८२	१००००	६४९९२	४१४०५८
११	ल्याव असिस्टेन्ट चौथो	ल्या. टे	३२९०२	३९४८२४	३२९०२	१००००		४३७७२६
१२	हेवि सवारी चालक	श्रेणीविहिन	२९७२८	३५६७३६	२९७२८	१००००		३९६४६४
१३	हलुका सवारी चालक	श्रेणीविहिन	२७६१२	३११३४४	२७६१२	१००००		३६८९५६
१४	सरसफाई सुपरभाइजर	श्रेणीविहिन	२२०५०	२६४६००	२२०५०	१००००		२९६६५०
१५	कार्यालय सहयोगी	श्रेणीविहिन	२४७०२	२९६४२४	२४७०२	१००००		३३११२६
१६	गार्ड	श्रेणीविहिन	१८०००	२१६०००	१८०००	१००००		२४४०००
१७	सरसफाई कर्मी न पा	श्रेणीविहिन	१८०००	२१६०००	१८०००	१००००		२४४०००
१८	इलेक्ट्रिसियन	श्रेणीविहिन	२००००	२४००००	२००००	१००००		२७००००
१९	प्लम्बर	श्रेणीविहिन	२००००	२४००००	२००००	१००००		२७००००
२०	ट्वाइलेट हेरालु	श्रेणीविहिन	१००००	१२००००	०	०		१२००००

नोट: ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई चाडपर्व खर्च र पोषाक भत्ता उपलब्ध गराईने छैन। साथै २४ घण्टा ड्युटिमा खटिने कर्मचारीहरुका लागि सम्झौतामा उल्लेख भए अनुसारको राशन भत्ता उपलब्ध गराउन यस निर्णयले कुनै बाधा गर्ने छैन। तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई माथि उल्लेखित तलब तथा सुविधा मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं १७ विभिन्न समिति गठन सम्बन्धमा।

निर्णय नं.१७ : प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक बर्ष ०८३।८४ का लागि तपसिल अनुसारका न्यायिक समिति,विधायन समिति, लेखा समिति र अन्य विषयगत समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

क्र.सं.	समितिको नाम	नाम	पद
१	न्यायिक समिति	श्री कल्पना हरिजन	संयोजक
		श्री अहमद हुसेन	सदस्य
		श्री अब्दुल मन्नान	सदस्य
२	सामाजिक विकास समिति	हरि केश लोध	संयोजक
		रुबिना खातुन	सदस्य
		विक्रम प्रसाद लोध	सदस्य
		अब्दुल मन्ना	सदस्य
		सामाजिक विकास शाखा प्रमुख	सदस्य सचिव
३	पूर्वाधार विकास विकास समिति	नईमुल हक मुसलमान	संयोजक
		चन्ना धोवी	सदस्य
		लोकई कहार	सदस्य
		तुलसा भुषाल	सदस्य
		पूर्वाधार शाखा प्रमुख	सदस्य सचिव
४	आर्थिक विकास समिति	अक्रमुद्दीन नाउँ मुसलमान	संयोजक
		हुसेनी लोध	सदस्य
		चन्द्रकली सापकोटा	सदस्य
		महबुब अलि मिया	सदस्य
		पशु सेवा शाखा प्रमुख	सदस्य सचिव
५	सुशासन तथा सेवा प्रवाह समिति	राजेन्द्र जैसवाल	संयोजक
		अशु लोध	सदस्य
		मनिरख लोध	सदस्य
		भोला बनिया	सदस्य
		प्रशासन शाखा	सदस्य सचिव
६	विधायन समिति	एलेक्सन मुसलमान	संयोजक
		अब्दुल मन्नान	सदस्य
		दामोदर लोध	सदस्य
		तारामती चमार	सदस्य
		त्रिभुवन यादव	सदस्य
७	लेखा समिति	राम भवन कुर्मी	संयोजक
		बिक्रम प्रसाद लोध	सदस्य
		शिव प्रसाद पाण्डे	सदस्य

प्रस्ताव नं. १८ घरभाडा वृद्धि गरी निरन्तरता सम्बन्धमा ।

निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासनिक कार्य सञ्चालन गर्नका लागि नरेन्द्रमान डंगोलको घर भाडामा लिईएकोमा आर्थिक वर्ष ०८३।८४ को साउन १ गते देखि लागु हुने गरी शुरु सम्झौता रकमको ५ प्रतिशत भाडा वृद्धि गरी सम्झौता गर्ने र निरन्तरता दिने निर्णय गरियो ।

प्रस्ताव नं. १९ योजना सञ्चालन सम्बन्धमा

निर्णय नं. १९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत रहेको वडा नं. १० को वडा कार्यालय निर्माणका लागि ६० प्रतिशत जिल्ला समन्वय समिति रुपन्देहीबाट र ४० प्रतिशत नगरपालिकाको म्याचिङ्ग फण्डमा छुट्याईएको बजेटबाट साझेदारी गर्ने गरी उक्त योजना सञ्चालन गर्न प्रतिबद्धता सहित आवश्यक कारवाही अगाडी बढाउनका लागि जिल्ला समन्वय समितिलाई सम्झौताका लागि लेखि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. २० कानुनी सल्लाहकारको निरन्तरता सम्बन्धमा ।

निर्णय नं. २० प्रस्ताव नं. २० माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा कानुनी सल्लाहकारको रुपमा कार्यरत अधिवक्ता श्री शेषमणि पोखरेललाई मासिक रु ३०००० मा नियमानुसार कर कट्टी गरी २०८४ असार मसान्त सम्मलाई निरन्तरता दिने निर्णय गरियो ।

प्रस्ताव नं. २१ प्लम्बर तथा इलेक्ट्रिसियन राख्ने सम्बन्धमा ।

निर्णय नं. २१ प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा विद्युत धारा पानी लगायतका प्लम्बर र इलेक्ट्रिसियन सम्बन्धी कार्यका लागि मासिक २०००० उपलब्ध गराउने गरी ज्यालादारीमा राख्ने निर्णय गरियो ।

प्रस्ताव नं. २२ सूचना प्रविधि अधिकृतको सेवा सुविधा सम्बन्धमा ।

निर्णय नं. २२ प्रस्ताव नं. २२ माथि छलफल गर्दा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम; कार्यक्रम समन्वय इकाईको सूचना प्रविधि अधिकृत सेवा करार सम्बन्धमा प्राप्त पत्रानुसार तोकेबमोजिमको पद तथा सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. २३ ज्यालादारी कर्मचारीहरुको विदा सम्बन्धमा ।


निर्णय नं. २३ प्रस्ताव नं. २३ माथि छलफल गर्दा यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा कार्यरत ज्यालादारी कर्मचारीहरुलाई शनिबार र विदामा बस्नै पर्ने सार्वजनिक विदा वाहेकका अन्य सार्वजनिक विदामा समेत काममा लगाउन कुनै बाधा नपर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २४ तलब भत्ता साझेदारी गर्ने सम्बन्धमा ।

निर्णय नं. २४ प्रस्ताव नं. २४ माथि छलफल गर्दा नेपाल सरकारको निर्णय अनुसार विगत देखि एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत यसै नगरपालिकामा कार्यरत कर्मचारी, पञ्जिकरण शाखा अन्तर्गत कार्यरत कर्मचारी, सुचना प्रविधी अधिकृत लगायत सशर्त अनुदान र नगरपालिकाको साझेदारीमा तलब खाने गरी सम्झौता गरिएका कर्मचारीहरूको बाँकी नपुग रकम नगरपालिकाबाटै उपलब्ध गराउने निर्णय गरियो ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिजको विवरण

क. संगठन संरचना



नोट:

१. नगरपालिकाको अस्थायी संगठन संरचना अन्तर्गत प्रशासन योजना तथा अनुगमन शाखा तर्फ र अन्य शाखाको लागि १/१ गरी कम्प्युटर अपरेटर पाचौ ३,आर्थिक प्रशासन शाखा तर्फ लेखा सहयोगी चौथो १, आर्थिक विकास शाखा अन्तर्गत रहने गरी पर्यटन तथा समन्वय शाखामा समन्वयकर्ता चौथो १,हेवी सवारी चालक ३, हलुका सवारी चालक ९, कार्यालय सहयोगी १०, स्वीपर २ जना, सरसफाई अध्ययन केन्द्र तर्फ सरसफाई सुपरभाईजर १, सरसफाईकर्ता १५, सुरक्षा गार्ड २, नगर प्रहरी निरीक्षक १, प्रहरी सहायक निरीक्षक/नायब प्रहरी निरीक्षक १, र नगर प्रहरी जवान १३ जना गरी जम्मा ६२ जना सेवा करार वा आउटसोर्सिङ वा परामर्श सेवा वा ज्यालादारी तर्फ रहने गरी कार्यको प्रकृति र आवश्यकताको विश्लेषणका आधारमा अस्थायी दरवन्दी तेरिज कायम गरिएको छ ।

२. नगरपालिकाको वडा कार्यालय तर्फको अस्थायी संगठन संरचना अन्तर्गत कम्प्युटर अपरेटर पाँचौ १३ ,सहायक कम्प्युटर अपरेटर चौथो १३ र कार्यालय सहयोगी १३ गरी जम्मा ३९ जना सेवा करार वा आउटसोर्सिङ वा परामर्श सेवा वा ज्यालादारी तर्फ रहने गरी कार्यको प्रकृति र आवश्यकताको विश्लेषणका आधारमा अस्थायी दरवन्दी तेरिज कायम गरिएको छ ।

३. नगरपालिकाको स्वास्थ्य संस्थाको अस्थायी संगठन संरचना अन्तर्गत ४ वटा आधारभुत स्वास्थ्य केन्द्रमा अनमि /स्टाफ नर्स १/१ जनाका दरले ४ जना, अहेब/हेज प्रत्येकमा १/१ जनाका दरले ४ जना र कार्यालय सहयोगी प्रत्येकमा १/१ जनाका दरले ४ जना गरी जम्मा १२ जना, शहरी स्वास्थ्य केन्द्र तर्फ अहेब/हेअ१ जना, अनमि /स्टाफ नर्स १ र कार्यालय सहयोगी १ जना गरी ३ जना ,नागरिक आरोग्य केन्द्र मा १ जना कविराज पाँचौ र कास १ गरी २ जना र लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र तर्फ रेडियोग्राफर ५ औ १ जना,स्वीपर २,पाले २ र ८ वटा स्वास्थ्य संस्थामा ९ वटा कार्यालय सहयोगी गरी जम्मा ३१ जना सेवा करार वा करार सेवा वा आउटसोर्सिङ वा परामर्श सेवा वा ज्यालादारी तर्फ रहने गरी कार्यको प्रकृति र आवश्यकताको विश्लेषणका आधारमा अस्थायी दरवन्दी तेरिज कायम गरिएको छ।

ख. दरवन्दी तेरिज

लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही

नगर कार्यपालिकाको स्वीकृत दरवन्दी तेरिज

क्र.सं.	पद	तह	सेवा	समूह	स्वीकृत दरवन्दी	प्रस्तावित दरवन्दी		कुल कायम हुने दरबन्दी
						थप	घट	
१	प्रमुख प्रशासकीय अधिकृत	१० औ	प्रशासन	सा.प्र.	१			१
२	शिक्षा निर्देशक/वरिष्ठ शिक्षा निर्देशक	९/१० औं	स्थानीय शिक्षा	शि.प्र.	१			१
३	डिभिज्नल इन्जिनियर/वरिष्ठ डिभिज्नल ईन्जिनियर	९/१० औं	स्थानीय इन्जि.	सिभिल	१			१
४	प्रसाशकिय अधिकृत/वरिष्ठ प्रशासकिय अधिकृत	७/८ औं	स्थानीय प्रशासन	सा.प्र.	४			४
५	लेखा अधिकृत /वरिष्ठ लेखा अधिकृत	७/८ औं	स्थानीय प्रशासन	लेखा	१			१
६	शिक्षा अधिकृत/वरिष्ठ शिक्षा अधिकृत	७/८ औं	स्थानीय शिक्षा	शि.प्र.	१			१
७	जन स्वास्थ्य अधिकृत/वरिष्ठ जनस्वास्थ्य अधिकृत	७/८ औं	स्थानीय स्वास्थ्य	हे. ई.	१			१
८	इन्जिनियर /वरिष्ठ इन्जिनियर	७/८ औं	स्थानीय इन्जि.	सिभिल / वि आ	२			२
९	आ. ले. प. सहायक/ आ.ले.प अधिकृत	५/६ औं	स्थानीय प्रशासन	लेखा	१			१
१०	हेल्थ असिष्टेन्ट/जनस्वास्थ्य निरीक्षक/सि अ हे व अधिकृत/ स्वास्थ्य अधिकृत/जनस्वास्थ्य अधिकृत	५/६/७औ	स्थानीय स्वास्थ्य	हे ई	१			१
११	कम्युनिटी/स्टाफ नर्स/कम्युनिटी नर्सिङ्ग निरीक्षक/वरिष्ठ कम्युनिटी निर्सिङ्ग निरीक्षक	५/६/७ औ	स्थानीय स्वास्थ्य	ज न र ल नर्सिङ्ग/ कम्युनिटी नर्सिङग	१			१
१२	वरिष्ठ प्रशासन सहायक/ सहायक प्रशासकीय अधिकृत	५/६ औं	स्थानीय प्रशासन	सामान्य प्रशासन	५		०	५
१३	सव ईन्जिनियर/प्राविधिक अधिकृत	५/६ औं	स्थानीय इन्जि.	सिभिल	२			२
१४	शिक्षा सहायक/सहायक शिक्षा अधिकृत	५/६ औं	स्थानीय शिक्षा	शिक्षा प्रशासन	१	१		२

१५	लेखापाल/सहायक लेखा अधिकृत	५/६ औं	स्थानीय प्रशासन	लेखा	१	०		१
१६	कम्प्युटर अपरेटर/सहायक कम्प्युटर अधिकृत	५/६ औं	स्थानीय प्रशासन	विविध	१			१
१७	महिला विकास निरीक्षक/सहायक महिला विकास अधिकृत	५/६ औं	स्थानीय प्रशासन	विविध	१	०		१
१८	सहलेखापाल	४ औ	स्थानीय प्रशासन	लेखा	१	०		१
१९	सहायक महिला विकास निरीक्षक	४ औ	स्थानीय प्रशासन	विविध	१	०	०	१
२०	अमिन	४ औ	स्थानीय ईन्जिनियरिङ्ग	सर्भे	१	१	०	२
२१	प्रशासन सहायक	४ औ	स्थानीय प्रशासन	सा प्र	३	०	०	३
कार्यालय तर्फ जम्मा					३२	२	०	३४

नोट: नगरपालिकाको अस्थायी संगठन संरचना अन्तर्गत प्रशासन योजना तथा अनुगमन शाखा तर्फ र अन्य शाखाको लागि १/१ गरी कम्प्युटर अपरेटर पाचौ ३, आर्थिक प्रशासन शाखा तर्फ लेखा सहयोगी चौथो १, आर्थिक विकास शाखा अन्तर्गत रहने गरी पर्यटन तथा समन्वय शाखामा समन्वयकर्ता चौथो १, हेवी सवारी चालक ३, हलुका सवारी चालक ९, कार्यालय सहयोगी १०, स्वीपर २ जना, सरसफाई अध्ययन केन्द्र तर्फ सरसफाई सुपरभाईजर १, सरसफाईकर्ता १५, सुरक्षा गार्ड २, नगर प्रहरी निरीक्षक १, प्रहरी सहायक निरीक्षक/नायव प्रहरी निरीक्षक १, र नगर प्रहरी जवान १३ जना गरी जम्मा ६२ जना सेवा करार वा आउटसोर्सिङ्ग वा परामर्श सेवा वा ज्यालादारी तर्फ रहने गरी कार्यको प्रकृति र आवश्यकताको विश्लेषणका आधारमा अस्थायी दरवन्दी तेरिज कायम गरिएको छ।

वडा कार्यालय (१३ वटा)

१	वरिष्ठ प्रशासन सहायक/सहायक प्रशासकिय अधिकृत	५/६ औं	स्थानीय प्रशासन	सा.प्र.	६	6
२	प्रशासन सहायक	४ औ	स्थानीय प्रशासन	सा प्र	७	7
३	सव-इन्जिनियर/ प्राविधिक अधिकृत	५/६ औं	स्थानीय इन्जि.	सिभिल	६	6
4	असिष्टेन्ट सव ईन्जिनियर/प्राविधिक सहायक	४ औ	स्थानीय इन्जि.	सिभिल	७	7
वडा कार्यालय तर्फ जम्मा				**२६**		**२६**
न. पा. र वडा कार्यालयको कुल जम्मा				**५८**	**२**	**६०**
नोट: नगरपालिकाको वडा कार्यालय तर्फको अस्थायी संगठन संरचना अन्तर्गत कम्प्युटर अपरेटर पाँचौ १३. सहायक कम्प्युटर अपरेटर चौथौ १३ र कार्यालय सहयोगी १३ गरी जम्मा ३९ जना सेवा करार वा आउटसोर्सिङ्ग वा परामर्श सेवा वा ज्यालादारी तर्फ रहने गरी कार्यको प्रकृति र आवश्यकताको विश्लेषणका आधारमा अस्था यी दरवन्दी तेरिज कायम गरिएको छ।						

कृषि तथा पशुपन्छी विकास तर्फको दरबन्दी

क्र.सं.	पद	तह	सेवा	समूह	जम्मा			जम्मा
१	कृषि विकास अधिकृत/ वरिष्ठ कृषि विकास अधिकृत	७/८ औं	स्थानीय कृषि	वागवानी / वाली संरक्षण र वाली विकास	१			१
२	पशु चिकित्सक वरिष्ठ पशु चिकित्सक	७/८ औं	स्थानीय कृषि	भेटेरिनरी	१			१
३	कृषि प्राविधिक/ सहायक कृषि विकास अधिकृत	५/६ औं	स्थानिय कृषी	वागवानी / वाली संरक्षण र वाली विकास	२			२
४	पशु स्वास्थ्य प्राविधिक	५/६ औं	स्थानीय कृषी	भेट	२			२
५	पशु स्वास्थ्य प्राविधिक / पशु स्वास्थ्य अधिकृत	५/६ औं	स्थानीय कृषी	लापोडेडे	१			१
६	मत्स्य प्राविधिक / सहायक मत्स्य विकास अधिकृत	५/६ औं	स्थानीय कृषि	मत्स्य	१			१
७	सहायक पशु विकास प्राविधिक	४ औं	स्थानीय कृषि	लापोडेडे	२			२
८	सहायक पशु विकास प्राविधिक	४ औं	स्थानीय कृषि	भेटेरिनरी	२			२
९	सहायक कृषि प्राविधिक	४ औं	स्थानीय कृषि	वागवानी / वाली संरक्षण र वाली विकास	१			१
जम्मा					**१३**	०	०	**१३**
नगरपालिका,वडा कार्यालय र कृषि पशु समेतको कुल जम्मा					**७१**	२		**७३**

स्वास्थ्य संस्था तर्फ

क्र.सं.	पद	तह	सेवा	समूह	दरबन्दी	प्रस्तावित	जम्मा	कै.
						थप	घट	
१	मेडिकल अधिकृत	८ औं	स्थानीय स्वास्थ्य	ज.हे.स.	१			१
२	हे अ नि/ज स्वा नि/ ज स्वा अ/ स्वा अ	५/६/७ औं	स्थानीय स्वास्थ्य	हे.ई.	८			८

क्र.सं.	पद	तह	सेवा	समूह	दरबन्दी	प्रस्तावित	जम्मा	कै.
						थप	घट	
३	कम्युनिटी/स्टाफ नर्स/ कम्युनिटी नर्सिङ्ग निरीक्षक/वरिष्ठ कम्युनिटी निर्सिङ्ग निरीक्षक	५/६/७ औं	स्थानीय स्वास्थ्य	क.न.नि/ क.न.	१			१
५	अ.हे.ब./ सि.अ.हे.ब./ हे अ/सि अ हे व अधिकृत	४/५/६ औं	स्थानीय स्वास्थ्य	हे इ	२४			२४
६	अ.न.मी. /सि.अ.न.मी./ सि अनमि निरीक्षक	४/५/६औं	स्वास्थ्य	क.न.नि/ क.न.	१७			१७
८	ल्याव असिष्टेन्ट/ व ल्या अ/ ल्या अ नि	५/६/७ औं	स्वास्थय	मे. ल्या.टे.	१			१
जम्मा					५२			५२

नोट: नगरपालिकाको स्वास्थ्य संस्थाको अस्थायी संगठन संरचना अन्तर्गत ४ वटा आधारभुत स्वास्थ्य केन्द्रमा अनमि /स्टाफ नर्स १/१ जनाका दरले ४ जना, अहेव/हेअ प्रत्येकमा १/१ जनाका दरले ४ जना र कार्यालय सहयोगी प्रत्येकमा १\१ जनाका दरले ४ जना गरी जम्मा १२ जना, शहरी स्वास्थ्य केन्द्र तर्फ अहेव/हेअ १ जना, अनमि /स्टाफ नर्स १ र कार्यालय सहयोगी १ जना गरी ३ जना , नागरिक आरोग्य केन्द्र मा १ जना कविराज पाँचौ र कास १ गरी २ जना र लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र तर्फ रेडियोग्राफर ५ औ १ जना,स्वीपर २, पाले २ र ८ वटा स्वास्थ्य संस्थामा ९ वटा कार्यालय सहयोगी गरी जम्मा ३१ जना सेवा करार वा करार सेवा वा आउटसोर्सिङ्ग वा परामर्श सेवा वा ज्यालादारी तर्फ रहने गरी कार्यको प्रकृति र आवश्यकताको विश्लेषणका आधारमा अस्थायी दरवन्दी तेरिज कायम गरिएको छ।

लुम्बिनी साँस्कृतिक नगरपालिकाको खर्च मापदण्ड- २०८३

क्र.सं.	विवरण	दर	स्पष्टीकरण / कैफियत
१	तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकको पारिश्रमिक क) अधिकृतस्तरको तालिम		• एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनुपर्दछ। • कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको प्रबन्ध सम्झनुपर्दछ, पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामग्रीको छायाप्रति कार्यपत्र हुँदैन। • सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ। • जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यत्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको (आफ्नो घर वा साविकको बसोबास स्थलबाट दैनिक ओहोर–दोहोर गर्न नभ्याइने ४ कोष भन्दा बढी भई) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ।
	• कार्यपत्र /Handout बापत	१०००।–	
	• कक्षा सञ्चालन बापत	६००।–	
	ख) सहायकस्तर/अन्य तालिम		
	• कार्यपत्र/Handout बापत	८००।–	
	• कक्षा सञ्चालन बापत	७००।–	
२	गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, अध्ययन आबद्धता जस्ता समारोह उद्घाटन, समापन खाजा/ सहभागीको खाजा (प्रति व्यक्ति प्रति दिन) विभिन्न विशिष्ट व्यक्तिहरूलाई यस्ता समारोहमा आमन्त्रण गरिएको अवस्थामा यस्ता सबै व्यक्तिहरूको खाजा, खाना खर्च वापत प्रति कार्यक्रम बढीमा एकमुष्ट रू.3000।- सम्म खर्च गर्न सकिनेछ। तर विशिष्ट व्यक्तिहरूको उपस्थिति भएको प्रमाणित हुनु पर्नेछ।	३००।–	• संयोजक, स्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारीलाई समेत

क्र.सं.	विवरण	दर	स्पष्टीकरण / कैफियत
३	मसलन्द क) गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाका लागि		• प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्ड मार्कर, पारदर्शक पाना, कार्यपत्रको छायाप्रति, मेटाकार्ड, थमास्किङ टेप इत्यादि।
	• सहभागीका लागि प्रति सहभागी	१००।–	
	• प्रशिक्षण कार्यका लागि (प्रति कार्यक्रम)	२५००।–	
	ख) सीप विकास तथा अन्य तालिम कार्यक्रमका लागि		
	• सहभागीका लागि (७ कार्यदिनसम्म प्रति सहभागी)	५०।–	
	• सहभागीका लागि (७ कार्यदिन भन्दा बढी प्रति सहभागी)	७५।–	
	• प्रशिक्षण कार्यका लागि (७ कार्यदिनसम्म प्रति कार्यक्रम)	१५००।–	
	• प्रशिक्षण कार्यका लागि (३० कार्यदिनसम्म प्रति कार्यक्रम)	२०००।–	
	• प्रशिक्षण कार्यका लागि (३० कार्यदिन भन्दा बढी प्रति कार्यक्रम)	२५००।–	
	ग) अध्ययन/अवलोकन, अध्ययन आबद्धताका लागि		
	• सहभागीका लागि (जतिसुकै कार्यदिन भएपनि प्रति सहभागी)	४०।–	
४	संयोजक भत्ता (अधिकतम १५ कार्यदिनसम्म प्रतिदिन) • १५ दिनपछि प्रतिदिन	४००।– २००।–	• एक कार्यक्रममा एक जना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछि र दुई जनासम्म सहयोगीलाई भत्ता दिन सकिनेछ। • संयोजक तालिम अवधिमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे पत संयोजकले पाउने भत्ता पाउनेछैन।
५	सहयोगी भत्ता (अधिकतम १५ कार्यदिनसम्म प्रतिदिन)	२००।–	
	• १५ दिनपछि प्रतिदिन	७५।-	
६	विविध (प्रमाण पत्र, पानी, सरसफाई, तुल इत्यादिका लागि)		
	• ७ कार्यदिनसम्म प्रति कार्यक्रम	२५००।–	
	• ३० कार्यदिनसम्म प्रति कार्यक्रम	४०००।–	
	• ३० कार्यदिन भन्दा बढी प्रति कार्यक्रम	५०००।–	
७	प्रशिक्षार्थी आवास खर्च (दैनिक भ्रमण भत्ता नपाएको खण्डमा खाजा खाना खर्च मात्र उपलब्ध गराउने)।	प्रचलित बजार अनुसारको भाडा दर	• तालिम आयोजना हुने स्थलमा कुनै सरकारी वा गैरसरकारी निकायको छात्रावास भएमा त्यस्तो निकायले तोकेको दरमा छात्रावास प्रयोग गर्न सकिने तर अल्पकालीन तालिमका लागि होटल वा सोही प्रयोजनलाई घरभाडामा लिई खर्च लेख्न नपाईने।

क्र.सं.	विवरण	दर	स्पष्टीकरण / कैफियत
८	तालिम सुविधा (तालिम कक्षा तथा भाडामा लिनुपर्ने उपकरणको भाडा)	प्रचलित बजारदर बमोजिम	
९	तालिम सामाग्री (कच्चा पदार्थ, नमूना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजार आदि)	प्रचलित बजारदर बमोजिम	
१०	वस्तुगत टेवा	4000।–	• वस्तुगत टेवा भन्नाले तालिमका सहभागीलाई प्राप्त सीप उपयोग कार्यमा अभिप्रेरित गर्न सहायता स्वरूप प्रदान गरिने वस्तु सम्झनुपर्दछ। जस्तै बाख्राको बाच्चा, मौरीको घार, पशु स्वास्थ्य परीक्षण किटजस्ता चीजवस्तु, साधन वा उपकरण आदि। • स्वीकृत कार्यक्रममा वस्तुगत टेवा प्रदान गर्ने गरी प्रष्ट व्यवस्था नभएकोमा वस्तुगत टेवा दिन मिल्दैन।
११	स्थलगत प्राविधिक परामर्शदाताको दैनिक भत्ता र भ्रमण तथा आवास खर्च क) नेपाल सरकारको कर्मचारीको हकमा	नियमानुसार द्वितीय तहको	• नियमानुसार भन्नाले भ्रमण खर्च नियमावली, २०६४ अनुसार सम्झनुपर्दछ।
			• द्वितीय तहको भन्नाले भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेखित द्वितीय तहको सम्झनुपर्दछ।
			• पुनर्अभ्यास कक्षामा एक स्थानमा जतिसुकै समूह भए पनि एक दिनको पारिश्रमिक दिइनेछ। समूहमा कम्तिमा तीनजना हुनुपर्दछ र एक दिनमा एक भन्दा बढी पुनर्अभ्यास कक्षाको पारिश्रमिक दिन मिल्दैन।
			• प्रति तालिम जति पटक परामर्श गरिए पनि अधिकतम रू.३००० वा द्वितीय तहको दरअनुसार हुने रकममा जुन कम हुन्छ सो मा नबढाई स्थलगत प्राविधिक परामर्श खर्च गर्न सकिनेछ।
	ख) अन्य	३००।–	
१२	प्रतिवेदकको पारिश्रमिक क) पारिश्रमिक (सम्मेलन, गोष्ठी र कार्यशाला) • एक दिनको कार्यक्रममा (एकमुष्ट)	१५००।–	• प्रतिवेदकको पारिश्रमिक प्रतिवेदन बुझाएपछि मात्र दिनु पर्दछ। प्रति कार्यक्रम रु.३०००।– भन्दा बढी हुनु हुँदैन। साथै तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक र खाजा/खाना खर्च दोहोरो सुविधा पाइने छैन।
	• एक दिन भन्दा बढीको कार्यक्रम भए थप प्रतिवेदन	१०००।–	
	ख) तालिमको प्रतिवेदकका लागि पारिश्रमिक (एकमुष्ट)	१०००।–	
	ग) खाना, बस्न (बास खर्च)	दै.भ्र. नियमानुसार	
	घ) खाजा	३००।–	

सहभागिता भत्ता

प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरूलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्नेछ। तर, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरूलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरूलाई निम्न अनुसारको सहभागी भत्ता र सहभागी भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ :

क्र.सं.	प्रयोजन	दर रकम (रु.)		स्पष्टीकरण
		जिल्ला बाहिर	जिल्लाभित्र	
१	दैनिक खाने बस्ने खर्च वापत (२१ कार्यदिनसम्मको तालिम)	१०००।-	१०००।-	• जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यत्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको (आफ्नो घर वा साविकको बसोबास स्थलबाट दैनिक ओहोर दोहोर गर्न नभ्याइने ४ कोसभन्दा बढी भई) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ।
२	२१ कार्य दिनभन्दा बढीको तालिम भए खाने बस्ने खर्च वापत मासिक	१२०००।-	१२०००।-	• तीस कार्यदिनभन्दा बढीको तालिम/गोष्ठी भएमा (सि.नं. २ वा ४ मध्ये जुन प्रयोजनको लागि हो सोमा उल्लिखित दरमा) दामासाहीले पाउने।
३	कार्यक्रमको तर्फबाट छात्रावासको व्यवस्था भएकोमा दैनिक खाना खर्च	६००।-	६००।-	• तालिम अवधिका लागि सहभागी भत्ता पाएकोमा दैनिक भत्ता वा आवास खर्च नपाउने।
४	छात्रावासको व्यवस्था भएकोमा १ महिना भन्दा बढी अवधिको भए खाना खर्च वापत मासिक	१००००।-	१००००।-	• कार्यक्रममा सहभागी हुने व्यक्तिले अन्य निकायबाट दै.भ्र. भत्ता पाउने भएमा सहभागी भत्ता नपाउने।
५	कार्यक्रमको तर्फबाट खाजा तथा खानाको व्यवस्था भएको तर आवासको व्यवस्था नभएकोमा	दैनिक भ्रमण भत्ताको २५%		• सात कार्यदिनसम्मको तालिम विदाको दिनमा पनि लगातार सञ्चालन गर्नुपर्ने।

द्रष्टव्यः

१. दैनिक भ्रमण भत्ता पाउने गरी जिल्ला बाहिरबाट कार्यक्रममा बोलावट भई सहभागी हुनेहरूलाई सहभागिता भत्ता दिनु हुँदैन।

२. प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरूलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्नेछ।

३. तर, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरूलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरूलाई निम्न अनुसारको सहभागी भत्ता र सहभागी भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ।

४. दैनिक भ्रमण भत्ता पाउने गरी जिल्ला बाहिरबाट कार्यक्रममा बोलावट भई सहभागी हुनेहरूलाई सहभागिता भत्ता दिनु हुँदैन।

५. सहभागीको आते जाते खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा (बस) वापतको न्यूनतम भाडा पाउने। सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी रु. ५००।- एकमुष्ट पाउनेछ।

६. नगरपालिकामा सञ्चालित सबै प्रकारका तालिम गोष्ठी सेमिनार लगायतका विभिन्न कार्यक्रमहरुमा खाना वापत सादा खाना रु. ३५०/- चिकन खाना रु. ४५०/- र मटन खाना रु. ५००/- सम्म खर्च गर्न सकिनेछ।

७. नगरपालिकामा सञ्चालित सबै प्रकारका तालिम गोष्ठी सेमिनार लगायतका विभिन्न कार्यक्रमहरुमा सहभागि भत्ता वापत प्रतिदिन अधिकतम रु. १०००/- सम्म सहभागि भत्ता उपलब्ध गराउन सकिनेछ। यसरी सहभागि भत्ता उपलब्ध गराएमा यातायात खर्च वापतको रकम उपलब्ध गराउने छैन।

आज मिति २०८३ असार १० गते बुधवार लुम्बिनी साँस्कृतिक नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री कल्पना हरिजनज्यूको अध्यक्षतामा १७ औं नगर सभामा (अधिवेशन) देहाय बमोजिमको उपस्थितिमा आ.व. २०८३/०८४ को लागि देहाय बमोजिमका नीति, कार्यक्रम तथा बजेट स्वीकृत तथा पारित गरी नगर सभा सम्पन्न भयो।

उपस्थिति

क.स	नाम	पद	हस्ताक्षर
१	श्री कल्पना हरिजन	कार्यवाहक नगर प्रमुख	
२	श्री तारा ज्ञवाली	प्रमुख प्रशासकीय अधिकृत	
३	श्री सुरज कलवार	अध्यक्ष वडा नं.१	
४	श्री मिना बारी	महिला सदस्य	मीना
५	श्री सुनिता चमार	दलित महिला सदस्य	सुनिता
६	श्री विनय कुमार श्रीवास्तव	सदस्य	विनय
७	श्री राम चन्द्र कुर्मी	सदस्य	
८	श्री इनामुल्लाह फकिर	अध्यक्ष वडा नं.२	
९	श्री सारधा चाई	महिला सदस्य	शारधा
१०	श्री अनारी चमार	दलित महिला सदस्य	अनारी
११	श्री त्रिभुवन अहिर	सदस्य	
१२	श्री भोला बानिया	सदस्य	
१३	श्री अकरमुद्दीन नाउँ मुसलमान	अध्यक्ष वडा नं.३	
१४	श्री चन्ना धोबी	कार्यपालिका सदस्य	चन्नो
१५	श्री साजिदा खातुन	महिला सदस्य	

१६	श्री राम भवन प्रसाद कुर्मी	सदस्य	
१७	श्री अहमद हुसेन	सदस्य	
१८	श्री विनोद कुमार श्रीवास्तव	अध्यक्ष वडा नं.४	
१९	श्री राजावती देवी बढई	महिला सदस्य	राजवती
२०	श्री शान्ति देवी चमार	दलित महिला सदस्य	शान्ती देवी
२१	श्री सुरेन्द्र पाल	सदस्य	
२२	श्री अब्दुल मन्नान	सदस्य	
२३	श्री खुर्सेद आलम मुसलमान	अध्यक्ष वडा नं.५	
२४	श्री ईशरावती पासी	द.म. सदस्य वडा ५	ईसरवती
२५	श्री एलक्सन मुसलमान	सदस्य वडा ५	
२६	श्री अब्दुल हक मुसलमान	सदस्य वडा ५	
२७	श्री बैटरी तेलीन	म. सदस्य वडा न. ५	बैटरी
२८	श्री नईमुल हक मुसलमान	अध्यक्ष वडा नं.६	
२९	श्री अकलिमुन निसा	म.सदस्य वडा वडा न. ६	अकलीमन
३०	श्री गुड्डी चमार	द.म. सदस्य वडा ६	गुड्डी
३१	श्री अब्दुल मोकिम मुसलमान	सदस्य वडा न. ६	
३२	श्री महबुब अलि मियाँ	सदस्य वडा न. ६	
३३	श्री धूप यादव	अध्यक्ष वडा नं.७	
३४	श्री राजमती लोध	म.सदस्य वडा न. ७	राजमती

३५	श्री रघुबीर गिरि	सदस्य वडा न. ७	
३६	श्री तारामती चमार	द.म. सदस्य वडा न. ७	तारामती
३७	श्री बम बहादुर कुर्मी	सदस्य वडा न. ७	
३८	श्री राजेन्द्र जयसवाल	अध्यक्ष वडा नं.८	
३९	श्री रुबीना मुसलमान	कार्यपालिका सदस्य वडा ८	
४०	श्री सत्तमी हरिजन	द. म. सदस्य वडा न. ८	सतमी
४१	श्री बउद प्रसाद यादव	सदस्य वडा न. ८	
४२	श्री सराजुल हक नाउँ मुसलमान	सदस्य वडा न. ८	
४३	श्री कमल अख्तर फकिर	अध्यक्ष वडा नं.९	
४४	श्री राजमती हरिजन	द.म. सदस्य वडा ९	राजमती
४५	श्री शिव प्रसाद पाण्डेय	सदस्य वडा न. ९	
४६	श्री उर्मिला चाई	सदस्य वडा न. ९	उर्मिला
४७	श्री रामजीत कोहार	सदस्य वडा न. ९	रामजीत
४८	श्री विनोद कहाँर	अध्यक्ष वडा नं.१०	
४९	श्री संजु पसी	सदस्य वडा न.१०	सन्जु
५०	श्री तुल्सा भुषाल	सदस्य वडा न.१०	
५१	श्री विक्रम प्रसाद लोध	सदस्य वडा न. १०	
५२	श्री किशोर यादव	सदस्य वडा न. १०	
५३	श्री अक्रमुद्दीन मुसलमान	अध्यक्ष वडा नं.११	

५४	श्री शिव प्रकाश यादव	सदस्य वडा न. ११	
५५	श्री हेदायतुल्लाह मुसलमान	सदस्य वडा न. ११	
५६	श्री विन्द्रावती चमार	द.म. सदस्य वडा न. ११	विन्द्रावती
५७	श्री चन्द्रकलि सापकोटा	कार्यपालिका सदस्य	चन्द्रकली
५८	श्री हरिकेश लोध	अध्यक्ष वडा नं.१२	
५९	श्री अंशु लोध	कार्यपालिका सदस्य वडा १२	अंशु लोध
६०	श्री दामोदर लोध	सदस्य वडा न. १२	दामोदर लोध
६१	श्री लोकई कोहार	सदस्य वडा न. १२	
६२	श्री राजमती हरिजन	सदस्य वडा न. १२	राजमती
६३	श्री सईद मुहम्मद खाँन	अध्यक्ष वडा नं.१३	
६४	श्री मायादेवी चमाईन	द.म.सदस्य वडा न. १३	माया
६५	श्री माया विश्वकर्मा	म.सदस्य वडा न.१३	माया
६६	श्री मनिरख लोध	सदस्य वडा न. १३	
६७	श्री काशिराम यादव	सदस्य वडा न. १३	
६८	श्री हुसेनी लोध	कार्यपालिका सदस्य	हुसेनी
६९	श्री हरिचन्द चमार	कार्यपालिका सदस्य	
७०	श्री सुधाखर हरिजन	कार्यपालिका सदस्य	सुधाकर